# बंगलाचुली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
दाङ, ५ नं. प्रदेश, नेपाल

# पार्श्वचित्र

२०७४ असार

# दुई शब्द

यस गाउँपालिकाको केन्द्र साविकको काभ्रे गा.वि.स.को कार्यालय, साविकका गा.वि.स.हरू स्यूजा, लोहारपानी, काभ्रे र हाँसीपुर समावेश गरी २०७३/११/२२ मा गाउँपालिका गठन गरिएपछि पहिलो प्रकाशित दस्तावेजको रूपमा आउन लागेको पार्श्वचित्र छोटो समयमै तयारी गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ ।

राज्यको पुनर्संरचनाको सिलसिलामा स्थापित यस गाउँपालिकाको यथार्थ विद्यमान अवस्था झल्काउने पार्श्वचित्र तयारीले गाउँको विकासको वर्तमान अवस्थालाई चित्रित गरेको छ । यस्तो चित्रणले आगामी दिनमा हामीले तर्जुमा गर्नुपर्ने नीति तथा कार्यक्रमहरूलाई प्राथमिकीकरण गरी हामीलाई उपलब्ध सीमित श्रोत तथा साधनको अधिकतम सदुपयोग गरी गाउँपालिका विकासलाई गति प्रदान गर्न अवश्य पनि सहयोग पुऱ्याउने आशा तथा विश्वास लिएको छु । यस अध्ययन प्रतिवेदनले प्राय: सबै क्षेत्र तथा वस्तुगत यथार्थलाई समेट्न प्रयास गरेको भएतापनि सीमित समय तथा स्रोत साधनको सीमाभित्र गरिएको अध्ययन आफैमा पूर्ण हुन सक्दैन । यसलाई समय सन्दर्भअनुसार परिष्कृत र परिमार्जित गर्ने दायित्व हाम्रो काँधमा आएको महशुस हामी सबैले गर्नु पर्ने हुन्छ ।

योजनावद्ध विकासको आधारको रूपमा रहने यो पार्श्वचित्र समयमै तयार गर्न लगाउने गाउँ कार्यपालिकाको सम्पूर्ण टिम, कार्यकारी अधिकृत तथा अन्य वडा तहमा महत्वपूर्ण जिम्मेवारी पुरा गर्ने कर्मचारी एवं निर्वाचित जनप्रतिनिधि लगायत तथ्याङ्क उपलब्ध गराउने सम्पूर्ण विषयगत कार्यालय, संघसंस्था तथा अन्य सबैमा गाउँपालिकाको तर्फबाट आभार प्रकट गर्न चाहन्छु । यसै गरी यो अध्ययन प्रतिवेदन समयमै सम्पन्न गर्ने इन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि. काठमाडौंलाई हार्दिक धन्यबाद दिन चाहन्छु ।

अन्तमा गाउँको विकासको आधार चित्र कोर्न यो प्रतिवेदन सहयोगी बनोस र दीर्घकालिन सोचका साथ अगाडि बढ्न हामी सबैलाई आधार प्राप्त होस् भन्ने शुभेच्छा प्रकट गर्दछु ।

अध्यक्ष

# मेरो दुई शब्द

दिगो र योजनाबद्ध विकासलाई अगाडि बढाउनका लागि गाउँको समग्र तथ्याङ्क आवश्यक पर्दछ । यसै आवश्यकतालाई मध्य नजर गरी गाउँपालिकाको पार्श्वचित्र तयार गरिएको छ । जसमा गाउँपालिकाका विभिन्न विषय समावेश गरिएको श्रोत नक्साहरू, विषयगत कार्यालयहरूबाट सङ्कलन गरिएका तथ्यहरूमा आधारित भई उपलब्ध भएसम्मका कृषि, शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, वन, सिंचाई, खानेपानी, विद्युत आदिका तथ्याङ्क समावेश गरी गाउँ पार्श्वचित्र तयारी गरिएको छ ।

यस गाउँपालिकाको अध्ययन गर्न चाहने विद्यार्थी, अनुसन्धानकर्ता, योजना निर्माणकर्ता तथा गाउँपालिकावासीहरूलाई पार्श्वचित्रले सूचना प्रदान गर्न सहयोग पुग्ने छ भन्ने मैले आशा लिएको छु । पार्श्वचित्रमा उल्लेखित विवरणमा गाउँपालिका राजनैतिक तथा प्रशासनिक विवरण छुट्टिने नक्सा, भू-वर्गीकरण तथा भू-उपयोग नक्साका साथै राष्ट्रिय जनगणना २०६८ का विविध पक्षहरू समावेश गरिएको छ ।

अन्तमा प्रस्तुत पार्श्वचित्र तयारी गर्ने सिलसिलामा सूचना संकलन गर्न प्रत्यक्ष र परोक्षरूपमा सहयोग गर्नु हुने सम्पूर्ण विषयगत कार्यालय, संघ/संस्था, सामाजिक परिचालक, वडा सचिवहरू, गाउँ कार्यपालिकाका कर्मचारीहरू, कार्यकारी अधिकृत तथा शुरुदेखि तथ्याङ्क संकलन, प्रशोधन गरी पार्श्वचित्रलाई यो रुप दिनुहुने परामर्शदाता श्री इन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि. काठमाडौँलाई विशेष धन्यबाद दिन चाहन्छु ।

उपाध्यक्ष

# मेरो भन्नु

कुनै पनि विकासको मार्ग तयार गर्ने योजनाको सही छनोट प्रभावकारी कार्यान्वयन, सरोकारवालाहरुको पूर्ण सन्तुष्टि सहितको उपयोग र निरन्तर अनुगमन एवं मूल्याङ्कन र दिगोपनाको लागि सही र वस्तुनिष्ट निर्णय लिन तथ्याङ्कको आवश्यकता पर्दछ । विगतबाट सिकेर वर्तमानको भोगाईका आधारमा भविष्यका लागि योजना तर्जुमा गर्नु वर्तमान पुनर्संरचित स्थानीय तहको पहिलो आवश्यकता हो भन्नेमा दुईमत हुन सक्दैन ।

वस्तुनिष्ठता र आवश्यकताको कसीमा योजनाहरू तथा कार्ययोजनाहरू अगाडि बढाउन नसकिएमा जनताले स्थानीय तहबाट राखेका अपेक्षा पुरा हुन सक्दैनन् । यसैकारण वर्तमानको हाम्रो धरातलीय, सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थाको पहिचान गरी भविष्यका आवश्यकता आँकलन गर्ने उद्देश्यका साथ यो अध्ययन प्रतिवेदन ( पार्श्वचित्र) सीमित समय तथा स्रोत र सीमाभित्र रही तयार गरिएको हो । पार्श्वचित्रलाई सामान्य रुपमा अध्ययन गर्ने जो कोहीले पनि यो गाउँको बहुआयामिकता सहितको वर्तमान अवस्था सहजै आँकलन गर्न सक्ने देखिन्छ । यो पार्श्वचित्रलाई एकातिर गाउँको सम्पूर्ण चिनारीको रूपमा हेर्न सकिन्छ भने अर्कोतर्फ हाम्रा सम्भावना र चुनौतिहरूलाई अवगत गर्न सकिन्छ ।

पार्श्वचित्र तयारीको क्रममा आफ्नो महत्वपूर्ण समय प्रदान गर्ने गाउँ प्रमुख, गाउँ उपप्रमुख, विषयगत कार्यालयका प्रमुख लगायत सम्पूर्ण कर्मचारी, वडाध्यक्षज्यूहरू, वडा सचिव साथीहरू, सामाजिक परिचालकहरू विभिन्न संघ/संस्थाका प्रमुख तथा अन्य कर्मचारीहरू तथा पार्श्वचित्रलाई यो रुप दिन सहयोग पुऱ्याउनु हुने परामर्शदाता श्री इन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि. काठमाडौं लाई हार्दिक आभार व्यक्त गर्दछु ।

अन्तमा, यो पार्श्वचित्र आफ्नो उद्देश्य प्राप्तिमा सफल रहोस् भन्ने सुभेच्छा व्यक्त गर्दछु ।

**चन्द्रकान्त पौडेल**
कार्यकारी अधिकृत

# विषय सूची


**खण्ड १ : भूमिका** १

१.१ पृष्ठभूमि १

१.२ गाउँ पार्श्वचित्र तयारीको उद्देश्यहरू १

१.३ अध्ययनको महत्व २

१.४ अध्ययनको औचित्य २

१.५ अध्ययन विधि ३

१.६ अध्ययनका सीमाहरू ३

**खण्ड २ : बंगलाचुली गाउँपालिकाको परिचय** ४

२.१ गाउँपालिकाको संक्षिप्त परिचय ४

२.२ भौगोलिक अवस्थिति ६

२.३ राजनैतिक तथा प्रशासनिक केन्द्र ७

२.४ भूक्षेत्र (टोपोग्राफी) १०

२.४.१ माटोको बनावट र उर्वराशक्ति १०

२.४.२ भू-आकृति तथा माटोको बनोट १०

२.५ भूक्षेत्रको वर्गिकरण ११

२.६ हावापानी १४

२.७ गाउँपालिकामा रहेका सम्भाव्यता र अवसरहरु १५

२.८ गाउँपालिकाको अवसर र सम्भावनाहरु १८

२.९ गाउँपालिकाको चुनौती तथा समस्याहरु १८

२.१० गाउँपालिकाको अन्तर गाउँपालिका सम्बन्ध १८

२.११ सिमसार क्षेत्र १९

२.१२ नदी, खोला तथा ताल तलैयाहरु १९

२.१३ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरु २१

२.१४ मुख्य चाडपर्वहरु २३

२.१५ सँस्कृति, कला, भाषा र साहित्य २३

**खण्ड ३ : जनसाङ्खिक विवरण** २५

३.१ जनसंख्याको विवरण २५

३.२ वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण २७

३.३ १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण ३२

३.४ पहिलो विवाह गर्दाको उमेरको विवरण ३३

३.५ उमेर समूहअनुसार जनसख्याको विवरण ३४

३.६ जातजाति समूहअनुसार जनसंख्याको विवरण ३५

३.७ मातृभाषा अनुसार जनसंख्याको विवरण ३७

३.८ धर्मअनुसार जनसंख्याको विवरण ३९
३.९ परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण ४१
३.१० घरमूलीको लैङ्गिक विवरण ४२
३.११ महिलाका नाममा भएको घरको स्वामित्वको विवरण ४३
३.१२ जमिनमा महिलकाको स्वामित्वको विवरण ४४
३.१३ अनुपस्थित घरधुरी र जनसंख्याको विवरण ४५
३.१४ बाहिरी गारोको आधारमा घरको बनोटको विवरण ४५
३.१५ छानाको आधारमा घरको बनोटको विवरण ४६
३.१६ जगको आधारमा घरको बनोटको विवरण ४७
३.१७ बसाई सराईको अवस्था ४८
३.१८ व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण ४९
३.१९ गाउँपालिकाको मतदाता संख्या विवरण ५०

**खण्ड ४ : भू–उपयोग ५१**

४.१ गाउँपालिकाको भू-उपयोगको विवरण ५२
४.२ क्रमिक विकास भैरहेका बस्तीहरूको वर्तमान स्वरुप ५३
४.३ बस्ती विकासमा देखिएका चुनौतीहरू ५३
४.४ भू-क्षय सम्भावित क्षेत्र ५४
४.५ गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण ५५

**खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति ५८**

५.१ गाउँपालिका अर्थतन्त्रको संरचनात्मक स्वरुप ५८
५.२ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था ५८
५.३ आश्रित जनसंख्याको विवरण ५९
५.४ कृषि ५९
५.४.१ कृषि बालीमा लाग्ने रोग ६०
५.४.२ बाली पात्रो ६१
५.४.३ कृषि बजारीकरण ६२
५.४.४ जग्गाको उर्वराशक्ति ६२
५.४.५ कृषि सहकारी संस्थाहरुको विवरण ६२
५.५ सिंचाइ ६३
५.६ पशुपालन ६३
५.६.१ पशु नश्ल ६४
५.६.२ पशुपंक्षीमा लाग्ने रोगहरु ६४
५.६.३ पशुपंक्षी फार्महरुको विवरण ६६
५.६.४ पशुपंक्षी पालन तथा विकासका गैर सरकारी साझेदारहरु ६६
५.७ व्यापार तथा उद्योगको विवरण ६६

५.८ थोक तथा खुद्रा व्यापार ६७

५.८.२ स्थानीय उत्पादनहरुले बाह्य उत्पादनसँग गर्नु परिरहेको प्रतिस्पर्धा ६७

५.८.३ स्थानीय कच्चा पदार्थको उपलब्धता र उपयोगको स्थिति ६८

५.९ खानीको स्रोत र उपयोगको स्थिति ६८

५.१० अन्य आर्थिक विकासका सम्भावनाहरू ६८

५.११ गाउँपालिकाको अर्थतन्त्रको विशिष्टिकरण ७०

५.१२ बैंकको विवरण ७०

५.१३ सहकारी संस्थाको विवरण ७१

५.१४ संघ संस्था तथा विभिन्न समूहहरु ७३

**खण्ड ६ : भौतिक तथा सार्वजनिक पूर्वाधार ७४**

६.१ यातायात ७४

६.१.१ वर्तमान सडक सञ्जाल तथा यातायात सेवा ७५

६.२ संचार ७६

६.२.१ गाउँपालिकामा सेवा पुऱ्याइरहेका जिल्लाका एफ.एम. रेडियोहरु ७६

६.२.२ टेलिफोन/मोबाइल ७७

६.२.३ हुलाक सेवा ७७

६.२.४ पत्रपत्रिका ७७

६.३ विद्युत ७८

६.३.१ बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण ७८

६.३.२ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण ७९

**खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा ८१**

७.१ शिक्षा ८१

७.२ साक्षरता स्थिति ८१

७.२.१ शैक्षिक जनशक्तिको विवरण ८३

७.२.२ विषयगत शैक्षिक जनशक्तिको विवरण ८४

७.२.३ उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण ८५

७.२.४ गाउँपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण ८५

७.२.५ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू ८६

७.३ स्वास्थ्य ८७

७.३.१ महिला स्वास्थ्य स्वयंसेविकाहरू (Female Community Health Volunteers) ८८

७.३.२ गाउँघर क्लिनीक र नियमित खोप ८८

७.३.३ एच. आई. भी./एडसको अवस्था ८९

७.३.४ सुरक्षित मातृत्वको अवस्थाको विवरण ८९

७.३.५ खोपको विवरण ९०

७.३.६ बाल्यकालमा हुने रोगका जोखिम ९१

७.३.७ शिशु तथा ५ वर्ष मुनिका बाल मृत्युदर ९१

७.३.८ बालपोषण सम्वन्धी विवरण ९१
७.४ खेलकुद तथा मनोरञ्जन ९२
७.५ नागरिक सुरक्षा सेवा ९२
७.५.१ सामाजिक सुरक्षा ९२
७.५.२ बृद्धबृद्धाहरूको अवस्था ९३
७.६ महिला तथा बालबालिका ९४
७.६.१ महिला सम्बन्धी विवरण ९४
७.६.२ बालश्रमको अवस्था ९६
७.६.३ बालक्लब ९७
७.७ अपाङ्गताको विवरण ९८
७.८ खानेपानी तथा सरसफाई १००
७.८.१ परिवारले प्रयोग गर्ने पिउने पानीको मुख्य श्रोतको विवरण १००
७.८.२ शौचालयको विवरण १०१
७.८.३ वडागत शौचालयको संख्याको विवरण १०२
७.९ फोहोर मैला व्यवस्थापन १०३
**खण्ड ८ : वन तथा वातावरण १०४**
८.१ प्राकृतिक वन तथा वनस्पती १०४
८.२ जैविक विविधता सम्वन्धी विवरण १०५
८.३ लघु वन पैदावार १०६
८.४ गाउँपालिकामा पाईने वन्यजन्तु १०७
८.५ वनजंगल १०८
८.५.१ सामुदायिक वन १०८
८.५.२ धार्मिक वन ११०
८.५.३ सरकारद्वारा व्यवस्थित वन ११०
८.५.४ निजी वन ११०
८.६ निजी आवादीमा रहेका रुख विरुवाहरुको अवस्था १११
८.७ जडिबुटी सम्बन्धी विवरण १११
८.८ वन पैदावारमा आधारित उद्योगहरूको विवरण १११
८.९ वन संरक्षणका लागि चाल्नु पर्ने कदम १११
**खण्ड ९ : मानव विकास सूचकाङ्क र गरिबीको स्थिति ११३**
९.१ मानव विकास सूचकको विवरण (HDI) ११३
९.२ मानव गरीबी सूचकाङ्क (Human Poverty Index) ११४
९.३ मानव विकास र गरीबी ११४
९.४ गरिबी न्यूनीकरण ११५
९.५ समग्र विकास स्थिति ११५

# तालिका सूची


तालिका नं. १: गाउँपालिकाको वडा विभाजन ७
तालिका नं. २: बंगलाचुली गाउँपालिकाको तापक्रम र वर्षाको विवरण (सन् २०१२ र २०१३) १४
तालिका नं. ३: जलाधारहरुको विवरण १९
तालिका नं. ४: जनसंख्याको विवरण २६
तालिका नं. ५: वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण २७
तालिका नं. ६: १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण ३२
तालिका नं. ७: पहिलो विवाह गर्दाको उमेरको विवरण ३३
तालिका नं. ८: उमेर समूहअनुसार जनसंख्याको विवरण ३४
तालिका नं. ९: बंगलाचुली गाँउपालिकाको जातजाति समूह अनुसार जनसंख्याको विवरण ३६
तालिका नं. १०: मातृभाषा अनुसार जनसंख्याको विवरण ३७
तालिका नं. ११: धर्मअनुसार जनसंख्याको विवरण ३९
तालिका नं. १२: परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण ४१
तालिका नं. १३: घरमुलीको लैङ्गिक विवरण ४२
तालिका नं. १४: महिलाका नाममा भएको घरको स्वामित्वको विवरण ४३
तालिका नं. १५: जमिनमा महिलाको स्वामित्वको विवरण ४४
तालिका नं. १६: अनुपस्थित घरधुरी र जनसंख्याको विवरण ४५
तालिका नं. १७: बाहिरी गारोका आधारमा घरको बनोटको विवरण ४५
तालिका नं. १८: छानाको आधारमा घरको बनोटको विवरण ४६
तालिका नं. १९: जगको आधारमा घरको बनोटको विवरण ४७
तालिका नं. २०: व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण ४९
तालिका नं. २१: गाउँपालिकाको मतदाता संख्या ५०
तालिका नं. २२: भू-उपयोग विश्लेषण ५२
तालिका नं. २३: भु-क्षयको संम्भाव्यता क्षेत्रफल ५५
तालिका नं. २४: गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण ५५
तालिका नं. २५: दैवी प्रकोप सम्बन्धी विवरण ५६
तालिका नं. २६: आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था ५८
तालिका नं. २७: आश्रित जनसंख्याको विवरण ५९
तालिका नं. २८: विभिन्न बालीमा लाग्ने रोग विवरण ६१
तालिका नं. २९: बाली पात्रो ६१
तालिका नं. ३०: कृषि सहकारी संस्थाहरुको विवरण ६२

तालिका नं. ३१: पशुपन्छीमा देखिएको रोगको विवरण ६५
तालिका नं. ३२: पशुपंक्षि सहकारी संस्थाहरुको विवरण ६६
तालिका नं. ३३: बंगलाचुली गाउँपालिका रहेको खानीको विवरण ६८
तालिका नं. ३४: सहकारी संस्थाको विवरण ७१
तालिका नं. ३५: सहकारी संस्थाको नामावली ७१
तालिका नं. ३६: बंगलाचुली गाउँपालिकालाई छुने सडक विवरण ७५
तालिका नं. ३७: गाउँपालिकादेखि सदमुकामसम्को सडक विवरण ७६
तालिका नं. ३८: एफ.एम. रेडियो विवरण ७६
तालिका नं. ३९: पत्रपत्रिकाको विवरण ७७
तालिका नं. ४०: बत्ती बाल्न प्रयोग गरिने श्रोत ७८
तालिका नं. ४१: खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण ७९
तालिका नं. ४२: साक्षरता दर ८२
तालिका नं. ४३: शैक्षिक जनशक्तिको विवरण ८३
तालिका नं. ४४: विषयगत शैक्षिक जनशक्तिको विवरण ८४
तालिका नं. ४५: उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण ८५
तालिका नं. ४६: गाउँपालिकामा रहेका विद्यालयको विवरण ८६
तालिका नं. ४७: सुरक्षित मातृत्व सम्बन्धी विवरण ८९
तालिका नं. ४८: गाउँपालिकामा खोपको विवरण ९०
तालिका नं. ४९: गाउँपालिकाको पोषण कार्यक्रम विवरण ९२
तालिका नं. ५०: गाउँपालिकामा वितरण भएको समाजिक सुरक्षा सम्बन्धी विवरण ९३
तालिका नं. ५१: महिला विकास कार्यालय बाट बनाईएका महिला समूहहरुको विवरण ९५
तालिका नं. ५२: गाउँपालिकामा रहेका बाल क्लब सम्बन्धी विवरण ९७
तालिका नं. ५३: अपाङ्गताको विवरण ९९
तालिका नं. ५४: परिवारले प्रयोग गर्ने पानीको मुख्य श्रोत १००
तालिका नं. ५५: शौचालयको प्रकार १०१
तालिका नं. ५६: वडागत शौचालय संख्याको विवरण १०२
तालिका नं. ५७: बंगलाचुली गाउँपालिकामा भएको वनको विवरण १०८
तालिका नं. ५८: मानव विकास सुचकको विवरण (HDI) ११३
तालिका नं. ५९: गरीबीको दरको विवरण ११४

# नक्सा सूची


नक्सा नं. १: गाउँपालिकाको समग्र वस्तुस्थिती ५

नक्सा नं. २: गाउँपालिकाको उचाई विवरण ६

नक्सा नं. ३: गाउँपालिकामा समावेश भएका साविकका गा.वि.स.हरु ८

नक्सा नं. ४: गाउँपालिकाको वडा विभाजन ९

नक्सा नं. ५: गाउँपालिकाको भिरालोपन १३

नक्सा नं. ६: गाउँपालिकामा नदि सम्बन्धी विवरण २०

नक्सा नं. ७: गाउँपालिकामा रहेको धार्मिक स्थलहरुको विवरण २१

नक्सा नं. ८: गाउँपालिकाको जनसंख्या सम्बन्धि विवरण २५

नक्सा नं. ९: गाउँपालिकाको वडागत घरधुरी विवरण २८

नक्सा नं. १०: गाउँपालिकाको वडा अनुसार क्षेत्रफल विवरण २९

नक्सा नं. ११: गाउँपालिकाको लिङ्ग अनुसार जनसंख्या विवरण ३०

नक्सा नं. १२: गाउँपालिकाको प्रमुख बसोबास क्षेत्र ३१

नक्सा नं. १३: गाउँपालिकाको भू-उपायोग विवरण ५१

नक्सा नं. १४: गाउँपालिकाको सडक सञ्जाल विवरण ७४

# खण्ड १ : भूमिका

## १.१ पृष्ठभूमि

वैज्ञानिक योजना पद्धतिका लागि विश्वसनीय तथा भरपर्दो तथ्याङ्कीय आधारनै महत्वपूर्ण हुन्छ। तुलनात्मक अध्ययन, अनुसन्धान, विश्लेषण, विवेचना गर्न सम्भावनाहरूको खोजी गर्न सही तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुनाले गाउँपालिकामा रहेका विषयगत कार्यालयहरू तथा अन्य संघसंस्थाहरूको तथ्यगत स्थिति झल्कने गरी उपलब्ध भएसम्मका सूचनाहरूलाई व्यवस्थित ढंगले सङ्कलन गरी यो गाउँ पार्श्वचित्र तयार गरिएको छ।

कुनै पनि स्थानीय तह (नगरपालिका/गाउँपालिका) ले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ। चौधौँ योजना (२०७३/७४-२०७५/७६) ले पनि गाउँपालिकाहरूको तथ्याङ्कीय आधार तयार गर्ने कार्यलाई नीतिगत प्राथमिकता दिएको र संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयको (सचिवस्तर) निर्णयले पनि विकास योजना सम्बोधनका लागि गाउँपालिकाहरूले भौगोलिक सूचना केन्द्र स्थापना र मानव स्रोत विकास योजना तर्जुमा गर्नुपर्ने थप दायित्व उल्लेख गरेको छ। यसै प्रयोजनको लागि गाउँपालिकाको वस्तुस्थिति झल्कने गरी गाउँ पार्श्वचित्र (Rural Municipality Profile) तयार गरिएको हो।

## १.२ गाउँ पार्श्वचित्र तयारीको उद्देश्यहरू

गाउँपालिका पार्श्वचित्र मूलत: बंगलाचुली गाउँपालिकाको आगामी नीति तथा कार्यक्रम, योजना तर्जुमा गर्नका लागि तथ्याङ्कीय आधार सृजना गर्ने सन्दर्भमा तयार गरिएको हो। यसले योजना तथा कार्यक्रमको निर्माण कार्यान्वयन, अनुगमन, मूल्याङ्कन जस्ता कुराको लेखाजोखा गर्न मद्दत गर्नेछ।

क) गाउँपालिका भित्र रहेका सेवा सुविधाहरूको बारेमा जानकारी गराउने।

ख) गाउँपालिका क्षेत्रभित्रको सम्भावना र समस्याहरूको अवगत गराउने।

ग) गाउँपालिकाको जनसांख्यिक तथा विकासात्मक वस्तुस्थितिको बारेमा जानकारी गराउनु।

घ) गाउँपालिका भित्र बसोवास गर्ने मानिसहरूको आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक, तथा पेशागत स्थितिको बारेमा जानकारी गराउने।

ङ) गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोत साधन तथा सीपको पहिचान गरी समष्टिगत विवरण प्रस्तुत गर्ने।

च) गाउँपालिकाको वास्तविक र वस्तुगत सूचना संकलन तथा व्यवस्थापनमा सहयोग गर्ने।

छ) गाउँपालिका क्षेत्रको तथ्याङ्कको आधारमा जिल्ला तथा राष्ट्रिय स्तर सम्म सूचनाको उपलब्धता गराई व्यवस्थापनमा सहयोग गर्ने ।

ज) गाउँपालिका स्तरमा सञ्चालित कार्यक्रमको पृष्ठपोषण (Feedback) प्रदान गरी आगामी कार्यक्रमको लागि मार्गनिर्देश गर्ने ।

झ) गाउँपालिकाको भावि योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने ।

ञ) स्थानीय आवश्यकता र स्रोत साधनको विनियोजनको अवस्थाको जानकारी गराउने ।

## १.३ अध्ययनको महत्व

नेपाल सरकार सङ्घिय मामिला तथा स्थानिय विकास मन्त्रालयले तयार गरेको नमुना बमोजिम गाउँपालिकाको भावी योजना तथा कार्यक्रम र निति निर्माणको कामलाई आधार प्रदान गर्ने उद्देश्यका साथ तयार गरिएको पाश्र्वचित्रले तुलनात्मक मुल्याङ्कनका लागि त्यस ठाउँको वस्तुस्थिति सम्बन्धी जानकारी स्पष्ट हुनु जरुरी छ । विभिन्न स्थानको आवश्यकतामा आधारित विकासका कार्यक्रम तथा रणनैतिक योजना तर्जुमा गर्नका लागि यस अध्ययनले बंगलाचुली गाउँ कार्यपालिकालाई सहयोग गर्नुका साथै समानुपातिक विकासमा अन्य सरोकारवालाहरूलाई समेत यस क्षेत्रको तथ्यपरक जानकारी प्रदान गर्दछ । यसका अलावा गाउँ पाश्र्वचित्रको यो अध्ययन सम्बन्धित क्षेत्रका संघ संस्था एवं अनुसन्धानकर्ता, योजनाकार, शिक्षाकर्मी, समाजसेवी लगायत सरोकारवालाहरूलाई उपयोगी हुने भएकोले यस अध्ययनको महत्व रहेको विषय प्रस्ट हुन्छ ।

## १.४ अध्ययनको औचित्य

स्थानीय आवश्यकता तथा सहभागितामा आधारित विकासात्मक कार्यक्रमलाई प्रोत्साहन गर्न नेपाल सरकारले स्थानीय निकाय अन्तर्गत गाउँ कार्यपालिकाहरूलाई दिंदै आएको अनुदानहरूमा क्रमश बृद्धि गर्दै लगेको देखिन्छ । विकास खर्च थप गर्नुका साथै नेपाल सरकारले गाउँपालिकाहरूको न्यूनतम शर्त मापनका सूचकहरू पनि निर्धारण गरेको छ । ती सूचकहरू मध्ये हरेक गाउँ कार्यपालिकाले आ-आफ्नो क्षेत्रको वस्तुगत विवरणमा आधाारित Rural Municipality Profile तयार गर्नु एक हो । भौतिक विकासका दृष्टिले कमजोर स्थिति रहेको नेपालको सन्दर्भमा यस प्रकारको कार्यले विशेष महत्व राख्ने हुँदा नविन रहेता पनि यसले वर्तमानको यथार्थलाई विश्लेषण गरी सोको आधारमा गाउँपालिकाको उपलब्ध श्रोत साधनको व्यवस्थापन र उचित कार्यक्रमहरूको तर्जुमा, कार्यन्वयन एवं अनुगमन मुल्यांकनका निम्ती मार्गदर्शकको काम गर्ने हुनाले यो अध्ययनको औचित्य रहन्छ ।

## १.५ अध्ययन विधि

यस गाउँपालिकाको पार्श्वचित्र तयारी गर्दा प्रयोग गरिएका विधीहरु निम्नानुसार छन् ।

- ✓ यसमा विषयगत कार्यालय तथा विभिन्न संघ संस्थाहरुबाट उपलब्ध तथ्यांकहरु समावेश गरिएको छ ।
- ✓ राष्ट्रिय जनगणना, विभिन्न सर्वेक्षण आदिका नतिजाहरु समावेश गरीएको छ ।
- ✓ यस अध्ययनको प्रतिवेदनमा तथ्याङ्कको विश्लेषणका क्रममा विभिन्न तालिकाहरु, चित्रहरु तथा नक्साको प्रयोग गरी बर्णनात्मक तथा तुलनात्मक रुपमा विश्लेषण गरीएको छ ।

पार्श्वचित्र तयार गर्ने कार्य प्राथमिक (Primary) तथा द्वित्तीय (Secondary) सूचना संकलन गरिएको छ । भू-उपयोग, सडकहरू र सोको गुणस्तर तथा वातावरणीय समस्याहरू जस्ता प्राथमिक तथ्याङ्कहरू, डिजिटल तथ्याङ्क (GIS data), स्थलस्वरुप नक्शा, हवाई नक्शा, नापी नक्शा, स्थलगत निरीक्षण तथा अन्तरर्वाता गरी संकलन गरिएको छ । वडा तहका समस्याहरू र खाँचोहरू वडाबासीहरू बीच सहभागितामूलक छरितो मूल्याङ्कन पद्दति (Participatory Rapid Appraisal) अपनाई जानकारी लिइएको छ । यसका साथै गाउँपालिकाको स्थिति विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूका पदाधिकारीहरू, वुद्धिजिवीहरू उपलब्ध प्रतिष्ठित व्यक्तित्वहरूसंग छलफल एवं अर्न्तवार्ता गरी गाउँपालिकाका प्रमुख समस्या एवं विकासका सम्भावनाहरू माथि जानकारी लिईएको छ । गाउँपालिकाका समग्र तथ्याङ्कहरू जस्तै भौतिक, वातावरणीय, सामाजिक, आर्थिक, वित्तीय एवं संस्थागत तथ्याङ्कहरू गाउँपालिका कार्यालय लगायत गाउँपालिका स्थित सरकारी एवं गैरसरकारी कार्यालयहरूको रेकर्डबाट र केही तथ्याङ्क विभाग तथा अन्य निकायहरूबाट प्रकाशित प्रतिवेदन एवं पुस्तकहरू अध्ययन गरी संकलन गरिएको छ ।


## १.६ अध्ययनका सीमाहरू

राष्ट्रिय योजना आयोग र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्धारण गरेबमोजिम गाउँ पार्श्वचित्र तयार गर्दा प्रयोग गरिएका तथ्यांकहरूको स्रोत र आधार वर्ष खुलाईएको छ । गाउँपालिकाका विभिन्न सरकारी तथा गैरसरकारी कार्यालय, अन्य संघसंस्थाले उपलब्ध गराएका तथ्याङ्क, केन्द्रीय तथ्याङ्क विभाग, विभिन्न मन्त्रालय, विभागहरू, सम्बन्धीत गाउँ कार्यपालिका आदि स्रोतहरूबाट उपलब्ध तथ्याकको आधारमा यो वस्तुगत विवरण तयार गरिएको छ । पार्श्वचित्रको अवधारणा अनुसार यसले बंगलाचुली गाउँपालिकाको सम्पूर्ण पक्षको यथार्थ जानकारी सरल एवं स्पष्ट रुपमा दिन्छ । अध्ययनलाई यथासक्य वस्तुगत बनाउने प्रयास गरिएको छ । तैपनि स्रोत, साधन तथा समयको परिधीले यस अध्ययनलाई केही सिमिततामा बाँधेको छ । यस अध्ययनमा निर्धारित उद्देश्यका आधारमा आवश्यकता अनुसार तथ्याङ्क संकलन गरिएको छ ।

# खण्ड २ : बंगलाचुली गाउँपालिकाको परिचय


## २.१ गाउँपालिकाको संक्षिप्त परिचय

बंगलाचुली गाउँपालिका नेपालको प्रदेश नं ५ अन्तर्गत दाङ्ग जिल्लामा रहेको छ । बंगलाचुली गाँउपालिकाको स्थापना साविक का स्यूजा (१-९), काभ्रे (१-९), लोहारपानी (१-९) र हाँसिपुर (३-९) ४ वटा साविकका गा.वि.स समावेश गरि गाउँपालिका स्थापना भएको हो । गाउँपालिकामा हाल ८ वटा वडाहरु कायम गरिएको छ । बंगलाचुली गाउँपालिका भौगोलिक हिसाबले ८२°३२' देखि ८२°८६' पूर्वी देशान्तर सम्म र २७°५२' देखि २८° ०८ ' उत्तरी अक्षांशसम्ममा फैलिएको छ । २४५.१४ वर्ग.कि.मी. क्षेत्रफल रहेको यस गाउँपालिकाको पूर्व र उत्तरमा प्यूठान जिल्ला पर्दछ, पश्चिममा घोराही उ.म.न.पा. भने दक्षिणमा राप्ती गाउँपालिका र लमही नगरपालिका पर्दछन् । बंगलाचुली गाउँपालिकालाई २०७३ फाल्गुन २२ गते गाउँपालिका घोषणा गरीएको थियो । बंगलाचुलीको औषत अधिकतम तापक्रम ३४.९ डिग्री सेल्सियस पुग्छ भने हिउँदमा औषत न्यूनतम ४.८ डिग्री सेल्सियस सम्म रहन्छ । गाउँपालिकामा प्रा.विको संख्या ३५, नि.मा.विको संख्या ५ र मा.विको संख्या ५ गरी जम्मा ४५ वटा समामुदायिक विद्यालयहरु रहेका छन् ( शिक्षा ऐनको पछिल्लो संशोधन अनुसार १-८ सम्म आधारभुत शिक्षा र ९-१२ सम्म माध्यमिक शिक्षा भनी परिभाषित गरिएको छ । ) । यस गाउँपालिकाका राजनैतिक दल र उत्प्रेरीत गाउँपालिकावासी समेत गाउँपालिकाको दरिलो अनि दीगो विकासको श्रोतका रुपमा रहेका छन् । यस गाउँपालिकामा विभिन्न जातजाति तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ । राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार सबैभन्दा बढी मगर जाति १०,३९० जना (४२.८५%), दोस्रोमा क्षेत्री ७,१०६ (२९.३१%) र तेस्रोमा कामी २,५७१ (१०.६०%) हरुको बसोबास रहेको छ । यस गाउँपालिकाको औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ भने स्थानीय बासिन्दाको अरु आम्दानीको श्रोतको रुपमा साना उद्योग, व्यापार, सेवामुलक व्यवसाय, नोकरीको साथै वैदेशिक रोजगारी पनि हो । परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जीवनशैलीमा रमाउन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम अत्यधिक बढिरहेको छ । यस गाउँपालिकामा आधारभूत देखि उच्च शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्था पर्याप्त मात्रामा रहेका छैनन् । प्राविधिक तथा थप गुणस्तरीय शिक्षाको लागि गाउँपालिकाबाट अध्ययनका लागि स्थानीय विद्यार्थी अन्य क्षेत्र जाने गरेका छन् । अधिकांश घरमा विद्युतीकरण भएको भएतापनि केही सिमान्तकृत वर्गमा रहेका नागरिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन् । योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन । विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ । दशैं, तिहार, माघी, होली, महाशिवरात्री, रामनवमी, कृष्णजन्माष्टमी, बकरइद, आईतबारी, बुद्धजयन्ती, क्रिष्मस आदि यहाँका प्रमुख चाडपर्वको रुपमा रहेको पाईन्छ ।




नक्सा नं. १: गाउँपालिकाको समग्र वस्तुस्थिती

## २.२ भौगोलिक अवस्थिति




नक्सा नं. २: गाउँपालिकाको उचाई विवरण

बंगलाचुली गाउँपालिका भौगोलिक हिसाबले ८२°३२' देखि ८२°८६' पूर्वी देशान्तर सम्म र २७°५२' देखि २८°०८' उत्तरी अक्षांशसम्ममा फैलिएको छ। २४५.१४ व.कि.मी. क्षेत्रफल रहेको यस बंगलाचुली गाउँपालिका समुद्री सतहबाट ३७० मि. देखि १७७९ मि. को उचाईमा रहेको छ भने गाउँपालिकाको पूर्व र उत्तरमा प्यूठान जिल्ला, पश्चिममा घोराही उपमहानगरपालिका र दक्षिणमा राप्ती गाउँपालिका र लमही नगरपालिका पर्दछन्।


## २.३ राजनैतिक तथा प्रशासनिक केन्द्र

बंगलाचुली गाउँपालिकालाई २०७३ फागुन २२ गते गाउँपालिका घोषणा गरिएको हो। साविकका स्यूजा, काभ्रे, लोहारपानी र हाँसिपुर गा.वि.स समावेश गरि यस गाउँपालिकाको स्थापना भएको हो । यस गाउँपालिकामा ८ वडा कायम गरिएको छ भने साविकको काभ्रे गा.वि.स.कार्यालय हाल यस गाउँपालिकाको केन्द्रको रुपमा रहेको छ।


तालिका नं. १: गाउँपालिकाको वडा विभाजन

| वडा नं | समावेश भएका साविकका गा.वि.स./न.पाहरु | साविक का वडाहरु |
|---|---|---|
| १ | स्यूजा | ४-८ |
| २ | स्यूजा | १-३, ९ |
| ३ | काभ्रे | ६-९ |
| ४ | काभ्रे | १-५ |
| ५ | लोहारपानी | ३-७ |
| ६ | लोहारपानी | १, २, ८ र ९ |
| ७ | हाँसिपुर | ३-६ |
| ८ | हाँसिपुर | ७-९ |

*स्रोत : संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय*




नक्सा नं. ३: गाउँपालिकामा समावेश भएका साविकका गा.वि.स.हरु




नक्सा नं. ४: गाउँपालिकाको वडा विभाजन

## २.४ भूक्षेत्र (टोपोग्राफी)

### २.४.१ माटोको बनावट र उर्वराशक्ति

प्राकृतिक सम्पदाको हिसाबले यो गाउँपालिका कृषिको लागि उपयुक्त उर्वर माटोको धनी गाउँपालिका हो। यहाँको २३.५५ प्रतिशत जमिन खेतीपातीको लागि उपयोग भएको देखिन्छ भने ६४.२८ प्रतिशत जमिन वनजंगलले ढाकेको छ र ०.०६ प्रतिशत जलक्षेत्रले ओगटेको छ। गाउँपालिकाको प्रमुख खाद्यान्न तथा अन्न बालीमा धान, गहुँ, मकै, मास, मुसुरो, अरहर, तोरी, अदुवा, सिमी आदी हुन्।

### २.४.२ भू-आकृति तथा माटोको बनोट

गाउँपालिकाको केहि भू-भाग बेशी, केहि शिवालिक र उच्च पहाडि क्षेत्र रहको छ। भू-आकृतिमा भएको यस फरकअनुसार यस तीन क्षेत्रमा पाइने माटोको बनोटमा पनि फरक पाइन्छ, जुन देहायअनुसार रहेको छ।

#### (क) बेशी

नदिले बनाएका फाँटहरुका साथसाथै केहि ठूला खोलाहरुले बनाएको भाग नै यस क्षेत्रमा पर्दछन्। पहाडको फेदमा रहेको खुल्ला पहाडी खेति योग्य जमिन यस क्षेत्र अन्तर्गत पर्दछ। भौगर्भिक इतिहासको पछिल्लो चरणमा निर्मित भूभाग भएको हुँदा यो क्षेत्र कमजोर र भूस्खलनशील रहेको छ।

#### (ख) शिवालिक क्षेत्र

यस गाउँपालिकाको अधिकांश भू-भाग शिवालिक क्षेत्रमा पर्दछ। यहाँको भू-भाग पत्रे चट्टान एवं माटो ढुंगा को समिश्रण भरिएको छ। यस भू-भागमा वनजङ्गलको मात्रा अत्यधिक छ। समुद्री सतहबाट १००० देखि १५०० मिटर सम्मका मोडदार पहाडहरु यस क्षेत्र अन्तर्गत पर्दछन्।

#### (ग) उच्च पहाडी भू-भाग

समुद्री सतहबाट १,५०० मिटर देखि १,७७९ मिटर सम्म उचाई रहेको यो भू-भाग कडा चट्टान कठिन धरातलीय स्वरुप भएका कारण मानव वस्ती यहाँ कम रहेको छ। उच्च पहाडी श्रृंखलाहरु र झाडि बुट्यानले यस क्षेत्रलाई ढाकेको छ।

## २.५ भूक्षेत्रको वर्गिकरण

बंगलाचुली गाउँपालिकाको भूमिलाई भू-बनौट, प्रणाली, तथा भू-स्खलन जस्ता प्रवृत्तिका आधारमा ४ वर्गमा विभाजन गरिएको छ । Land Resource Mapping Project ले तयार गरेको वर्गीकरणको आधारमा मनसुनी कृषि तथा बनस्पती पक्षलाई विशेष ध्यान दिएको छ । भुमिको बर्गीकरणलाई त्यसको उपयोगको सम्भाव्यता र सघनता घट्दै जाने (Degrading) क्रममा राखिएको छ । अर्को शब्दमा, भू-स्खलन वा भू-क्षयीकरणको प्रवृत्ति पहिलो "क" वर्गदेखि चौंथो "घ" वर्ग तर्फ बढ्दै जान्छ । त्यसै क्रमले भूमिको स्थायित्वलाई मजबुत बनाउन उपायहरुको अवलम्बन गर्नुपर्दछ । भौतिक लक्षण (Physical characteristics) का आधारमा बंगलाचुली गाउँपालिकालाई निम्न अनुसार वर्गीकरण गर्न सकिन्छ ।

### (क) भिरालो 1°-5° (माटोको गहिराई पर्याप्त भएको, पानीको निकास राम्रोगरी हुने गह्रा बनाई खेती गर्न सकिने)

यस्तो जमिनमा माटोको गहिराई पर्याप्त हुन्छ र पानी सतहमा तथा अर्धभूमिगत अवस्थामा समेत सजिलै निकास हुन्छ। मनसुनी खेती गर्नका लाीग यस्तो भूमिमा गह्राहरू बनाउनु पर्दछ। सतहगत जलप्रवाह एवं अर्धभूमिगत पानीको निकासलाई भू-क्षय हुन नपाओस भनी नियन्त्रणका उपायहरू अपनाउनु पर्दछ। माटोका भौतिक गुणहरू तथा जमिनको भिरालोपनका कारण वर्षाको पानीबाट नयाँ खोल्सीहरू बन्ने र ती खोल्सीहरू प्रकारान्तरमा चौडा हुँदै गएर भू-क्षयको प्रवृत्ति बढ्ने हुनाले यस वर्गको जमिनको संरक्षण गर्न विशेष ध्यान दिनु पर्दछ। यस वर्गको जमिनमा परम्परागत, मध्यम वा आधुनिक विधिबाट खेती गर्न सकिन्छ। मनसुनको समयमा हुने वर्षाका कारण चरन तथा वनस्पतिलाई पनि मनग्गे फाइदा पुग्दछ। यस्तो जमिनमा धान खेती गर्न सकिन्छ। सिंचाई सुविधा उपलब्ध भएको छ भने माटो दानादार भएको अवस्थामा समेत धानबाली लगाउन सकिन्छ। सिंचाइ भएमा हिउँदे एवं बसन्ते बाली पनि लगाउन सकिन्छ।

### (ख) भिरालो 5° - 30° (माटोको गहिराई ५०-१०० से.मी. भएको, पानीको निकास राम्रो हुने, कान्ला बनाएर मात्र खेती गर्न सकिने)

५°-३०° स्लोप रहेको, पानीको निकास राम्रो हुने गरेको तथा माटोको पत्रको गहिराई ५० से.मी. देखि १०० से.मी. सम्म रहेको जग्गा यस वर्गमा पर्दछ। यस वर्गको जमिनमा पहिरो जाने, जमिन भासिने जस्ता भू-क्षयीकरणका प्रवृत्तिहरू सामान्यरुपमा देखा परिरहन्छन्। त्यसैले जमिनलाई सामान्यरुपमा व्यवस्थापन नगरिएमा यस्ता प्रवृत्तिमा झन् वृद्धि हुने हुन्छ। वन, वनस्पतिका लागि यो जमिन त्यति सहज हुँदैन। गाईबस्तुको आवत-जावतबाट भू-क्षयीकरणमा वृद्धि हुने हुनाले चरन विकासलाई यस प्रकारको जमिनमा प्रश्रय दिन ठीक हुँदैन। तर, पालैपालो निश्चित स्थानहरूमा गाईबस्तु थुनेर चराउने हो भने त्यसले जमिनको उत्पादकत्वमा सघाउ पुर्‍याउँछ। यस प्रकारको जमिनमा विशेष गरी मनसुन खेतीका लागि भू-क्षय रोक्न गह्राहरू बनाउन अनिवार्य हुन्छ। यसमा


खेतीका परम्परागत र मध्यमस्तरीय प्रविधि नै अपनाउनुपर्ने हुन्छ। यस प्रकारको भिरालोपन भएको जमिनमा खेती गर्दा माटोको भौतिक गुणहरूसँग व्यवस्थापन सिपको सम्मिश्रणले मुख्य भूमिका खेलेको हुन्छ। सिंचाइको प्रयोग नियमित रुपमा पहिले देखि नै भइरहेको खण्डमा सिंचाइ गर्दा भू-क्षयको समस्या आउँदैन, तर नयाँ सिंचाइ प्रणाली शुरु गर्ने हो भने शुरुमा विशेष सावधानी अपनाउनु पर्दछ। अलिकती पनि बढी सिंचाइ भएको खण्डमा भू-क्षयीकरणको प्रवृत्ति तुरुन्त शुरु हुन सक्दछ।

**(ग) भिरालो = 30° – 40° माटोको गहिराई २० से.मी. मात्र भएको, पानीको निकास सहज भएको तथा जमिनको भिरालोपन ३०° (१.७ मिटरमा १ मी.) भन्दा बढी भएको, काठ दाउरा उत्पादन गर्न उपयुक्त।**

माटोको पत्र २० से.मी. मात्र गहिराई भएको पानीको निकास सहज भएको तथा जमिनको भिरालोपन ३०° (१.७ मिटरमा १ मि.) भन्दा बढी भएको जमिन यस वर्गमा पर्दछ। यस प्रकारको ज्यादा भिरालोपन भएको जग्गामा गह्रा बनाएर खेती गर्नु फाइदाजनक देखिँदैन। यस प्रकारको जमिनमा वर्षाको पानीबाट छिटो खोल्सीहरू बन्ने वा बाढीले क्षती पुऱ्याउने ठूलो सम्भावना रहन्छ। यस प्रकारको जमिनमा बनस्पतीहरू लगाउन, उपयुक्त देखिन्छ। यहाँ काठ र इन्धनका लागि वन पैदावारको उत्पादन बृद्धि गर्नु उपयुक्त हुनेछ। पहिरो जाने वा बाढीबाट क्षति हुने प्रवृत्ति यस प्रकारको जमिनका सामान्य लक्षण हुन्। यस्तो क्षेत्रमा जङ्गलको विकास गरी इन्धन, पशु आहार तथा काठ उत्पादन गर्न सकिन्छ। जङ्गल फडानी भएको छ भने पनि यस्तो क्षेत्रमा बोटविरुवालाई पुन: हुर्काउन सकिन्छ या त वृक्षारोपण गर्न सकिन्छ। यस वर्गमा पर्ने जमिनहरूमा गाईबस्तुलाई चराउने चलन कडाइकासाथ नियन्त्रण गर्नुपर्छ। यदि इन्धन, पशु, आहार तथा चरनको लागि उपयोग गर्ने हो भने पनि वार्षिक उपयोगले भविष्यको उत्पादकत्वलाई जोखिममा पार्ने खालको हुनुहुँदैन। यस प्रकारको क्षेत्रमा यस्तो वन पैदावार उपयोग गर्ने तरिका, स्थान र पहुँचको लागि सडक विस्तारका विशेष र सुरक्षित योजना बनाउनु पर्दछ। यस्तो जमिन खेतिको लागि उपयुक्त हुँदैन।

**(घ) भिरालो > 40° माटोको गहिराई २० से.मी. भन्दा कम भएको, भु-क्षय भइरहने पुनरुत्पादनको संभावना कम भएको**

ज्यादै भिरालो भएको, मध्यम भिरालोपन भए पनि माटो पत्र (तह) २० से.मी. भन्दा कम भएको वा जस्तोसुकै भिरालोपन भए पनि वर्षे पानीबाट क्षति भएको, धेरै खोल्सीहरू सिर्जना भएको जमिन यस वर्गमा पर्दछ। यस प्रकारको जमिन अति नै कमजोर, भू-क्षयीकरणको प्रवृत्ति भएको तथा पुनर्निर्माण र पुनस्र्थायीकरणको सम्भावना पनि अत्यन्त कम भएको कारण अन्न एवं वनस्पती खेतीका लागि अनुपयुक्त मानिन्छ। यस प्रकारको जमिनलाई घाँस वा बोट-विरुवा लगाएर हराभरा बनाइराख्नु पर्छ, किनभने माथि उल्लेख गरिए झै एकातिर यस्तो जमिनमा भू-क्षयीकरणको प्रवृत्ति तीब्र रहेको हुन्छ भने अर्कातिर एक पटक भू-स्खलन भइसकेको क्षेत्रलाई पुन: अधिग्रहण (reclaim) गर्न असम्भव नै हुन्छ। उच्च भू-भागमा माटोको तापक्रम कम रहने भएबाट तथा भिरालोपन भएबाट माटो सजिलैसँग बग्दछ।




नक्सा नं. ५: गाउँपालिकाको भिरालोपन


## २.६ हावापानी


जलवायुको हिसाबले बंगलाचुली गाउँपालिका उष्ण तथा समशितोष्ण प्रकारको हावापानी रहेको छ । प्रदेशीय हावापानी पाइएता पनि बाह्रै महिना एकैनासको हावापनी छैन । चैत्र महिनादेखि आश्विनको सुरुसम्म गर्मी हुन्छ । आश्विन, कार्तिक र फागुनमा यहाँको हावापानी समशितोष्ण हुन्छ भने मंसिर, पौष र माघमा निकै जाडो हुन्छ । जेष्ठको अन्त्य देखि आश्विनको सुरुसम्म मनसुनी वायुका कारण प्रशस्त वर्षा हुने गर्छ । गर्मीयाममा यहाँको ताफक्रम अधिकतम ३४.९ डिग्री सेल्सियससम्म पुग्छ भने हिउँदमा न्यूनतम ४.८ डिग्री सेल्सियससम्म पुग्न जान्छ। यस गाउँपालिकामा सन् २०१२ र २०१३ को औषत अधिकतम तथा न्यूनतम तापक्रम र वार्षिक वर्षाको विवरण तलको तालिकामा दिइएको छ ।


तालिका नं. २: बंगलाचुली गाउँपालिकाको तापक्रम र वर्षाको विवरण (सन् २०१२ र २०१३)

| महिना | सन् २०१२ | | | सन् २०१३ | | |
|---|---|---|---|---|---|---|
| | औ. अधिकतम तापक्रम (से.) | औ. न्यूनतम तापक्रम (से.) | वर्षा मि.मि. | औ. अधिकतम तापक्रम (से.) | औ. न्यूनतम तापक्रम (से.) | वर्षा मि.मि. |
| जनवरी | १९.९ | ६.२ | २३.२ | २१.२ | ४.८ | ८.६ |
| फेब्रुअरी | २४ | ८.७ | ३५.४ | २३.३ | ९.६ | ५७.८ |
| मार्च | २९.६ | १३ | १७.५ | २९.७ | १४ | ०.२ |
| अप्रिल | ३३.८ | २३ | ५.४ | ३३ | १८ | ४१.२ |
| मे | ३६.३ | २१ | ६९.८ | ३४.९ | २२ | ६७.६ |
| जुन | ३६.२ | २४ | १४७ | ३०.९ | २३ | ४८३.६ |
| जुलाई | ३०.३ | २२ | ६३३.५ | ३१.२ | २४ | ५४८ |
| अगस्त | ३१.५ | २३ | ४५४.८ | ३१.३ | २३ | ४७१.२ |
| सेप्टेम्बर | ३०.९ | २२ | ३३३ | ३१.८ | २१ | १७२.६ |
| अक्टोबर | २८.९ | १६ | ० | २८.७ | १८ | ९४.८ |
| नोभेम्बर | २६.३ | ९.८ | ० | २५.८ | ११ | ० |
| डिसेम्बर | २३.२ | ६.९ | ० | २२.९ | ७.२ | ० |

*स्रोतः दाङ जिल्ला पार्श्वचित्र, २०७१*




## २.७ गाउँपालिकामा रहेका सम्भाव्यता र अवसरहरु

गाउँपालिका क्षेत्रमा रहेका सम्भाव्यता र अवसर अन्तर्गत यातायात सेवा, सूचना प्रविधि, शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा, बैदेशिक रोजगार, सेवा मूलक व्यवसाय, व्यापार, आधुनिक कृषि व्यवसाय जस्ता थप आर्थिक विकासका सम्भाव्य क्षेत्रहरू रहेका छन्।

समग्रमा यस गाउँपालिकाको ग्रामीण क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ। गाउँपालिकामा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेका छन्। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेका छन्।

- ✓ गाउँपालिकामा रहेको अत्यन्त उर्वर भूमिमा वस्ती विकास तथा अन्य निर्माणले गर्दा खेतीयोग्य भूमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ माटोको उर्वराशक्ती क्रमश: क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ।
- ✓ जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वराशक्ती बढाई वातावरणीय प्रदुषण कम गर्न सकेमा भावी पुस्ताको लागि एउटा बस्न लायक जिवन्त स्थानको जोहो गर्न सकिनेछ।
- ✓ गाउँपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपन्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र गाउँपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।
- ✓ यस गाउँपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ।
- ✓ गाउँपालिकाका क्षेत्रमा प्राकृतिक नदी तथा खोलाहरु भएको र थप केही अन्य ठाउँहरूमा ताल निर्माण गरी माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र खासगरी भारतबाट आयात हुने माछा प्रतिस्थापन भई स्वदेशकै माछाले बजार लिने सम्भावना रहेको छ।
- ✓ गाउँपालिकाको सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटी खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारीकरण गर्न सकेमा सोक्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ।

- ✓ विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं अग्ला मनोरम स्थलहरु रहेको यो गाउँपालिकाका गहनाको रुपमा बागेश्वरी मन्दिर, देविकोट मन्दिर, आदि छन् । यी स्थानहरूलाई व्यवस्थित गर्न सकेको खण्डमा निश्चित रुपले आन्तरिक तथा बाह्य पर्यटकहरू बढ्न गई थप आर्थिक अवसरहरू श्रृजना गर्न सकिने देखिन्छ।
- ✓ गाउँपालिका तथा नेपालमै बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ।
- ✓ यस गाउँपालिका इच्छुक युवाहरूलाई सीपमुलक तालिम प्रदान गरी देशमै रोजगारीका अवसरहरु श्रृजना गर्न गाउँपालिकाको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदान पुऱ्याउने प्रशस्त सम्भावना देखिन्छ।

यसका अतिरिक्त बंगलाचुली गाउँपालिकाको विकासका लागि विभिन्न सम्भावनामूलक उपायहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- ✓ गाउँपालिका क्षेत्रभित्र रहेका नदी तथा खोलाहरुबाट आधुनिक कुलो मार्फत् पानी सिंचाई गरी व्यावसायीक रुपमा खेती गर्न सके कृषि उत्पादनमा उल्लेखनीय वृद्धि हुन सक्छ ।
- ✓ स्थानीय कच्ची सडकको स्तर वृद्धि गरी कालोपत्रे गर्न सके स्थानीय वासिन्दाले सुबिधा लिनुका साथै समग्र गाउँपालिकाको सुन्दरतामा वृद्धि हुन सक्छ ।
- ✓ तरकारी, पशुपालन तथा अन्य कृषि उत्पादनको बजारको लागि समस्या नभएकोले ब्यवसायिक कृषि उत्पादनलाई नै जोड दिनु सहज तथा उचित देखिन्छ ।
- ✓ यस गाउँपालिका क्षेत्रमा औद्योगिक विस्तार गर्न सके स्थानीय स्तरमा रोजगारी बृद्धि गर्नसक्ने प्रशस्त सम्भावना देखिन्छ ।
- ✓ यस क्षेत्रमा विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक स्थानहरु रहेकाले पर्यटन विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ ।
- ✓ सरकारी, गैरसरकारी तथा निजी संघसंस्थाहरु यस क्षेत्रमा क्रियाशिल रहेकाले गाउँपालिकाको विकासमा साझेदार हुन सक्ने देखिन्छ ।
- ✓ गाउँपालिका क्षेत्रमा उपभोक्ताहरुको वृद्धि भैरहेको सन्दर्भमा उद्योग, व्यापार र वाणिज्यको विकास हुन सक्ने सम्भावना देखिन्छ ।

## २.८ गाउँपालिकाको अवसर र सम्भावनाहरु

यस बंगलाचुली गाउँपालिकाको विद्यमान अवसर र सम्भावनाहरुलाई निम्न बुँदामा संक्षेपिकरण गर्न सकिन्छ ।

- वन, उर्वर कृषि जमिन, नदी नाला, सम्म भौगोलिक अवस्था र जैविक विविधता जस्ता प्राकृतिक सम्पदाको यथेष्ट उपलब्धता देखिन्छ ।
- शिक्षित मानविय श्रोतमा वृद्धि हुँदै गएको देखिन्छ ।
- युवा जनसमुदायको बाहुल्यता देखिन्छ ।
- शिक्षा केन्द्रहरुको संचालनमा व्यवस्था
- पर्यटन क्षेत्रको विकास

## २.९ गाउँपालिकाको चुनौती तथा समस्याहरु

यस बंगलाचुली गाउँपालिकाको सामाजिक तथा भौतिक विकासका लागि विद्यमान चुनौती तथा समस्याहरुलाई निम्न बुँदामा संक्षेपिकरण गर्न सकिन्छ ।

- गाउँपालिकाको क्षेत्र भित्र रोजगारमुलक उद्योगधन्दा, कलकारखाना कमी हुनु ।
- गाउँपालिका क्षेत्रमा खानेपानी तथा सार्वजनिक चर्पीको अझै पनि उचित व्यवस्थापन हुन नसक्नु ।
- गाउँपालिका क्षेत्रभित्रका धेरै सडकहरु कच्ची तथा कम गुणस्तरको रहनु ।
- झण्डै २४% भूभाग कृषि क्षेत्र भए तापनि व्यवसायिक खेतीको पर्याप्त विकास हुन नसक्नु ।
- आयश्रोतको कमिले गाउँपालिकाको स्तरीय विकास प्रकृयामा समस्या उत्पन्न हुनु ।
- कृषियोग्य भूमि खण्डिकृत हुदै प्रयोग बिहीन हुनु ।
- योजनावद्ध बस्ती विकासको अभाव ।
- वातावरण संरक्षण र फोहोर व्यवस्थापनका ठोस योजनाको अभाव ।
- यसका अलावा गाउँपालिका क्षेत्रमा नदी कटान, अनियन्त्रित ढुंगागिटी बालुवाको उत्खनन्, बनजंगल तथा वन्यजन्तुहरुको चोरी निकासीलाई नियन्त्रण गर्नु चुनौतीपूर्ण रहेको छ ।
- सार्वजनिक निर्माण र विकासमा सम्बन्धित निकायहरुको समन्वयको अभाव ।

## २.१० गाउँपालिकाको अन्तर गाउँपालिका सम्बन्ध

गाउँपालिकाको बिच कुनै न कुनै रुपमा एक आपसमा सम्बन्ध रहेको हुन्छ। सम्बन्धको प्रकृति र दुरी गाउँपालिकाहरू बिच फरक-फरक हुन सक्छ। मानव विकासको निम्ति विभिन्न स्थानहरूमा आवत जावत गर्नु पर्ने, उपलब्ध स्रोत र साधनको परिचालन गर्ने क्रममा एक गाउँपालिकाले अर्को गाउँपालिकामा निर्भर रहनु पर्ने हुन्छ। ती अन्तरनिर्भताका मुख्य क्षेत्रहरू, यातायात, बसाईसराई, कृषि तथा पशु उपज, वन पैदावार, पर्यटन, रोजगारी, प्राकृतिक स्रोत उपयोग एवं व्यवस्थापन, शिक्षा, स्वास्थ्य आदि हुन्। यस गाउँपालिकामा भएका विविध

प्रकारका सुविधा प्राप्त गर्न अन्य गाउँपालिकाबाट आउने गरेको देखिन्छ। पहाडी क्षेत्रबाट कृषि र वनजन्य उत्पादनहरू तराई भित्रिने गर्दछन। तराई क्षेत्र पहाडी जिल्लाहरूको तुलनामा सुविधा सम्पन्न भएकोले बसाई सराईको प्रवृत्ति बढ्दै गएको देखिन्छ। भौगोलिक रुपमा एउटै समतल अवस्थित हुँदा सडक यातायातको सुविधा उपलब्ध छ। मौसमी रोजगारको लागि पहाडबाट तराई झर्ने प्रचलन रहेको देखिन्छ। यी विविध कारणले अन्तर गाउँपालिका सम्बन्ध अझ बढी सुदृढ भएको देखिन्छ।

साथै, यस गाउँपालिकाको छिमेकी गाउँपालिका/नगरपालिका तथा जिल्ला समन्वय समिति जस्ता सरकारी निकायहरुसंग राम्रो सम्वन्ध रहेको छ। फलत: यस क्षेत्रको विकासात्मक क्रियाकलापको सञ्चालनमा समन्वय गर्ने गरिएको छ। त्यसैगरी विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थासँग समेत राम्रो सम्वन्ध रहेको छ।

## २.११ सिमसार क्षेत्र

नदी, नाला, तलाउ, पोखरी, कुवा, धाप तथा दलदले क्षेत्रहरू खासगरी जहाँ जमिन लुक्दैन पानी सुक्दैन त्यस्ता क्षेत्रहरूलाई सिमसार भनिन्छ। ती ताल क्षेत्रहरूमा विभिन्न किसिमका दुर्लभ चराचुरुङ्गीहरू र सरिसृप (Reptiles) हरूको बास मानिन्छ। यी ताल तलैयाहरू जैविक विविधताले भरिपूर्ण रहेका छन्।

## २.१२ नदी, खोला तथा ताल तलैयाहरु


गाउँपालिकाका विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरूमा फैलिएर रहेका थुप्रै नदीनाला, खोलाहरु, तालतलैयाहरू र पोखरीहरूले प्रशस्त जलभण्डार गर्नुका साथै विभिन्न किसिमका जलचरहरू र पंछीहरूलाई सुरक्षित बासस्थानको रुपमा आश्रय दिइरहेको पाइन्छ। साथै यस्ता नदीनाला, खोलाहरु र तालतलैयाहरूबाट पशुहरूले पानी पिउने र किसानहरूले समेत आंशिकरुपमा सिंचाईको लागि पानीको प्रयोग गरेको देखिन्छ। मानव वस्तीको विकास साथै अनुत्पादक पशुहरूको अत्यधिक चरीचराउ र उपयोगले प्राकृतिक तालतलैयाहरूमा भूक्षय भई पुरिने क्रम जारी छ । यस्ता प्राकृतिक जलस्रोतहरु पुनर्उद्धार गरी माछा पालन गरेमा स्थानिय बजारका लागि आवश्यक माछाको आपुर्ति हुने मात्र नभई कतिपय नदी तथा पोखरीहरु पर्यटकिय आकर्षणको रुपमा विकसित गर्न सकिने देखिन्छ।

तालिका नं. ३: जलाधारहरुको विवरण

| सि.नं. | उपजलाधारको नाम | सविकको गा.वि.स. | सि.नं. | उपजलाधारको नाम | सविकको गा.वि.स. |
|---|---|---|---|---|---|
| १ | टिसुवा खोला | हाँसीपुर | ७ | दावाङ खोला | काभ्रे, लोहारपानी |
| २ | घोसी खोला | हाँसीपुर | ८ | रुप्ला खोला | काभ्रे, स्यूजा |
| ३ | मासीताल खोला | हाँसीपुर | ९ | सैघा | स्यूजा |
| ४ | गहना खोला | हाँसीपुर, लोहारपानी | १० | सीसनिया खोला | स्यूजा |
| ५ | उपल्लो अर्जुन खोला | हाँसीपुर, काभ्रे, लोहारपानी | ११ | मसीना खोला | स्यूजा |
| ६ | सुका खोला | काभ्रे | | | |


*स्रोत: गाउँ कार्यपालिकाको कार्यालय, २०७३*

# बंगलाचुली गाउँपालिका : नदी तथा खोला




नक्सा नं. ६: गाउँपालिकामा नदि सम्बन्धी विवरण

## २.१३ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरु




नक्सा नं. ७: गाउँपालिकामा रहेको धार्मिक स्थलहरुको विवरण

अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजाती, बहुभाषी, बहुधर्म र सामाजिक विविधता एवं साँस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्यस्थलको रुपमा सुपरिचित छ । विज्ञान, प्रविधि र सञ्चार प्रणालीमा भएको अभूतपूर्व विकासले सम्पूर्ण विश्व नै एउटा गाउँको रुपमा परिणत हुँदै गइरहेको अवस्थामा नेपालले यस्ता राष्ट्रिय सम्पदालाई विश्व सामु प्रस्तुत गर्दै विश्व पर्यटन बजारलाई आकर्षित गरी अत्यधिक लाभ लिन सक्ने क्षमता अभिवृद्धि गर्नु आवश्यक छ । पर्यटन व्यवसाय आफैंमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधीकरण र विस्तारद्वारा आम नागरिकको लागि रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ । यस प्रयोजनार्थ एकातर्फ नेपालका यी विविध सम्पदाको समुचित संरक्षण र सम्वर्द्धन गर्नु अत्यावश्यक भएको छ भने अर्कोतर्फ पर्यटन सेवासँग सम्बद्ध सबै प्रकारका पूर्वाधार विकास गर्दै पर्यटन सेवा उद्योगको संख्यात्मक एवं गुणात्मक वृद्धि गर्नु आवश्यक छ ।

प्राकृतिक मनोरम डाँडाहरु तथा नदीहरु र हरियाली, अत्यन्तै नजिकबाट अवलोकन गर्न सकिने रमणीयतामा आन्तरिक तथा बाह्य पर्यटकहरुको भ्रमण हुने गर्दछ । भौगोलिक कालक्रमको इतिहासमा यहाँ बग्ने साना र ठूला खोला तथा नदीहरु र पोखरीहरुको निर्माण हुन गएको छ । बंगलाचुली गाउँपालिकामा देविकोट मन्दिर, बागेश्वरी मन्दिर, भमेथान मन्दिर लगायत अन्य साना ठूला मन्दिरहरुको अलावा बंगलाचुली लेक, धिमधिमे लेक, डाटे गुफा, शिद्ध गुफा र बौद्ध, इस्लाम तथा क्रिश्चियन धर्मसँग सम्बन्धित धार्मिक संस्थाहरु समेत निर्माण हुन थालेका पाइन्छ । यस गाउँपालिका अन्तरर्गत पर्ने प्राकृतिक तथा साँस्कृतिक पर्यटकीय महत्व बोकेका स्थलहरुको निम्नलिखित रहेका छन् ।

### क) देविकोट मन्दिर

यो मन्दिर हाँसीपुर-४ देविकोटमा अवस्थित छ । यस मन्दिरको खास नाम भने भद्राक्षीदेवी मनकामना मन्दिर हो । यस स्थान भद्राक्षीदेवी मनकामना सिद्धि मन्दिर र पुलको थान छन् । यहाँ बडा दशैं र चैत दशैंको वेला भक्तजनहरुको घुँईचो लाग्दछ ।

### ख) बागेश्वरी मन्दिर

यस बागेश्वरी मन्दिर साविकको गा.वि.स. स्यूजा-८ उजा धनडाँडामा अवस्थित छ । यो मन्दिरमा रहेको शिलालेखमा वि.सं. १८८८ उल्लेख भएबाट पनि यो मन्दिर १८८८ साल वा सो भन्दा पहिलेनै स्थापना भएको मनिन्छ ।

### ग) धिमधिमे लेक

साविकको गा.वि.स. स्यूजा–४ मा पर्ने यस लेक दाङ जिल्लाको उच्च भागमा रहेकोले विगतमा नेपालको नक्सा बनाउनका साथै काठमाडौंबाट अध्ययन भ्रमणका साथै विदेश बाट समेत वेला वखतमा विज्ञको टोलीहरु आएर अध्ययन गर्ने गरेको पाईन्छ ।

### घ) बंगलाचुली लेक

साविकको गा.वि.स.लोहारपानी-४ मा अवस्थित यो लेक फुटबल खेल्न समेत पुग्ने समथर भागका साथै यहाँ बाट देखिने सिस्ने, जलजला, धौलागिरी, माछापुच्छ्रेका साथै दाङ कपिलवस्तु तथा भारतका समथर भु-भागहरु अवलोकन गर्न सकिन्छ ।

## २.१४ मुख्य चाडपर्वहरु

यस गाउँपालिकामा विभिन्न जाती, धर्म, सम्प्रदाय र भेषभुषाका मानिसहरु बसोबास गर्दछन् । यहाँ अधिकांश हिन्दू धर्म मान्ने मानिसहरु रहेका छन् भने मुस्लिम र क्रिस्चियन धर्म मान्ने मानिसहरु पनि छन् । सबै जातजाती र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरु छन् । जसमा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, होली, चैते दशैं, साउने-माघे सक्रान्ती, माघी, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, श्री स्वस्थानी पूर्णिमा, कर्कट संक्रान्ति, संकट पूजा, बुद्धजयन्ती, ईद, वकरईद, इदुलफितर, क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष आदि चाडपर्वहरु रहेका छन् ।

यसैगरी धार्मिक तथा साँस्कृतिक महत्वका निकै आकर्षक र बृहत् जात्रा एवं मेलाहरु पनि लाग्दछन् । फिरफीरे मेला, लरैना मेला, धारापानी मेला, पर्सेनी, भोटे मेला, बाह्रकुने दह मेला, पिपरी मेला, रिहार मेला, सूवाकोटी मेला, मण्डली मेला, टीकरी मेला, धानखोला मेला आदि यस गाउँपालिका तथा दाङ जिल्लामा लाग्ने मेलाहरु हुन् ।

## २.१५ सँस्कृति, कला, भाषा र साहित्य

बंगलाचुली गाउँपालिका सँस्कृति, कला, भाषा तथा साहित्यका दृष्टिकोणले धनी गाउँपालिकाका रुपमा हेरेको छ । गाउँपालिकामा विभिन्न किसिमका जातजाति, धर्म र भाषाभाषी बोल्ने परिवारहरुको बसोबास रहेको छ । विद्यमान सबै कला, सँस्कृतिको अध्ययन र संरक्षणको अभावका कारण कतिपय कला, सँस्कृति, परम्परा अमूर्त र लोपोन्मुख अवस्थामा रहेका छन् भने लोपोन्मुख अवस्थामा रहेका संस्कृति तथा कलालाई जोगाई आफ्नो पहिचान सहित पर्यटन क्षेत्रको विकास गराउन सकिन्छ ।

### क) मगर सँस्कृति

गाउँपालिकाको पर्यटनका बहुआयामिक पक्षमध्ये मौलिक सँस्कृति प्रमुख रुपमा रहेको हुन्छ । समाजशास्त्रीय दृष्टिकोण अनुसार सँस्कृतिको वृहत तथा व्यापक अर्थ र परिभाषा हुन्छ । समग्रमा मानिसको जीवनशैली, व्यवहार, चिन्तन, मूल्य, मान्यता परम्परा, विश्वास, कला, भाषा, चालचलन, धर्म आदि पक्षहरुको समष्टिगत अवधारणा नै साँस्कृतिक पक्ष हो । नेपालको प्रदेश नं ५ दाङ जिल्लामा पर्ने यस गाउँपालिकामा बसोबास गर्दै आएका मगर समुदाय मौलिक सँस्कृतिको दृष्टिले धनी छन् । मगर जातिको मौलिक र जीवनशैली, ज्ञान र सीप रहेका छन् । यद्यपि, आधुनिक जीवनशैली र विभिन्न साँस्कृतिक समूहहरु सँगको सम्बन्ध र प्रभावले गर्दा उनीहरुको साँस्कृतिक मौलिकतामा केही परिवर्तन हुन पुगेको देखिन्छ ।



नेपालको सम्पूर्ण जिल्लामा बासोवास गर्ने आदिवासी जातीको रुपमा मगर जातिलाई चिन्न सकिन्छ । बंगलाचुली गाउँपालिकामा ४२.८५ प्रतिशत मगर समुदायको बसोबास रहेको छ । मगर जातिसँग रहेको मौलिक साँस्कृतिक पक्ष र आदिवासी ज्ञानको अभिलेखीकरण तथा संरक्षण आवश्यक छ । साँस्कृतिक पर्यटन आन्तरिक तथा बाह्य पर्यटकहरुको चासो र आकर्षण बन्न पुगेको छ । बंगलाचुली क्षेत्रको ग्रामीण पर्यटनलाई एकीकृत गर्ने क्रममा यस क्षेत्रमा मगर रेस्टुरेन्ट र भोजनालयको विकास गरी उनीहरुको विशिष्ट परिकार पस्कने प्रयास जरुरी छ । त्यसैगरी, उनीहरुको भेषभूषा, नाचगान, बाजा, गीत र खेलहरुको प्रदर्शन र प्रस्तुतीकरणको माध्यमबाट आन्तरिक र बाह्य पर्यटकलाई आकर्षित गर्न सकिन्छ । काठमाडौंको नेवार सँस्कृति, मनाङ र मुस्ताङको गुरुङ तथा थकाली, सोलुको सेर्पा, लमजुङको घलेगाउँ गुरुङ, स्याङ्जाको सिरुबारी सँस्कृति ग्रामीण साँस्कृतिक-पर्यटन विकास भएका गन्तव्य स्थलहरु हुन् । यस सन्दर्भमा बंगलाचुली क्षेत्र मगर सँस्कृतिको पर्यटकीय गन्तव्यस्थल बन्न सक्ने प्रशस्त सम्भावन छ ।


भिन्नभिन्न ठाउँ र परिवेशबाट एउटै ठाउँमा बसोबासका लागि आएका समुदायका सँस्कृति, कला र चालचलनको अनुपम संगम थलोकारुपमा बंगलाचुली गाउँपालिको विकास भएको छ । खासगरी आदिवासी मगर समुदायको मौलिक सँस्कृति, चालचलन, भेषभूषा, भाषा, लवाइखवाइ बंगलाचुलीको साँस्कृतिको सम्पदा बनेको छ । मगर समुदायका गाउँवस्ती प्राय:मा बढी जनघनत्व रहेको हुन्छ । यिनीहरु एक्लै बस्न रुचाउँदैनन् । यद्यपी, आधुनिकतासँगै मगर समुदायमा पनि परिवार विखण्डन हुने क्रम बढ्दो छ ।

मगर समुदायका भुमेनाच, सेरिङ्के नाच, डाम्फुया स्याई नाचका साथै नेपाली भाषीहरुको सोरठी नाच, टप्पा नाच, बयलडाँरी, मामै नाच, सिंगारु नाच आदी नाचहरु प्रमुख नाच मानिन्छन् ।

मगर जातिको छुट्टै मौलिक पोशाक रहेको छ । मगर जातिका लोग्ने मान्छेले लुङ्गी-कमीज, भादगाउँले कालो टोपी र भाग्रा लगाउँछन् भने महिलाले लुंगी, गुन्यु चोलो, लेहंगा गटिया र फरिया लगाउँछन् । यस गाउँपालिकामा अन्य समुदायको मानिसहरु पनि बसोबास गर्न थाले पछि मगर समुदायमा पनि आफ्नो मौलिक पोशाक लगाउने चलन विस्तारै कम हुँदै गएको पाइन्छ । चाडपर्व वा अन्य कुनै औपचारिक कार्यक्रममा मात्रै मगरले आफ्नो पोशाक लगाउने गरेको पाईन्छ । यी विविधखाले मौलिक संस्कृतिको संरक्षण प्रवर्द्धन गर्दै पर्यटन बजारलाई आकर्षण गरी अत्यधिक लाभ लिन सक्ने प्रसस्त संभावना देखिन्छ ।

# खण्ड ३ : जनसाङ्ख्यिक विवरण

## ३.१ जनसंख्याको विवरण




नक्सा नं. ८: गाउँपालिकाको जनसंख्या सम्बन्धि विवरण

कुनैपनि स्थानको जनसंख्या विकासको साधन र साध्य दुवैको रुपमा रहेको हुन्छ । विकासको लागि आवश्यक अन्य आर्थिक, भौतिक साधनहरुको परिचालन मानव श्रोतबाट नै हुने भएकाले विकास योजना तर्जुमा गर्दा यसको बनावटको विविध पक्षहरुको अध्ययन र विश्लेषण आवश्यक हुन्छ। नेपालमा गाउँस्तरमा जनसंख्याको विविध पक्षको तथ्याङ्क प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणनाको साथै गाउँपालिकास्तरमा घरधुरी सर्वेक्षण मार्फत समेत प्राप्त हुने गरेको छ। यहाँ राष्ट्रिय जनगणनाबाट प्राप्त नतिजाको आधारमा जनसंख्याका विविध पक्षहरुको विश्लेषण गरिएको छ।

राष्ट्रिय जनगणना, २०६८ अनुसार बंगलाचुली गाउँपालिकाको जनसंख्या २४,२४५ रहेको छ जस मध्ये पुरुष ४४.८७ प्रतिशत (१०,८७९ जना) र महिला ५५.१३ प्रतिशत (१३,३६६ जना) रहेका छन्। यस गाउँपालिकामा पुरुषको तुलनामा महिला १०.२६ प्रतिशतले बढि रहेको पाइन्छ। सोही अनुसार लैंगिक अनुपात (Sex Ratio) अर्थात् प्रति १०० महिलामा पुरुषको संख्या ८१.३९ रहेको छ। जनघनत्व ९९ जना प्रति वर्ग किलोमिटर रहेको छ। राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाको कुल जनसंख्या मध्ये ४८.१४ प्रतिशत १५ देखि ५९ वर्ष उमेर समूहका, ४५.०५ प्रतिशत १४ वर्ष वा सो भन्दा कम उमेरका, र ६.८१ प्रतिशत ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका रहेका छन्। राष्ट्रिय जनगणना, २०६८ अनुसार बंगलाचुली गाँउपालिकामा ४,७३० घरपरिवार रहेका छन्। यस गाउँपालिकामा प्रति परिवार औषत ५.१३ जना सदस्य रहेको देखिन्छ। नेपालको परिवारको औषत आकार ४.८८ रहेको छ। देशमा सबैभन्दा बढी रौतहट जिल्लामा ६.४४ र सबैभन्दा कम कास्कीमा ३.९२ रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गारिएको छ।

तालिका नं. ४: जनसंख्याको विवरण

| विवरण | वि.सं. २०६८ |
|---|---|
| जम्मा जनसंख्या | २४२४५ |
| पुरुष | १०,८७९ (४४.८७ प्रतिशत) |
| महिला | १३,३६६ (५५.१३ प्रतिशत) |
| लैंगिक दर | ८१.३९ |
| जम्मा घरधुरी | ४,७३० |
| औषत परिवार आकार | ५.१३ |
| ५ वर्ष र सोभन्दा माथिको साक्षरता दर (प्रतिशतमा) | ६०.२४ |
| जनघनत्व (प्रतिवर्ग कि.मी.) | ९९ |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*


## ३.२ वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण


तालिका नं. ५: वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण

| वडा नं. | जम्मा क्षेत्रफल | औषत घरधुरी आकार | जम्मा घरधुरी संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| १ | २३.४९ | ४.४९ | ५४० | २,४२७ | १००२ | १४२५ | १०३.३२ |
| २ | १८.०७ | ४.८६ | ४३५ | २,११४ | ९७२ | ११४२ | ११६.९९ |
| ३ | २८.७३ | ४.६० | ७६९ | ३,५३६ | १५०७ | २०२९ | १२३.०८ |
| ४ | २८.४२ | ४.८१ | ७०४ | ३,३८३ | १४६८ | १९१५ | ११९.०४ |
| ५ | २७ | ५.७३ | ५४२ | ३,१०८ | १३९९ | १७०९ | ११५.११ |
| ६ | २६.९३ | ५.१३ | ५७४ | २,९४३ | १२९२ | १६५१ | १०९.(२८ |
| ७ | ३६.३९ | ५.६३ | ६१० | ३,४३६ | १६३४ | १८०२ | ९४.४२ |
| ८ | ५८.११ | ५.९३ | ५५६ | ३,२९८ | १६०५ | १६९३ | ५६.७५ |
| जम्मा | २४७.१४ | ५.१३ | ४,७३० | २४,२४५ | १०,८७९ | १३,३६६ | ९८.१० |


*स्रोत: राष्ट्रिय जनगणना २०६८*

बंगलाचुली गाउँपालिका मिति २०७३ फागुन २७ गते बाट स्थापना भएको हो। यस गाउँपालिकामा साविक का स्यूजा, काभ्रे, लोहारपानी र हाँसिपुर गा.वि.स गरि ४ वटा गा.वि.स समावेश भएका छन्। यस गाउँपालिकामा हाल ८ वटा वडाहरु कायम गरिएको छ। यी वडाहरुमा तुलनात्मक अध्ययन गर्दा सबैभन्दा धेरै जनसंख्या भएको वडामा वडा नं ३ रहेको छ जसमा जम्मा जनसंख्या ३,५३६ (पुरुषको १,५०७ जना र महिलाको २,०२९ जना) रहेको छ। यस वडाको औषत परिवार आकार ४.६० र घरधुरी संख्या ७६९ रहेको छ। त्यस्तै सबैभन्दा थोरै जनसंख्या भएको वडामा वडा नं. २ रहेको छ जसको जनसंख्या २,११४ (पुरुषको ९७२ जना र महिलाको १,१४२ जना) रहेको छ भने घरधुरी संख्या ४३५ र औषत परिवार संख्या ४.८६ रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ। यसलाई तलको चित्र बाट स्पष्ट पार्न सकिन्छ।








नक्सा नं. ९: गाउँपालिकाको वडागत घरधुरी विवरण




नक्सा नं. १०: गाउँपालिकाको वडा अनुसार क्षेत्रफल विवरण




नक्सा नं. ११: गाउँपालिकाको लिङ्ग अनुसार जनसंख्या विवरण




नक्सा नं. १२: गाउँपालिकाको प्रमुख बसोबास क्षेत्र

## ३.३ १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण

कुनै पनि देशले विवाहका लागि कानूनमै न्यूनतम उमेर तोकेको हुन्छ। उक्त उमेर नपुग्दै विवाह गरिन्छ भने त्यसलाई बालविवाहको रुपमा तथा कम उमेरमा गरेको विवाहका रुपमा लिने गरिन्छ। नेपालमा मुलुकी ऐन, २०२० (एघारौं संशोधन २०५८) ले विवाह गर्दा महिला र पुरुषको उमेर संरक्षकको मञ्जुरी भए अठार वर्ष र संरक्षकको मञ्जुरी नभए वीस वर्ष नपुगी विवाहवारी गर्न नहुने कानूनी व्यवस्था गरेको छ। वर्तमान समयमा शिक्षाको प्रचारप्रसारका कारणले गर्दा व्यक्तिहरूमा विस्तारै चेतनामा अभिवृद्धि हुँदै आएको कारण वालविवाहको चलन घट्दै गइरहेको पाइन्छ। यद्यपी अझै केही स्थानहरुमा गलत सामाजिक परम्परा र मूल्य मान्यताका कारण नाबालक अवस्थामै विवाह गरिदिने चलन रहेको देखिन्छ। साथै पछिल्लो क्रममा इन्टरनेट, टेलिभिजन र मोवाइलमा बालबालिकाको पहूँच वृद्धि भई दुरुपयोग बढेर आफुखुसी वालविवाह गरेका घटनाहरू पनि सुनिन्छ । प्रविधिको दुरुपयोग, अपरिपक्क निर्णयजस्ता कारणबाट विवाहमा बढोत्तरी भएको छ ।


राष्ट्रिय जनसाङ्खिक तथा स्वास्थ्य सर्भेक्षणका अनुसार बाल विवाह गर्ने क्रममा १५ देखि १९ वर्षका किशोरीको प्रतिशत तुलनात्मक रुपमा बढ्दै गएको देखिन्छ। प्लान नेपाल लगायत अन्य संस्थाहरू मिलेर गरेको अध्ययन प्रतिवेदन सन् २०१२ अनुसार २६.७ प्रतिशत किशोरीहरू र ५.८ प्रतिशत किशोरहरूले बाल विवाह गरेको देखिन्छ। जुन २०६८ को जनसाङ्खिक तथा स्वास्थ्य सर्भेक्षण भन्दा घट्दो क्रममा देखिन्छ।

तालिका नं. ६: १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण

| लिङ्ग | कहिल्यै विवाह नभएको | एकल | बहु विवाह भएको | पुन: विवाह भएको | विधवा / विधुर | पारपाचुके भएको | छुट्टिएएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| पुरुष | २८०९ | ३३३८ | १०० | ८१५ | १५६ | ४३ | ९ | ७२७० |
| महिला | २९९९ | ५३१३ | १८ | ९३६ | ३७० | ३५ | २३ | ९६९४ |
| जम्मा | ५८०८ | ८६५१ | ११८ | १७५१ | ५२६ | ७८ | ३२ | १६९६४ |
| प्रतिशत | ३४.२४ | ५१.०० | ०.७० | १०.३२ | ३.१० | ०.४६ | ०.१९ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

यस गाउँपालिकामा १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको वैवाहिक स्थितिको अवस्था देखाइएको छ। जसमा ८,६५१ जना (५१.०० प्रतिशत) एक विवाह गर्नेको संख्या र बहु-विवाह गर्ने ११८ जना (०.७० प्रतिशत) रहेको छ। पुन: विवाह गर्ने १,७५१ जना (१०.३२ प्रतिशत), विधुवा/विधुर ५२६ जना ( ३.१० प्रतिशत), पारपाचुके भएका ७८ जना (०.४६ प्रतिशत) र छुट्टिएका ३२ जना (०.१९ प्रतिशत) रहेका छन्। गाँउपालिकामा एक विवाह गर्ने महिलाको संख्या एक विवाह गर्ने पुरुषको भन्दा २,२३४ (२०.०३ प्रतिशत) ले बढी रहेको छ। भने बहु विवाह गर्ने पुरुषको संख्या बहु विवाह गर्ने महिलाको संख्या भन्दा ८२ जना (६९.५० प्रतिशत) ले बढी रहेको देखिन्छ। जसलाई तलको चित्रमा देखाउन सकिन्छ ।




## ३.४ पहिलो विवाह गर्दाको उमेरको विवरण


**तालिका नं. ७:** पहिलो विवाह गर्दाको उमेरको विवरण

| लिङ्ग | १० वर्ष सम्ममा | १०-१४ वर्ष | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ३५-३९ वर्ष | ४०-४४ वर्ष | ४५-४९ वर्ष | ५० भन्दा माथि | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ५ | १९९ | २२६१ | १४९६ | ३८९ | ७२ | २४ | १० | ५ | २ | ४,४६३ |
| महिला | ३८ | ८९९ | ४६२० | १००४ | १२० | २३ | ६ | २ | १ | ० | ६,७१३ |
| जम्मा | ४३ | १,०९८ | ६,८८१ | २,५०० | ५०९ | ९५ | ३० | १२ | ६ | २ | ११,१७६ |
| प्रतिशत | ०.३८ | ९.८२ | ६१.५७ | २२.३७ | ४.५५ | ०.८५ | ०.२७ | ०.११ | ०.०५ | ०.०२ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तालिकामा १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको पहिलो विवाह गर्दाको उमेरको विवरण देखाइएको छ। यस गाउँपालिकामा १५ वर्षदेखि १९ वर्षसम्मको उमेर समूहमा विवाह गर्नेको संख्या ६,८८१ अर्थात् सबैभन्दा बढी (६१.५७ प्रतिशत) देखिन्छ भने त्यसपछि २० वर्ष देखि २४ वर्षसम्मको उमेर समूहको संख्या २,५०० (२२.३७ प्रतिशत) देखिन्छ। तेस्रोमा १० देखि १४ वर्ष उमेरसमूहको संख्या १,०९८ (९.८२ प्रतिशत) रहेको छ भने १० बर्षसम्मका उमेरसमूहका बालबालिकाको पनि पहिलो विवाह गर्दाको जनसंख्या ४३ (०.३८ प्रतिशत) रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

यस गाँउपालिकामा पछिल्लो अवस्थामा बाल विवाह कम हुँदै गएको पाइन्छ। १० वर्षको उमेरमा विवाह गर्ने प्रवृति अहिले नियन्त्रण भएपनि पहिले विवाह गरेका केही व्यक्तिहरु (प्राय :वृद्धवृद्धा) पनि समेटिएको तथ्याङ्कले देखाएको छ। यसलाई पूर्ण रुपमा नियन्त्रण गर्नको लागि उचित शिक्षा तथा चेतनामूलक कार्यक्रमको प्रचार प्रसार गर्नु पर्ने देखिन्छ। यसलाई तलको चित्रबाट प्रस्तुत गरिएको छ।




## ३.५ उमेर समूहअनुसार जनसख्याको विवरण


तालिका नं. ८: उमेर समूहअनुसार जनसंख्याको विवरण

| उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत | लिङ्गिक अनपात |
|---|---|---|---|---|---|
| ०-४ | १,७२७ | १,७१८ | ३,४४५ | १४.२१ | १.०१ |
| ५-९ | १,८८२ | १,९५४ | ३,८३६ | १५.८२ | ०.९६ |
| १०-१४ | १,७७७ | १,८६४ | ३,६४१ | १५.०२ | ०.९५ |
| १५-१९ | ९१६ | १,५१५ | २,४३१ | १०.०३ | ०.६० |
| २०-२४ | ५९४ | १,२२१ | १,८१५ | ७.४९ | ०.४९ |
| २५-२९ | ५१५ | ९९१ | १,५०६ | ६.२१ | ०.५२ |
| ३०-३४ | ५०२ | ७४० | १,२४२ | ५.१२ | ०.६८ |
| ३५-३९ | ४६३ | ६५३ | १,११६ | ४.६० | ०.७१ |
| ४०-४४ | ४३५ | ६४३ | १,०७८ | ४.४५ | ०.६८ |
| ४५-४९ | ४४९ | ४९९ | ९४८ | ३.९१ | ०.९० |
| ५०-५४ | ४१५ | ४३१ | ८४६ | ३.४९ | ०.९६ |
| ५५-५९ | ३५५ | ३३५ | ६९० | २.८५ | १.०६ |
| ६०-६४ | ३३३ | ३४७ | ६८० | २.८० | ०.९६ |
| ६५-६९ | २४४ | १९४ | ४३८ | १.८१ | १.२६ |
| ७०-७४ | १५३ | १३७ | २९० | १.२० | १.१२ |
| ७५-७९ | ६७ | ६५ | १३२ | ०.५४ | १.०३ |
| ८०-८४ | ३६ | ४३ | ७९ | ०.३३ | ०.८४ |
| ८५-८९ | १० | १० | २० | ०.०८ | १.०० |
| ९०-९४ | ३ | २ | ५ | ०.०२ | १.५० |
| ९५+ | ३ | ४ | ७ | ०.०३ | ०.७५ |
| जम्मा | १०,८७९ | १३,३६६ | २४,२४५ | १००.०० | ०.८१ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

माथिको तालिका अनुसार वि.सं. २०६८ सम्ममा बंगलाचुली गाउँपालिकाको ०-१४ वर्ष उमेर समूहको संख्या १०,९२२ (४५.०५ प्रतिशत) रहेको छ, १५-४५ वर्ष उमेर समूहको जनसंख्या ९,१८८ (३७.९० प्रतिशत) छ, काम गर्ने उमेरसमूह १५ देखि ५९ वर्षसम्मको जनसंख्या ११,६७२ (४८.१४ प्रतिशत) रहेको छ। लिङ्गको आधारमा हेर्दा महिलाको जनसंख्या १३,३६६ (५५.१३ प्रतिशत) र पुरुषको जनसंख्या १०,८७९ ( ४४.८७ प्रतिशत) रहेको र यसप्रकार महिला र पुरुषको जनसंख्याको अन्तर १०.२६ प्रतिशत देखिन्छ। ६० वर्ष भन्दामाथि उमेर समूहको संख्या १,६५१ (६.८१ प्रतिशत) रहेको छ। तथ्याङ्कले गाँउपालिकामा मानव स्रोतको प्रशस्तमात्रामा सम्भावना रहेको तथ्यलाई देखाउँछ। साथै बालबालिकाको संख्या पनि उच्च हुनुले आउँदा दिनहरुमा पनि यस गाउँपालिकामा मानव स्रोतको कमी नहुने देखाउँछ। जसको विस्तृत विवरण तालिका तथा चित्रमा देखाईएको छ।

उमेर समूहअनुसार जनसंख्याको विवरण





## ३.६ जातजाति समूहअनुसार जनसंख्याको विवरण

यस गाउँपालिकामा सामाजिक संरचनाको दृष्टिकोणबाट विविधतायुक्त रहेको पाईन्छ। राष्ट्रिय जनगणना २०६८ अनुसार बंगलाचुली गाँउपालिकामा विभिन्न जातजाति, समूहअनुसार जनसंख्याको अवस्थालाई हेर्दा सबैभन्दा बढी मगर जाति १०,३९० जना (४२.८५ प्रतिशत), दोस्रोमा क्षेत्री ७,१०६ (२९.३१ प्रतिशत) र तेस्रोमा कामी २,५७१ (१०.६० प्रतिशत) रहेका छन्। जसको विस्तृत विवरण तलको तालिका र चित्रमा उल्लेख गरिएको छ।

तालिका नं. ९: बंगलाचुली गाँउपालिकाको जातजाति समूह अनुसार जनसंख्याको विवरण

| क्र.सं. | जातजाति | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | मगर | १०,३९० | ४२.८५ |
| २ | क्षेत्री | ७,१०६ | २९.३१ |
| ३ | कामी | २,५७१ | १०.६० |
| ४ | सार्की | १,२६३ | ५.२१ |
| ५ | ब्राम्हण पहाडी | १,१८७ | ४.९० |
| ६ | दमाई/ढोली | ७६३ | ३.१५ |
| ७ | सन्यासी/दशनामी | ३२७ | १.३५ |
| ८ | ठकुरी | २१२ | ०.८७ |
| ९ | जनजाति अन्य | ५१ | ०.२१ |
| १० | दलित अन्य | ३४० | १.४० |
| ११ | तराई अन्य | २७ | ०.११ |
| १२ | अन्य | ८ | ०.०३ |
| | जम्मा | २४,२४५ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*




## ३.७ मातृभाषा अनुसार जनसंख्याको विवरण

तालिका नं. १०: मातृभाषा अनुसार जनसंख्याको विवरण

| क्र.सं. | भाषा | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाली | २३,५११ | ९६.९७ |
| २ | खाम | ६८० | २.८० |
| ३ | मगर | २५ | ०.१० |
| ४ | मैथिली | ६ | ०.०२ |
| ५ | हिन्दी | ३ | ०.०१ |
| ६ | थारु | २ | ०.०१ |
| ७ | भोजपुरी | १ | ०.०० |
| ८ | उल्लेख नगरिएको | १७ | ०.०७ |
| जम्मा | | २४,२४५ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

यस गाँउपालिकामा बसोबास गर्ने व्यक्तिहरूले बोल्ने विभिन्न मातृभाषाहरूमा विविधता रहेको पाइन्छ। मातृभाषाअनुसार जनसंख्याको तुलनात्मक अध्ययन गर्दा यस गाँउपालिकामा सबैभन्दा बढी मगर जातिको बसोबास भएको पाईन्छ । गाउँपालिकामा पछिल्ला राष्ट्रिय जनगणना २०६८ अनुसार नेपाली भाषा बोल्नेहरुको संख्या सबैभन्दा बढी अर्थात २३,५११ (९६.९७ प्रतिशत) रहेको देखिन्छ । दोस्रोमा खाम भाषा ६८० (२.८० प्रतिशत), तेस्रोमा मगर भाषा बोल्नेको संख्या २५ (०.१० प्रतिशत) रहेको पाइन्छ । यसैगरी अन्य भाषाहरु बोल्नेको संख्या २९ (०.१२ प्रतिशत) रहेको पाइन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ । विवरणलाई तल स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ ।



## क)	आदिवासी/जनजाती

आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ अनुसार आदिवासी जनजाती भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै साँस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएका ५८ जाति वा समुदायलाई बुझिन्छ।

यस गाउँपालिकाको कुल जनसंख्या मध्ये ४३.०६ प्रतिशत (१०,४४१ जना) जनसंख्या आदिवासी ( मगर र अन्य जनजाति आदि) रहेको छ । जसमा सबैभन्दा बढी मगर जातिको संख्या १०,३९० (४२.८५ प्रतिशत) जनसंख्या रहेको पाइन्छ। मुख्यत: कृषि पेशामा संलग्न यी समुदायमा साक्षरता प्रतिशत तुलनात्मक रुपमा न्यून रहेको छ। यी जनजातीहरुको आधुनिकताको प्रभावको बीच आफ्नो मौलिक संस्कृतिलाई भने बचाई राखेको पाइन्छ। यी समुदायद्वारा बंगलाचुली गाउँपालिकाको मौलिक संस्कृतिलाई जिवन्त राख्न सहयोग पुगेको छ। यस समुदायबाट जनप्रतिनिधिको रुपमा हाल राष्ट्रको निर्णायक तहहरुमा केहि समेत सहभागिता देखिएको छ। यस गाउँपालिका भिषण मलेरियादेखि हिंस्रक जनावरहरूसँग सदियौ देखि संघर्ष गर्दै बंगलाचुलीको विकास निर्माणमा हात पाखुरी चलाउदै आएको छ यद्यपी यो समुदाय सामाजिक, राजनैतिक र आर्थिक विकासको दृष्टिकोणले समेत तुलनात्मक रुपमा केही पछाडी परेको देखिन्छ। बगंलाचुली गाउँपालिकाको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष पहल गर्नु पर्ने अवस्था देखिन्छ। यस समुदायमाथि विशेष ध्यान दिनु आवश्यक देखिन्छ।

## ख)	सिमान्तकृत तथा उत्पीडित समुदाय

नेपालको संविधान (२०७२) को भाग ३४ को धारा ३०६ को (ड) मा सिमान्तकृत जनसंख्या भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रुपले पछाडि पारेका, विभेद र उत्पीडित तथा भौगोलिक विकटताको कारणले सेवा सुबिधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघिय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिका समुदाय भनेर परिभाषित गरेको छ।

बंगलाचुली गाउँपालिमा उत्पीडित (कामी, सार्की, दमाई आदि) समुदायको जनसंख्या लगभग २०.३६ प्रतिशत (४,९३७ जना) रहेको छ। सामाजिक विभेदका रुपमा छुवाछुत जस्तो अमानवीय भेदभाव भोगिरहेको यो समुदायले राजनितिक, आर्थिक र सामाजिक क्षेत्रमा उपेक्षित हुनु परेको छ। यस समुदायका आधारभूत विद्यालय र माध्यामिक विद्यालयमा अध्ययन छात्र छात्राहरूको संख्या भने तुलनात्मक रुपमा कम रहेको छ। परम्परागत शिल्पको धनी यो समुदायले आफ्नो सिपलाई आर्थिक विपन्नता र सामाजिक उपेक्षाका कारण पनि अघि बढाउन नसकेको पाइन्छ। मुलुकी ऐन २०२० को कानूनी व्यवस्था अन्तर्गत जातिय छुवाछुतलाई कानूनी अपराधको रुपमा परिभाषित गरिएको झण्डै ५ दशक हुन लाग्दा पनि उत्पीडित र अपेक्षित समुदायले यद्यापि उपेक्षित हुनुपर्ने अवस्था कायमै रहेको छ। निजामती सेवा र गैर सरकारी सेवामा पनि यो समुदायको उपस्थिति अत्यन्तै न्यून छ। त्यसै गरी राजनितिक क्षेत्रमा २०४६ साल यता यो समुदायले आफ्ना सामुदायिक संगठनहरू समेत निर्माण गरेको पाइन्छ।

राजनितिक नेतृत्वमा भने सीमित व्यक्तिहरूमात्र यस समुदायको प्रतिनिधित्व गरिरहेका छन्। यस समुदायका अधिकांश व्यक्तिहरू अदक्ष र अर्धदक्ष जनशक्ति कै रुपमा ज्याला, मजदुरी गरेर जीवनयापन गरिरहेको पाइन्छ। यस गाँउपालिकाको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष अभियानको नै थालनी गर्नुपर्ने अवस्था देखिन्छ।

## ३.८ धर्मअनुसार जनसंख्याको विवरण

नेपालमा धार्मिक स्वतन्त्रता र विविधता रहेको छ अझै विधिवतरुपमा नेपालको अन्तरिम संविधान २०६३, ले मिति २०६३ जेठ ४ पुर्नस्थापित संसदको ऐतिहासिक घोषणाले नेपाललाई एक धर्म निरपेक्ष राष्ट्रको रुपमा घोषणा गरेको छ । त्यस्तै नेपालको संविधान २०७४ को प्रस्तावनामा नेपाललाई एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गर्दै; वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्ने उल्लेख गरिएको छ । फलस्वरुप नेपालमा धार्मिक स्वतन्त्रता र सौहार्दता रहेको पाईन्छ ।


यस बंगलाचुली गाउँपालिकाका अधिकांश मानिसहरूले धर्मको रुपमा सनातन हिन्दु धर्मलाई अपनाएको देखिन्छ भने गाउँपालिकामा बौद्ध, क्रिश्चियन, ईस्लाम, प्रकृति, अपनाई धार्मिक सहिष्णुता साथ आ-आफ्नो धर्म अनुसार रिती संस्कृति अंगालेको पाईन्छ । गाउँपालिकामा अवलम्बन गरेको धर्मको विस्तृत विवरण लाई तालिकामा उल्लेख गरिएको छ । बंगलाचुली गाउँपालिका धर्म अनुसार जनसंख्याको वितरण निम्न अनुसार रहेको छ ।

तालिका नं. ११: धर्मअनुसार जनसंख्याको विवरण

| धर्म | हिन्दु | बौद्ध | क्रिश्चियन | इस्लाम | प्रकृति | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| जनसंख्या | २३,०६७ | ९६६ | २०१ | ७ | ३ | १ | २४,२४५ |
| प्रतिशत | ९५.१४ | ३.९८ | ०.८३ | ०.०३ | ०.०१ | ०.०० | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तालिका अनुसार धार्मिक दृष्टिकोणले हेर्दा यस गाउँपालिकामा अधिकांश हिन्दु धर्मावलम्बीहरू रहेका छन्। पछिल्लो जनगणना अनुसार यहाँको कुल जनसंख्याको ९५.१४ प्रतिशत (२३,०६७ जना) हिन्दु, ३.९८ प्रतिशत (९६६ जना) बौद्ध धर्मावलम्बीहरु, ०.८३ प्रतिशत (२०१ जना) क्रिश्चियन, ०.०३ प्रतिशत (७ जना) इस्लाम, ०.०१ प्रतिशत (३ जना) प्रकृति र १ जना उल्लेख नगरिएको देखिन्छ। माथिको विवरणलाई तल स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ ।




यहाँका आदिवासी/जनजाति मगर समुदायका मानिसहरूको बाहुल्यता रहेको देखिन्छ। यस गाउँपालिकाका प्राय जसो समुदायका अधिकांश मानिसहरूले धर्मको रुपमा सनातन हिन्दु धर्मलाई अपनाएको देखिन्छ। यद्यपि मगर समुदायको भने आफ्नै भाषा, रहनसहन, भेषभुषा एवं परम्परा र संस्कार रहेको पाईन्छ। वेदमूलक आर्य-संस्कृतिका विधि-विधान र धर्म शास्त्र आदिलाई रामायण, महाभारत, पूराण आदि ग्रन्थहरूको आधार मानी ती बिषयवस्तुहरूलाई लोकभाषा, लोकलय, लोकधुन, र लोकशैलीमा ढालेर लोकजीवनको सेरोफेरोसित तादात्म्य मिलाई आफ्नोपन झल्काउने गरी दोहोरी, लोकगीत आदिको रुपमा विभिन्न विशिष्ट अवसरहरूमा प्रस्तुत गरिन्छ। यो समुदायको विशेष पहिचान नै आफ्नो विशिष्ट भाषिक र सांस्कृतिक मौलिकपना नै हो। गाउँपालिकामा विभिन्न समुदायका मानिसहरुको बसोबास रहेका हुनाले उनीहरुका आआफ्नै चाडपर्वहरु छन्। जस्तै, हिन्दूधर्मावलम्बीहरुले बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, होली, चैते दशैं, साउने-माघे संक्रान्ति, माघी, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, श्री स्वस्थानी पूर्णिमा, नयाँ वर्ष, सोह्रश्राद्ध, बोल बम आदि चाडपर्वहरु मानउँने गर्दछन्। बौद्ध धर्मावलम्बीहरुले बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरु, तिहार आदि मनाउने गरेको पाइएको छ। यसैगरी ईस्लामहरुले ईद, वकरईद, इदुलफितर आदि र क्रिश्चियनहरुले क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष, भ्यालेनटाईने डे आदि मनाउने गर्दछन्।


## ३.९ परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण

तालिका नं. १२: परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण

| वडा नं | निजी | भाडा | संस्थागत | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | ५०७ | २७ | २ | ४ | ५४० |
| २ | ४२५ | २ | ० | ८ | ४३५ |
| ३ | ७४३ | १६ | २ | ८ | ७६९ |
| ४ | ६७८ | १३ | ० | १३ | ७०४ |
| ५ | ५२७ | १३ | ० | २ | ५४२ |
| ६ | ५६४ | २ | ० | ८ | ५७४ |
| ७ | ६०३ | ७ | ० | ० | ६१० |
| ८ | ५४४ | ९ | ० | ३ | ५५६ |
| जम्मा | ४,५९१ | ८९ | ४ | ४६ | ४,७३० |
| प्रतिशत | ९७.०६ | १.८८ | ०.०८ | ०.९७ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तालिकामा बंगलाचुली गाउँपालिकाको परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण देखाइएको छ। यस गाँउपालिकामा जम्मा ४,७३० घरधुरीहरु मध्ये आफ्नो स्वामित्वमा रहेको घरधुरी संख्या ४,५९१ (९७.०६ प्रतिशत), भाडामा बस्ने घरधुरी संख्या ८९ (१.८८ प्रतिशत) रहेको देखिन्छ । त्यस्तै अन्य घरधुरीको संख्या ५० (१.०६ प्रतिशत) रहेका छन्। त्यस्तै परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरणलाई वडागत रुपमा तुलना गर्दा वडा नं. ३ मा निजी स्वामित्वमा रहेको घरधुरी संख्या ७४३ सबैभन्दा बढी रहेको पाइन्छ । त्यसैगरी वडा नं. २ मा सबैभन्दा कम ४२५ घरधुरी संख्या निजी स्वामित्वमा रहेको देखिन्छ । जसको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ। तालिकाको विवरणलायई तल स्तम्भ चित्रबाट प्रस्तुत गरिएको छ।



## ३.१० घरमूलीको लैङ्गिक विवरण


चौधौं योजनामा उल्लेख भए अनुसार महिला घरमूली २५.७ प्रतिशत, सम्पतिमाथि महिलाको स्वामित्व २६ प्रतिशत, महिला साक्षरता दर ५७.४ प्रतिशत र श्रम सहभागिता दर ५४ प्रतिशत रहेको छ । यसै तथ्यांकलाई आधार मानी स्थानिय सरकारको रुपमा गठित गाउँपालिकाको महिला घरमूलिको विवरण उल्लेख गरिएको छ ।

तालिका नं. १३: घरमुलीको लैङ्गिक विवरण

| वडा | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | २९५ | २४५ | ५४० |
| २ | ३१३ | १२२ | ४३५ |
| ३ | ४५३ | ३१६ | ७६९ |
| ४ | ४३६ | २६८ | ७०४ |
| ५ | ४२३ | ११९ | ५४२ |
| ६ | ४०७ | १६७ | ५७४ |
| ७ | ४९८ | ११२ | ६१० |
| ८ | ४९७ | ५९ | ५५६ |
| जम्मा | ३,३२२ | १,४०८ | ४,७३० |
| प्रतिशत | ७०.२३ | २९.७७ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

वि.सं. २०६८ को केन्द्रीय तथ्यांक विभागको नतिजाअनुसार जम्मा ४,७३० घरधुरी संख्या रहेको यस गाउँपालिकामा ७०.२३ प्रतिशत घरमा पुरुषहरु घरमुली भएर घरको मुख्य जिम्मेवारी लिइएको पाइन्छ भने २९.७७ प्रतिशत महिलाहरु घरमुली भई घरको मुख्य जिम्मेवारी लिइएको देखिन्छ । गाउँपालिकाको वडागतरुपमा लैङ्गिक घरधुरीको तुलना गर्दा समग्र सबै वडाहरुमा पूरुष घरमूली बढि रहेको देखिन्छ । यो अवस्था समग्र देशको तुलनासँग मिल्दो जुल्दो रहेको देखिन्छ । लैङ्गिक आधारमा घरमुलीको संख्या पुरुष र महिलाको बीचमा ४०.४७ प्रतिशतको अन्तर देखिन्छ । जसको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ साथै विवरणलाई तल स्तम्भमा चित्र प्रस्तुत गरिएको छ ।




## ३.११ महिलाका नाममा भएको घरको स्वामित्वको विवरण

तालिका नं. १४: महिलाका नाममा भएको घरको स्वामित्वको विवरण

| वडा नं. | घरमा स्वामित्वमा भएको | घरमा स्वामित्वमा नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|
| १ | २६ | ५१२ | २ | ५४० |
| २ | १३ | ४२२ | ० | ४३५ |
| ३ | ५३ | ७१५ | १ | ७६९ |
| ४ | ७४ | ६२७ | ३ | ७०४ |
| ५ | १९ | ५१९ | ४ | ५४२ |
| ६ | २५ | ५४४ | ५ | ५७४ |
| ७ | २ | ६०५ | ३ | ६१० |
| ८ | १९ | ५३४ | ३ | ५५६ |
| प्रतिशत | २३१ | ४,४७८ | २१ | ४,७३० |
| जम्मा | ४.८८ | ९४.६७ | ०.४४ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तालिकामा बंगलाचुली गाउँपालिकामा महिलाका नाममा भएको घरको स्वामित्वको विवरण देखाइएको छ। जसमा महिलाको स्वामित्वमा रहेको घरधुरी संख्या २३१ (४.८८ प्रतिशत) र स्वामित्व नभएको घरधुरी संख्या ४,४७८ (९४.६७ प्रतिशत) रहेको छ भने उल्लेख नगरिएको घरधुरी संख्या २१ (०.४४ प्रतिशत) रहेको छ। जुन प्राप्त तथ्यांक अनुसार यस गाँउपालिकामा अझै लैङ्गिक असमानता देखिन्छ। यस खालको असमानता कम गर्न र सामाजिक तथा आर्थिक सबलीकरण गर्न विभिन्न जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्नुपर्ने देखिन्छ। जसको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ भने तालिकाको विवरणलायई तल स्तम्भ चित्रबाट प्रस्तुत गरिएको छ।




## ३.१२ जमिनमा महिलकाको स्वामित्वको विवरण

तालिका नं. १५: जमिनमा महिलाको स्वामित्वको विवरण

| वडा नं | स्वामित्व भएको | स्वामित्व नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|
| १ | २६ | ५१२ | २ | ५४० |
| २ | १३ | ४२२ | ० | ४३५ |
| ३ | ५३ | ७१५ | १ | ७६९ |
| ४ | ७४ | ६२७ | ३ | ७०४ |
| ५ | १९ | ५१९ | ४ | ५४२ |
| ६ | २५ | ५४४ | ५ | ५७४ |
| ७ | २ | ६०५ | ३ | ६१० |
| ८ | १९ | ५३४ | ३ | ५५६ |
| जम्मा | २३१ | ४,४७८ | २१ | ४,७३० |
| प्रतिशत | ४.८८ | ९४.६७ | ०.४४ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तालिकामा बंगलाचुली गाउँपालिकामा बसोबास गर्ने परिवारको जमिनमा महिलाको स्वामित्वको विवरण देखाईएको छ। जसमा जमिनमा महिलाको स्वामित्व भएको घरधुरी संख्या ३७१ (७.८४ प्रतिशत) र जग्गामा स्वामित्व नभएको महिलाको घरधुरी संख्या ४,३३८ (९१.७१ प्रतिशत) रहेको छ। जसलाई तलको चित्रबाट देखाउन सकिन्छ। तथ्याङ्क अनुसार गाउँपालिकामा अझैपनि लैङ्गिक असमानता देखिन्छ। यस खालको असमानतालाई कम गर्न विभिन्न चेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने  देखिन्छ। तसर्थ यस तथ्याङ्कले महिलाभन्दा पुरुषहरुमा नै जग्गाको स्वामित्व अत्यधिक रहेको देखाउँछ। राज्यले जग्गा रजिष्ट्रेशनमा महिलाको स्वामित्वलाई वृद्धि गर्न छुट दिने नीति अवलम्बन गरेबाट यसमा केहि सुधारका संकेतहरु देखिएका छन्। जसलाई तलको चित्रबाट स्तम्भ स्पष्ट पार्न सकिन्छ।




मथिको विवरण र स्तम्भलाई अध्ययन गर्दा महिला समानताको कायम गर्न नेपाल सरकारले महिलाको नाममा जग्गा राजिष्ट्रेसन गर्दा राजस्वमा छुट दिएको छ यसंले जमिनको स्वामित्वमा केही परिवर्तन भएको पाइन्छ।

## ३.१३ अनुपस्थित घरधुरी र जनसंख्याको विवरण

तालिका नं. १६: अनुपस्थित घरधुरी र जनसंख्याको विवरण

| जनगणना वर्ष | उपस्थित घरधुरी | अनुपस्थित घरधुरी | जम्मा घरधुरी |
|---|---|---|---|
| २०६८ | २,५४३ | २,१८७ | ४,७३० |
| प्रतिशत | ५३.७७ | ४६.२३ | १००.०० |

*श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

गाउँपालिकामा अनुपस्थित घरधुरी संख्या २,१८७ (४६.२३ प्रतिशत) रहेको देखिन्छ भने उपस्थित घरधुरी संख्या २,५४३ (५३.७७ प्रतिशत) रहेको देखिन्छ । तथ्याङ्क अनुसार यस गाउँपालिकामा बाट विभिन्न पेशा, व्यापार व्यवसाय वा वैदेशिक रोजगारको शिलशिलामा ठुला संख्यामा अनुपस्थित रहेको देखिन्छ । जसको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ ।

## ३.१४ बाहिरी गारोको आधारमा घरको बनोटको विवरण


तालिका नं. १७: बाहिरी गारोका आधारमा घरको बनोटको विवरण

| वडा नं. | माटोको जोडाइ भएको ईंटा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको ईंटा/ढुंगा | काठ/फल्याक | बाँसजन्य सामग्री | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ५२९ | ७ | १ | १ | ० | २ | ५४० |
| २ | ४१४ | २ | ० | ७ | ११ | १ | ४३५ |
| ३ | ६९५ | १ | २७ | ४३ | ० | ३ | ७६९ |
| ४ | ६७५ | ८ | ० | २० | ० | १ | ७०४ |
| ५ | ५१८ | ७ | ९ | ५ | ० | ३ | ५४२ |
| ६ | ५३७ | ३ | २४ | १ | १ | ८ | ५७४ |
| ७ | ५०८ | ० | ७३ | २२ | ० | ७ | ६१० |
| ८ | २९९ | ७ | २४२ | १ | ० | ७ | ५५६ |
| जम्मा | ४,१७५ | ३५ | ३७६ | १०० | १२ | ३२ | ४,७३० |
| प्रतिशत | ८८.२७ | ०.७४ | ७.९५ | २.११ | ०.२५ | ०.६८ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तथ्यांकलाई हेर्दा यस बंगलाचुली गाउँपालिकाको परिवारले प्रयोग गरेको घरको बाहिरी गारोको आधारमा माटोको जोडाई भएको ईंटा/ढुंगाबाट बनेको सबैभन्दा धेरै घरधुरी संख्या ४,१७५ (८८.२७ प्रतिशत) छ भने सबैभन्दा कम सिमेन्टको जोडाइ भइको ईंटा/ढुंगाको बाहिरी गारो भएको घरधुरी संख्या ३५(०.७४ प्रतिशत रहेको छ । यसैगरी काठ/फल्याकको बाहिरी गारो भएको घरधुरी संख्या ३७६ (७.९५ प्रतिशत), बाँसजन्य

सामाग्रीबाट बनेको घरधुरी संख्या १०० (२.११ प्रतिशत) रहेको छ भने अन्य १२ (०.२५ प्रतिशत) र उल्लेख नगरिएको ३२ (०.६८ प्रतिशत) घरधुरी संख्या रहेको देखिन्छ । त्यस्तै वडागत रुपमा घरको बाहिरी गारोको आधारमा हेर्ने हो भने सबैभन्दा बढी माटोको जोडाई भएको ईँटा/ढुंगाबाट बनेको बाहिरी गारो भएको घरधुरी संख्या ६९५ वडा नं. ३ मा रहेको देखिन्छ भने सबैभन्दा कम वडा नं. ८ मा जम्मा २९९ घरधुरी संख्या रहेको पाईयो। यसलाई तलको चित्रबाट देखाउन सकिन्छ। जसको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ। तालिकाको विवरणलायई तल स्तम्भ चित्रबाट प्रस्तुत गरिएको छ।





## ३.१५ छानाको आधारमा घरको बनोटको विवरण

तालिका नं. १८: छानाको आधारमा घरको बनोटको विवरण

| वडा नं. | खर/ पराल/ छ्वाली | जस्ता/ टिन/ च्यादर | टायल/ खपडा/ झिँगटी/ ढुङ्गा | सिमेन्ट/ ढलान | काठ/ फल्याक | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ४५७ | ७९ | ० | २ | ० | २ | ५४० |
| २ | ३८१ | ४९ | २ | १ | ० | २ | ४३५ |
| ३ | ६८० | ७८ | १ | ० | ० | १० | ७६९ |
| ४ | ६३१ | ७१ | १ | १ | ० | ० | ७०४ |
| ५ | ४१४ | ११८ | ० | ७ | ० | ३ | ५४२ |
| ६ | ४८१ | ७९ | ३ | ० | २ | ९ | ५७४ |
| ७ | ५६३ | ३८ | २ | ० | ० | ७ | ६१० |
| ८ | ५१८ | २३ | १ | ० | ७ | ७ | ५५६ |
| जम्मा | ४,१२५ | ५३५ | १० | ११ | ९ | ४० | ४,७३० |
| प्रतिशत | ८७.२१ | ११.३१ | ०.२१ | ०.२३ | ०.१९ | ०.८५ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

यस बंगलाचुली गाउँपालिकामा भएका घरधुरीहरुलाई छानाको बनोटको आधारमा छुट्याउँदा खर/पराल/छ्वालीको छानो भएको घरको संख्या सबैभन्दा धेरै ४,१२५ (८७.२१ प्रतिशत) रहेको छ भने सबैभन्दा कम काठ तथा फल्याकको छाना रहेको घरधुरी संख्या ९ (०.१९ प्रतिशत) रहेको छ। यसैगरी दोस्रोमा जस्ता, टिन तथा च्यादरको छाना भएको घरधुरी ५३५ (११.३१ प्रतिशत), सिमेन्ट तथा ढलानको छाना रहेको घरधुरी ११ ( ०.२३ प्रतिशत), टायल, खपडा, झिँगटी तथा ढुङ्गाको छानो भएको घरधुरी १० (०.२१ प्रतिशत) र उल्लेख नगरिएको घरधुरी ४० (०.८५ प्रतिशत) रहेको छ। यसलाई तलको चित्रबाट देखाउन सकिन्छ ।





## ३.१६ जगको आधारमा घरको बनोटको विवरण

तालिका नं. १९: जगको आधारमा घरको बनोटको विवरण

| वडा नं. | माटोको जोडाइ भएको ईंटा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको ईंटा/ढुंगा | ढलान पिल्लर सहितको | काठको खम्बा गाडेको | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ५३६ | २ | ० | ० | ० | २ | ५४० |
| २ | ४१३ | ० | ० | ११ | १० | १ | ४३५ |
| ३ | ६८२ | १ | ० | ८३ | ० | ३ | ७६९ |
| ४ | ६६७ | २ | ० | ३४ | ० | १ | ७०४ |
| ५ | ४८३ | ५ | ३ | ४८ | ० | ३ | ५४२ |
| ६ | ५३६ | १ | ० | २८ | १ | ८ | ५७४ |
| ७ | ४७१ | ० | ० | १३२ | ० | ७ | ६१० |
| ८ | २३१ | २ | ० | ३१४ | २ | ७ | ५५६ |
| जम्मा | ४,०१९ | १३ | ३ | ६५० | १३ | ३२ | ४,७३० |
| प्रतिशत | ८४.९७ | ०.२७ | ०.०६ | १३.७४ | ०.२७ | ०.६८ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११*

बंगलाचुली गाउँपालिकामा परिवारले प्रयोग गरेको माटोको जोडाइ भएको ईंटा तथा ढुंगाबाट बनेको घरको जग भएका घरधुरी संख्या सबैभन्दा बढी अर्थात् ४,०१९ (८४.९७ प्रतिशत) छन् भने काठको खम्बा गाडेको जग भएको ६५० (८४.७४ प्रतिशत), सिमेन्टको जोडाइ भएको ईंटा तथा ढुंगाको जग भएका घरधुरी १३ (०.२७ प्रतिशत) र सबैभन्दा कम ढलान पिल्लरसहितको जग भएको घरको संख्या ३ (०.०६ प्रतिशत) रहेको छ। यसलाई तलको चित्र बाट देखाउन सकिन्छ ।




### क) घर निर्माणका किसिमहरु

बंगलाचुली गाउँपालिका भित्र रहेका घरहरुको स्वरुपलाई हेर्दा सबैभन्दा बढि माटोको जोडाई भएको ईंटा/ढुंगाबाट बनेको पाईयो जसले कुल घरहरु मध्ये ८८.२७ प्रतिशत ओगटेको देखिन्छ । यसैगरी मध्ये काठ/फल्याकबाट बनेको घरहरु ७.९५ प्रतिशत, बाँसजन्य सामग्रीबाट बनेको २.११ प्रतिशत र सबैभन्दा कम सिमेन्ट जडान भएको ईंटा/ढुंगाबाट बनेको ०.७४ प्रतिशत रहेको छ। यसरी घरको जग र बाहिरी गारोको आधारमा हेर्ने हो भने यो गाउँपालिका धेरै घरहरु भूकम्प जस्ता प्राकृतिक प्रकोपको जोखिममा रहेको बुझ्न सकिन्छ। तसर्थ नेपाल विश्वमै भूकम्पिय जोखिम अत्यधिक भएको क्षेत्रमा पर्ने हुँदा भूकम्प प्रतिरोधी घर निर्माणमा व्यापक प्रचारप्रसार र चेतना अभिवृद्धि गरी ठोस नीति निर्माण गर्नुपर्ने देखिन्छ।

## ३.१७ बसाई सराईको अवस्था

कुनै पनि स्थानमा जनसंख्या परिवर्तन हुने कारणहरुमध्ये बसाइसराई एक प्रमुख कारण मानिन्छ। तराईका जिल्लाहरुमा बसाई सराईको इतिहास वि.सं. २०१९ साल देखि प्रारम्भ भएको मान्न सकिन्छ। विभिन्न अवसर र रोजगारीको खोजीमा देश भित्र वा देश बाहिर एक स्थानबाट अर्को स्थानमा स्थाई वा अस्थाई रुपमा बसाई सरेर

जाने प्रवृत्ति क्रमश बढ्दै गएको पाइन्छ । यसरी बसाई सरी आउनुका विभिन्न कारणहरु छन् । तिमध्ये पाँच मुख्य कारण आर्थिक वृद्धि, द्वन्द्व, सामाजिक कारण, व्यापार र रोजगार हुन् । मलिलो माटो भएकोले खेति गर्नको लागि पहाडबाट तराई क्षेत्रमा बसाईसराई गर्नेहरुको संख्या बढि रहेको पाइन्छ । गाउँपालिकाको जनसंख्या बृद्धिको कारकतत्वका साथै विकास व्यवस्थापनका लागि चुनौती दिने मुल कारकतत्व समेत बसाइसराई नै बन्न पुगेको देखिन्छ।

बेरोजगारीको समस्या गाउँपालिकाको विकराल समस्याको रुपमा रहेको परिप्रेक्ष्यमा काम गर्ने उमेरका युवाहरू विदेसिने क्रम समेत गाउँपालिकाबाट बढ्न थालेको छ। देशको खुला सिमानाको उपयोग गर्दै निर्वाधरुपले भारत आवतजावत गर्न सकिने हुँदा निश्चित रुपमा गणना गर्न नसकिएका भारतमा जाने युवाहरूको संख्या बढ्दै गरेको छ। उपर्युक्त सन्दर्भलाई विश्लेषण गर्दा गाउँपालिकाको लागि बसोबासको व्यवस्थित र दीर्घकालिन योजना बनाउनु आवश्यक देखिन्छ।

## ३.१८ व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण

नागरिकले आफ्नो व्यक्तिगत अधिकार उपयोग गर्न निश्चित कानूनी प्रक्रियाहरु पालना गर्नु पर्ने हुन्छ । नागरिकता, राहादानी, वा अन्य परिचयपत्र लिन, रोजगारी वा उद्यम गर्न, विदेश जान निश्चित कानूनी प्रक्रिया पालना गर्नु पर्ने प्रावधानहरु रहेका हुन्छन् । जन्म, मृत्यु, बसाई, सराई विवाह र सम्बन्ध विच्छेद जस्ता घटना दर्ता गर्नु पर्ने हुन्छ। जसको कानूनी प्रमाणपत्र सरकारले उपलब्ध गराउँछ। संविधानले नागरिकलाई विभिन्न अधिकारको प्रत्याभूत गरेको छ । त्यसको प्रस्थान विन्दु भनेकै व्यक्तिगत घटना दर्ता हो । राष्ट्रिय तथ्याङ्क बनाउने यसको विश्वव्यापी मान्यता रहेको हुन्छ । कहाँ कति जन्मे, कतिको मृत्यु भयो कतिले बसाईसराई गरे, कतिको सम्बन्ध विच्छेद भयो भन्ने कुराको जानकारी राज्यले पाउनु पर्छ। यसको आधारमा सरकारले नीति बनाउने हुनाले जनचेतना अभिवृद्धि गर्नु पर्ने देखिन्छ। बंगालाचुली गाउँपालिकामा भएको व्यक्तिगत घटना दर्ताको विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. २०: व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण

| वर्ष | साविकको गा.वि.स. | जन्म | | | मृत्यु | | | विवाह दर्ता | बसाईसराई | | | सम्बन्ध विच्छेद |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | | दर्ता संख्या | आएको संख्या | गएको संख्या | |
| २०७३ | काभ्रे | ७९ | १०६ | १८५ | ३० | १९ | ४९ | ८३ | ० | ९७ | ० | ० |
| | स्यूजा | ११८ | १३१ | २४९ | ३३ | २४ | ५७ | १०४ | २६ | ३२ | ७६ | ० |
| | लोहारपानी | २७० | २४२ | ५१२ | ३० | २२ | ५२ | १०१ | २९ | २९ | ० | ० |
| | हाँसीपुर | ४१७ | ४४३ | ८६० | ३२ | १६ | ४८ | १०२ | १३ | ५४ | ० | ० |
| | जम्मा | ८८४ | ९२२ | १८०६ | १२५ | ८१ | २०६ | ३९० | ६८ | २१२ | ७६ | ० |

*श्रोत : जिल्ला विकास कार्यालय, दाङ २०७२*

माथिको तालिकामा गाउँपालिकामा व्यक्तिगत घटना दर्ताको अवस्थालाई देखाइएको छ। गाउँपालिकामा २०७२ चैत्र मसान्तसम्म १८०६ जनाको जन्म दर्ता भएको देखिन्छ भने २०६ जनाको मृत्यु दर्ता भएको देखिन्छ। विवाह दर्ताको स्थिति हेर्दा गाउँपालिकामा ३९० जनाको २०७२ वैशाखदेखि २०७२ चैत्र मसान्त गतेसम्ममा विवाह दर्ता भएको देखिन्छ। सो अवधीमा गाउँपालिकामा एउटा पनि सम्बन्ध विच्छेदको घटना दर्ता भएको देखिदैन। यस अवधिमा जम्मा ६८ बसाई सराई दर्ता भएको देखिन्छ। जसको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ।

## ३.१९ गाउँपालिकाको मतदाता संख्या विवरण


यस गाउँपालिकामा २०७३ फाल्गुन ९ गते सम्म १८ वर्ष पुरा भएका मतदाता संख्या ११,४०७ रहेका छन्। यस गाउँपालिकामा मतदाता संख्या पुरुषको तुलनामा महिला ९१ जनाले बढि रहेका छन्। जहाँ पुरुषको संख्या ५,६५८ जना र महिलाको संख्या ५,७४९ जना रहेको छ। यस गाउँपालिकामा ८ वडामा ११ ओटा निर्वाचन केन्द्र रहेका छन्। जसको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. २१: गाउँपालिकाको मतदाता संख्या

| क.सं. | मतदान केन्द्र | मतदाता संख्या | | | वडा नं |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | |
| १ | महेन्द्र मा.वि., वोझपोखरा | ६२९ | ७४० | १३६९ | १ |
| २ | कालिका प्रा.वि., बढिपोखरा | २३८ | २७२ | ५१० | २ |
| ३ | प्रा.वि. मरपेस | २६७ | २४३ | ५१० | २ |
| ४ | सरस्वती सामुदायिक भवन लेकतापा | १२९ | १७५ | ३०४ | ३ |
| ५ | सेवा केन्द्र भवन कमिरेचौर | ६८७ | ७२८ | १४१५ | ३ |
| ६ | प्रा.वि., जुम्लेपानी | ७३६ | ८१९ | १५५५ | ४ |
| ७ | महेन्द्र आ.वि., तापा | ९६ | १४७ | २४३ | ४ |
| ८ | स्वास्थ्य चौकी लोहारपानी | ८३७ | ८५७ | १६९४ | ५ |
| ९ | बरा सामुदायिक भवन भूटनेटा | ६१२ | ६४८ | १२६० | ६ |
| १० | सरस्वती मा.वि., जबरकोट | ७७९ | ५६९ | १३४८ | ७ |
| ११ | स्वास्थ्य चौकी भवन | ६४८ | ५५१ | ११९९ | ८ |
| | | ५,६५८ | ५,७४९ | ११,४०७ | |

*स्रोत : निर्वाचन आयोग, २०७४*

# खण्ड ४ : भू-उपयोग




नक्सा नं. १३: गाउँपालिकाको भू-उपायोग विवरण


## ४.१ गाउँपालिकाको भू-उपयोगको विवरण

तालिका नं. २२: भू-उपयोग विश्लेषण

| विवरण | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|
| खेती योग्य जमिन | ५७.८० | २३.५५ |
| अन्य (खोला, नदी, पोखरी, पहाड आदि) | ०.१५ | ०.०६ |
| वनजंगल | १५७.५२ | ६४.२५ |
| झारी | २०.४४ | ८.३३ |
| चरन | ६.९८ | २.८४ |
| अन्य | २.२५ | ०.९१ |
| कुल क्षेत्रफल | २४५.१४ | १०० |

*स्रोत : नापी विभाग, २०७४*

बंगलाचुली गाउँपालिकाको विधमान भू-उपयोग हेर्दा गाउँपालिकाको ६४.२८ प्रतिशत वनले ओगटेको छ भने २३.५५ प्रतिशत जग्गा हाल खन-जोत हुने उपयुक्त जमिनको रुपमा रहेको छ। खेतीयोग्य जमिनमध्ये अधिकांश जमिन मौसमी वर्षामा निर्भर रहेको छ। गाउँपालिकामा बगिरहेका विभिन्न खोलानालाको किनारमा अवस्थित यस गाउँपालिकाको खेतीयोग्य जमिनको उर्वराशक्ति उच्च रहेको छ। त्यस्तै चरन क्षेत्रले २.२८ प्रतिशत जग्गा ओगटेको पाइन्छ। बंगलाचुली गाउँपालिकामा जल क्षेत्रले ०.०६ प्रतिशत जमिन ओगटेको छ। गाउँपालिकामा माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययनको आधारमा गाउँपालिकाबासीहरुको आर्थिक हैसीयत वृद्धि गर्न र वातावरणमा प्रतिकुल असर पर्न नदिन के-कस्ता उत्पादन प्रणाली तथा नीतिहरु अवलम्बन गर्न सकिन्छ। यस विषयमा विस्तृत अध्ययन गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ। भू-उपयोगको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ।



## ४.२ क्रमिक विकास भैरहेका बस्तीहरूको वर्तमान स्वरुप

बंगलाचुली गाउँपालिका जलवायुको आधारमा उपयुक्त गाउँपालिका मध्येमा पर्दछ । यस गाउँपालिका क्षेत्रको सडकहरूको सञ्जाल केहि मात्रमा विकास भएको पाइन्छ। यहाँ शिक्षा र प्राथमिक स्वास्थ्य जस्ता सुविधाहरू उपलब्ध रहेका छन् तर सहज, सुलभ र पर्याप्तताको लागि भने अझै विकास गर्नुपर्ने देखिन्छ । गाउँपालिकाको विकासको सन्दर्भमा गाउँपालिकामा समेत बस्ती एवं बस्ती श्रृंखलाहरूको विकास क्रमिक रुपमा भइरहेको छ। हुलाक, टेलीफोन, स्वास्थ्यचौकी र विद्यालयको पहुँचका साथसाथै आन्तरिक बस सेवा सुविधा सबै गाउँपालिकाबासीहरु सम्म पुग्न अझै विकास गर्नुपर्ने देखिन्छ।

नेपाल सरकारले बजारोन्मुख बस्तीहरूमा बजारको विकासको लागि केही आवश्यक छाना/सेड तथा भण्डारणको व्यवस्था गरिदिएमा ग्रामीण कृषि अर्थतन्त्रलाई बजार अर्थतन्त्रमा परिणत गर्न सहयोग पुग्ने देखिन्छ। यसका अतिरिक्त एकातर्फ यी बस्तीहरूको छेउछाउको जमिनको समेत अप्रत्याशितरुपले मूल्य बृद्धि भइरहेको पाइन्छ भने अर्कोतर्फ भोलिका दिनहरूमा यस्तो बस्तीको लागि आवश्यक पर्ने खेलमैदान, पार्क जस्ता सार्वजनिक क्षेत्रहरूको व्यवस्थापन गर्न आवश्यक जग्गाको योजना अहिलेदेखि नै बनाउनु आवश्यक छ।

गाउँपालिकाको कुल ४,७३० परिवारहरू मध्ये, घरको जग सिमेन्टको जोडाइ भएको इट्टा, ढुङ्गा र पक्की पिलर भएका घरधुरी ०.२७ प्रतिशत, बाहिरि गाह्रो सिमेन्टको जोडाइ भएका घरधुरी ०.७४ प्रतिशत र सिमेन्ट ढलान छाना भएका घरधुरी ०.२३ प्रतिशत मात्र रहेका छन्। गाउँपालिकामा कुल ८९ (१.८८ प्रतिशत) परिवारहरू मात्र घर भाडा लिई बसेका छन् भने ४,५९१ (९७.०६ प्रतिशत) परिवारको आफ्नै घर रहेको छ । बस्ती विकासको सन्दर्भमा गाउँपालिका साथै सम्बन्धित विषयगत कार्यालयहरू र हाल विभिन्न नामबाट गठन भइरहेका गाउँपालिका विकास समिति एवं बजार व्यवस्थापन समितिहरूले पनि बेलैमा सार्वजनिक जग्गाको व्यवस्थापनमा आवश्यक सेवा सुविधा प्रदान गर्ने तर्फ ध्यान दिनु आवश्यक देखिन्छ।

## ४.३ बस्ती विकासमा देखिएका चुनौतीहरू

बढ्दो जनसंख्या सँगै क्रमश विकास भैरहेको ग्रामिण बस्तीहरूको योजनाबद्ध विकासमा देखिएका चुनौतीहरू निम्नानुसार छन् :

- ✓ बस्तीहरूको विकासका लागि योजनाबद्ध प्रयास हुन सकेको छैन। बस्तीहरूमा सुविधा बर्गिकरण (Zoning) को आधारबाट आवास क्षेत्र, औद्योगिक क्षेत्र, सार्वजनिक खुला क्षेत्र, हरित क्षेत्र, अस्पताल विद्यालय तथा कार्यालय क्षेत्र आदि गरी शहरी क्षेत्र लगायत शहरोन्मुख एवं ग्रामीण क्षेत्रहरूको किटान गर्न सकिएको छैन। यस सम्बन्धमा बस्तीहरूको गुरुयोजना पहिले नै बनाई आवासिय क्षेत्र, व्यावसायिक क्षेत्र, औद्योगिक क्षेत्र, पार्क, उद्यान र खेल मैदान जस्ता सार्वजनिक क्षेत्र तथा कार्यालय एवं संघसंस्थाहरूको लागि क्षेत्र पहिले नै निर्धारण गर्नु जरुरी देखिएको छ।

- ✓ बस्तीहरूको प्राकृतिक वातावरणमा सुधारका लागि सार्वजनिक एवं निजी रुपमा बृक्षारोपण गर्न योजनाबद्ध प्रयास हुन सकेको छैन। विकासोन्मुख बस्तीहरूबाट निकास हुने फोहोरमैलालाई संकलन र प्रशोधन गरी बस्तीहरूको वातावरणलाई प्रतिकुल बनाउने कार्य रोक्नु पर्ने तथा पशु हाट बजारको समेत व्यवस्था गर्नुपर्ने देखिन्छ। खोलानालामा ढल निकास गरी पानी प्रदुषण भइरहेको हुँदा प्रशोधन प्रणालीको विकास हुनुपर्ने देखिन्छ।
- ✓ सार्वजनिक निर्माण कार्यहरूमा सम्बन्धित निकाय एवं कार्यालयहरू बिच समन्वय हुन नसकि पुर्वाधारहरूको दिगो निर्माण हुन सकेको छैन। यस सम्बन्धमा स्थानीय निकाय तथा नागरिक समाजसँग समन्वय हुनु सकेको छैन।

## ४.४ भू-क्षय सम्भावित क्षेत्र



गाउँपालिकाका नदी तथा खोला किनारका भागहरु भूक्षयको दृष्टिकोणले संवेदनशिल क्षेत्रमा पर्दछ। मानवीय अव्यवस्थित गतिविधि कारणबाट गाउँपालिकाको विभिन्न क्षेत्रमा परिरहेको वनविनासको चाप, अनियन्त्रित डढेलो, चरीचरन राख्ने प्रवृत्ति एवं अव्यवस्थित ढंगले ढुंगा तथा बालुवाहरू झिक्नाले प्राकृतिक सन्तुलन बिग्रन गई पानीको मुहानहरु सुक्नुको साथै बस्ती एवं खेती तर्फ अनियन्त्रित बाढीको प्रकोप केन्द्रीत भएको छ। खोलाको क्षमताभन्दा बढी मात्रामा नदीजन्य वस्तु निकासी भएकोले खोलाको सतह गहिँरिदैं जाँदा आसपासका क्षेत्रहरुमा कटान तथा भूक्षयको सम्भावना बढ्दो देखिन्छ। मूलत: गाउँपालिकामा खानी तथा खोलाहरूको वरिपरी नै केन्द्रीत भएर रहेको मानव बस्तीको मानवीय गतिविधिले र अनुत्पादक पशुहरूको चापले यो संवेदनशिल क्षेत्रमा भूक्षयको दृष्टिकोणले

प्रतिकुल प्रभाव पारेको छ। त्यस्तै, अल्पकालिन, मध्यकालिन र दीर्घकालिन उपायहरू अबलम्बन गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राख्दै अल्पकालिन उपायको रुपमा स्पर एवं तटबन्ध निर्माण गर्ने मध्यकालिन उपायको रुपमा प्रभावित क्षेत्रको वरिपरी वृक्षारोपण गर्ने र दीर्घकालिन उपायको रुपमा सम्पूर्ण खोला प्रभावित क्षेत्रलाई संरक्षण गर्ने तर्फ काम अगाडि बढाउनु पर्ने देखिन्छ। उल्लेखित क्षेत्रलाई मानवीय गतिविधिबाट अप्रभावित पार्ने र सघन जलाधार क्षेत्र संरक्षण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिएको छ।

तालिका नं. २३: भु-क्षयको संम्भाव्यता क्षेत्रफल

| उप जलाधार नं. | उपजलाधारको नाम | सविकको गा.वि.स. | भु-क्षयको सम्भाव्यता क्षेत्रफल (हे.) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | न्यून | मध्यम | धेरै | ज्यादै धेरै | जम्मा |
| ४३ | टिसुवा खोला | हाँसीपुर | ६७७ | २९०३ | ४७ | ० | ३६२७ |
| ४४ | घोसी खोला | हाँसीपुर | ११० | ३८१० | २६७ | ० | ४१८७ |
| ४५ | मासीताल खोला | हाँसीपुर | ११० | ११३४ | ११० | ० | १३५४ |
| ४६ | गहना खोला | हाँसीपुर | ० | २१४१ | ७२४ | २५२ | ३११७ |
| | | लोहारपानी | ० | ११० | ७०८ | ६६१ | १४७९ |
| ४७ | उपल्लो अर्जुन खोला | हाँसीपुर | ० | २९९ | ० | ७८ | ३७७ |
| | | काभ्रे | ० | ३४६ | ० | ४२५ | ७७१ |
| | | लोहारपानी | ० | ४५६ | १८९ | १६६६ | २३११ |
| ४८ | सुका खोला | काभ्रे | ० | ३८९ | ० | ७३३ | ११२२ |
| ५० | दावाङ खोला | काभ्रे | ३७८ | ० | १८५३ | ० | २२३१ |
| | | लोहारपानी | ९६० | ० | ८०३ | ० | १७६३ |
| ५१ | रुप्ला खोला | काभ्रे | ० | ५४१ | ११३४ | ० | १६७५ |
| | | स्यूजा | ९५८ | १४१ | १५०९ | ० | २२४८ |
| ५२ | सैघा | स्यूजा | १२६ | ० | २०४ | ० | ३३० |
| ५३ | सीसनिया खोला | स्यूजा | ४२५ | ० | ७६९ | ० | ११९४ |
| ५८ | मसीना खोला | स्यूजा | ० | ० | १४१ | ० | १४१ |
| | कुल जम्मा | | ३७४४ | १२२७० | ८४५८ | ३८१५ | २७९२७ |

*स्रोत : दाङ जिल्ला पार्श्वचित्र,२०७१*

## ४.५ गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

तालिका नं. २४: गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

| क्र.सं. | संभावित प्रकोप | विधमान अवस्था | समय |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | भुकम्प | भूकम्पिय जोखिमका दृष्टिले नेपाल विश्वको ११ औं स्थानमा रहेको र गाउँपालिकामा भुकम्प प्रतिरोधात्मक भवन कमै मात्रामा भएको, भवन आचार संहिता पूर्ण रुपमा लागु नभएको | जुनसुकै समयमा |
| २ | बाढी | गाउँपालिकामा विशेषत: साना ठुला नदि/खोलाहरु बग्ने गरेको र वर्षायाममा नदी तथा खोलाहरुले आसपासका भुभागहरू बर्षेनी डुवान र कटान गरि क्षति पुऱ्याईरहेको छ। बर्षेनी धेरै संख्यामा परिवारहरू प्रभावित भैरहेका छन् । | जेष्ठ–असोज |
| ३ | आगलागी | गाउँपालिकाको धेरै जसो भु–भागमा घनावस्ती रहेका (सुकुम्वासी, मुक्त कमैया, वाढी विस्थापित) लगाएतका अति विपन्न समुदायका घरहरु सचेतना अभाव, अग्नी नियन्त्रण यन्त्रको अभाव, खाना पकाउने कोठाका भित्ताहरू माटोले नपोत्नु, हावाहुरी चलेको बेला खाना पकाउनु र चुल्होमा आगो राख्ने चलन रहनु, चुल्होमा आगो सल्काउँदा मट्टीतेलको प्रयोग गर्नु र सलाई लाईटर जस्ता आगो बाल्ने वस्तुहरू बच्चाले खेलाउँदा आगलागीका घटना बढी हुने गरेको। | चैत्र–जेष्ठ |
| ४ | महामारी | बाढी पश्चात पूर्ण प्रकोपका रुपमा झाडापखाला लगायतका पानी जन्य रोग बढ्ने गरेको, स्रोत साधन अभाव र जनचेतना कमी, अनुकूल क्षमताको अभाव। | विपद् पछि, अन्य समयमा |
| ५ | वर्डफ्लु, अन्य फ्लु | अव्यवस्थित कुखुरा पालन, स्वाइन फ्लु, आदि | जुनसुकै समयामा |
| ६ | जंगली जनावर आतंक | गाउँपालिकाको वनजंगल वरिपरि बसोबास भएको क्षेत्रहरु | जुनसुकै समयमा |
| ७ | मौसमी सुख्खा | पानी नपरेमा नहरको सिचाईं नपुगेका भागहरु | असार –भदौ |
| ८ | किट आतंक | जलवायु परिवर्तन, बढी विषादि प्रयोगका कारण लाभकारी चरा, किरा लोप | खेती मौसम |
| ९ | चट्याङ, असिना | बढी जसो बर्षायाम र पानी परेको समयमा | जुनसुकै समयमा |

*स्रोत : जिल्ला समन्वय समिती, दाङ २०७२*

यस बंगलाचुली गाउँपालिकामा रहेको बाढी/पहिरो,दैवी प्रकोप तथा महामारी र भु-संभाव्यता सम्बन्धी विस्तृत विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. २५: दैवी प्रकोप सम्बन्धी विवरण

| क्र.सं. | साविकको गा.वि.स. | बाढी | महामारी | पहिरो |
|---|---|---|---|---|
| १ | हांशीपुर | P2 | P2 | – |
| २ | काभ्रे | P1 | P2 | – |
| ३ | लोहारपानी | P1 | P2 | – |

| | | | | |
|---|---|---|---|---|
| ४ | स्यूजा | P1 | P2 | – |

*स्रोत : जिल्ला प्रशासन कार्यालय, दाङ २०७२*

नोट : P1, P2, P3 ले जोखिमको तहलाई क्रमश सबै भन्दा बढी, मध्यम, र कम भन्ने जनाउँछ ।

# खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति

## ५.१ गाउँपालिका अर्थतन्त्रको संरचनात्मक स्वरुप

गाउँपालिकाको अर्थतन्त्र मुख्यतया: कृषि, वन, व्यापार, उद्योग, थोक तथा खुद्रा बजार, होटल, रेस्टुरेन्ट, पर्यटन तथा सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ। उपयुक्त हावापानी, माटोको बनोट तथा समतल जमिन भएको यस गाउँपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको भित्री मधेस भएको हुँदा गाउँपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। गाउँपालिकाका सबै वडाहरुमा सडक सञ्जालका कारण गाउँपालिकाका सबै वडा तथा जिल्लाभित्रका सबै गाउँपालिकाहरूमा पहुँच सहज बनाएको छ। कृषि एवं वनजन्य औद्योगिक कच्चा पदार्थको उपलब्धता अन्य उद्योगधन्दाको साथै सूचना प्रविधिमा आधारित उद्योगको समेत विकास विस्तारको सम्भावना रहेको छ। त्यसैगरी गाउँपालिकामा रहेका तालहरु सहितको सीमसार क्षेत्र, वनजंगल तथा जैविक विविधताले गाउँपालिकाको विकासमा थप संभावना बोकेका छन् । मील, फर्निचर, उद्योग, धागोको उद्योग, क्रसर उद्योग, कुखुरा पालन आदि यस गाउँपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरु हुन्। यस गाउँपालिकाका मानिसहरु क्रमश साना तथा ठूला उद्योगहरुको विकास तर्फ लागिरहेका छन् । यस गाउँपालिकाको मुख्य आधारहरु व्यापार, नोकरी र वैदेशिक रोजगार रहेको देखिन्छ।

## ५.२ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

तालिका नं. २६: आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

| कुल जनसंख्या | पूरुष | महिला | आर्थिकरुपले सक्रिय जम्मा जनसंख्या |
|---|---|---|---|
| २४,२४५ | ४६४४ (३९.७९%) | ७०२८ (६०.२१%) | ११६७२ (४८.१४ %) |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

यस गाउँपालिकामा १५ वर्ष देखि ५९ वर्षसम्मका आर्थिकरुपले सक्रिय जनसंख्याको विवरण देखाइएको छ। जसमा पुरुषको संख्या ४६४४ (३९.७९ प्रतिशत), महिलाको संख्या ७०२८ (६०.२१ प्रतिशत) देखिन्छ। आर्थिक रुपले सक्रिय जनसंख्यामा लैगिंक रुपमा पुरुषको भन्दा महिलाको बढि रहेको देखिन्छ। त्यस्तै गाउँपालिकाको कुल जनसंख्याको ११,६७२ अर्थात् ४८.१४ प्रतिशत जनसंख्या आर्थिकरुपले सक्रिय छन्। आर्थिक रुपमा निस्कृय जनसंख्या ३६.८४ प्रतिशत छन्। जसको विस्तृत विवरण तालिकामा देखाइएको छ।

## ५.३ आश्रित जनसंख्याको विवरण

तालिका नं. २७: आश्रित जनसंख्याको विवरण

| जनगणना वर्ष | आश्रित बालबालिका (०-१४) | | आश्रित बृद्धबृद्धा (६० वा सोभन्दा माथि) | | जम्मा आश्रित | |
|---|---|---|---|---|---|---|
| | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत |
| २०६८ | १०,९२२ | ८६.८७ | १,६५१ | १३.१३ | १२,५७३ | ५१.८६ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

गाउँपालिकामा आश्रित जनसंख्या ०-१४ वर्ष उमेर समूहका आश्रित वालवालिका र ६० वर्ष वा सोभन्दा माथिका आश्रित बृद्धबृद्धाहरूको संख्या र प्रतिशतलाई देखाइएको छ। जसमा आश्रित बालबालिकाको संख्या १०,९२२ (८६.८६ प्रतिशत), आश्रित बृद्धबृद्धाहरुको संख्या १,६५१ (१३.१३ प्रतिशत) देखिन्छ । कुल जनसंख्यामध्ये जम्मा आश्रित जनसंख्या १२,५७३ (५१.८६ प्रतिशत) देखिन्छ । यसरी समग्रमा हेर्दा यस क्षेत्रमा सक्रिय जनशक्ति भन्दा आश्रित को संख्या बढि देखिन्छ। जसको विस्तृत विवरण तालिका उल्लेख गरिएको छ।

## ५.४ कृषि



नेपाल एक कृषि प्रधान देश हो । यहाँका करिब ७० प्रतिशत जनता कृषिमा आधारित रहेको पाइन्छ । नेपालमा कृषि क्षेत्र देशको प्रमुख रोजगार प्रदायक तथा कूल गार्हस्थ उत्पादनमा प्रमुख हिस्सेदार भै देशको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको छ। ग्रामीण जनताहरुको जीवनस्तरमा प्रत्यक्ष सरोकार राख्ने कृषि क्षेत्रको आधारभूत कृषि तथ्याङ्कलाई ग्रामीण विकासको सूचकको रुपमा लिन सकिन्छ। खाद्यान्न तथा नगदे बालीहरु फलफूल, पशुपंक्षी, मत्स्य सिंचाई साथै कृषि उत्पादन र क्षेत्रफल सम्बन्धी विविध सूचनाहरु कृषि तथ्याङ्कको क्षेत्रभित्र पर्ने भएतापनि नेपालमा सरकारी स्तरबाट राष्ट्रिय तथा स्थानीयस्तरमा कृषि सम्बन्धी सूचना तथा तथ्याङ्कको प्रमुख स्रोतको रुपमा कृषि तथा सहकारी मंत्रालय र केन्द्रीत तथ्याङ्क विभाग रहेका छन् । स्थानीय उत्पादनको बृद्धि र विकास गर्न बजारीकरणतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ।

आर्थिक सर्वेक्षण २०७३/७४ अनुसार नेपालको कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २९.३७ प्रतिशत रहेको छ। नेपालमा करिब ६३ प्रतिशत जनसंख्या रोजगारी तथा जीविकाको लागी कृषिमा निर्भर रहेका छन्। वर्षेनी युवा जनशक्ति पलायनमा बढोत्तरी, अव्यवस्थित शहरीकरण, जग्गाको खण्डिकरण, घडेरीकरण, जग्गा बाँझो राख्ने प्रवृत्ति, समग्र कृषि क्षेत्रका चुनौतीहरु हुन्। कृषि क्षेत्रको विकासका लागि आवश्यक सिँचाई, सडक, विजुली, संचार, उद्योग र बजार व्यवसाय तथा उन्नत प्रविधिहरुमा पर्याप्त लगानी आर्कषण गर्न नसक्नु कृषि क्षेत्रको मूलभूत समस्या हो भने कृषि पेशालाई प्रतिस्पर्धा, नाफामूलक, सम्मानजनक र व्यवसायिक रुपमा स्थापित गर्नु पनि चुनौतिको रुपमा रहेको छ।

गाउँपालिकाको २३.५५ प्रतिशत खेती योग्य भूभागले भरिएको हुँदा सामान्यत: कृषि प्रणालीमा मुख्य अन्न बालीहरु कोदो, फापर, धान, मकै, गहुँ यस्तै दलहन बालीमा सिमी, मास, केराउ, चना उत्पादन हुने गर्दछ। तेलहन बालीमा तोरी, अर्सी, तिल, सरसिउ उत्पादन गरिन्छ भने तरकारी खेती आलु, प्याज, काउली, भिन्डी, लसुन लगायत प्रमुख खाद्य तथा नगदे बाली हुन् र यीनको उत्पादकत्व पनि बढी छ। गाउँपालिकामा सबैभन्दा धेरै क्षेत्रमा खाद्यान्न र फलफूल बाली लगाइने गरेको छ भने तुलनात्मक रुपले न्यून क्षेत्रमा दलहन र मसला बाली लगाइने गरेको छ।

### (क) हिउँदे बाली

गाउँपालिकामा उत्पादन गरिने प्रमुख हिउँदे बालीहरुमा जौ, उखु, अरहर, मास, गहत, भटमास, तोरी, तिल, आलस, केरा, आलु, मसला बाली आदि रहेका छन्।

### (ख) वर्षे बाली

गाउँपालिकाका प्रमुख वर्षे बालीहरुमा धान, मकै, भटमास, मास, आलु, फलफूल, कागती, आँप, कटहर, अम्बा, आरु, नस्पाती, निबुवा, केरा, मसला बाली, अदुवा आदि छन्।

## ५.४.१ कृषि बालीमा लाग्ने रोग

गाउँपालिकाको कृषि उत्पादनमा धान, गहुँ, मकै, दलहन, तेलहन, तरकारी, फलफूल आदी नै मुख्य रुपमा रहेको छ। सामान्यतया धानमा डढुवा, खैरो थोप्ले, सिथ ब्लाइट रोगहरु देखा परेको छ भने गहुँमा कालो पोके र सिन्दुरे जस्ता रोगहरु देखिन्छन्। यसैगरी मकैमा डाठ वा धोगा कुहिने र तरकारी आलु, सागपात आदिमा लेटव्लाइट, मोजाइक, ओइलाउने, खोस्टे, अल्टरनेरिया, कवरट, ड्याम्पिङ्ग अफ, जरा कुहिने जस्ता रोगहरु मुख्य रुपमा देखा पर्दछन्। फलफूलमा विशेषगरी कोत्रे, सेतो धुले रोग, भोजक पात गुजुमुज्ज हुने, जरा कुहिने, ओइलाउने आदी रोगहरुको प्रकोपबाट कृषकहरु समस्यामा परेका छन्। मुख्य बालीहरुमा लाग्ने शत्रु जीव र रोगहरुको विस्तृत विवरण तलको तालिकामा राखिएको छ।

तालिका नं. २८: विभिन्न बालीमा लाग्ने रोग विवरण

| क्र.सं. | बाली | प्रमुख शत्रु जीव | प्रमुख रोग |
|---|---|---|---|
| १ | धान | गवारो, पात बेरुवा, पात कटुवा, हरियो फडके, खैरो फड्के, स्किपर, पतेरो, मिलिवग, निमाटोड, ढुङ्गे, फट्याङ्ग्रा | मरुवा, डढुवा, खैरो, थोप्ले, सिथ व्लाइट, खैरे रोग |
| २ | गहुँ | कटवर्म, वायरवर्म, लाही | कालो पोके, सिन्दुरे, खैरा |
| ३ | मकै | खुम्रे, फेद वटुवा, गवारो, फट्याङ्ग्रा, लाही | डाठ कुहिने, घोगा कुहिने, कालोपोके |
| ४ | आलु | लाही, फेद कटुवा, खुम्रे, रातो कमिला, धमिरा, आलुको पुतली | लेटव्लाइट, मोजाइक, ओइलाउने रोग, खोस्टे रोग, डढुवा |
| ५ | तरकारी | भण्टाको गवारो, लाही, वन्दाको पुतली, टमाटरको फलको गवारो, फल कुहाउने औसा, सुलसुले, रातो खपटे, डल्ले खपटे, थ्रिप्स, खुम्रे | ओइलाउने रोग, अल्टरनोरिया, क्लवरट, ड्याम्पिङ्ग अफ, डाइ ब्याक, जरा कुहिने, पाउडरी मिल्ड्यू |
| ६ | फलफूल | आपको मधुवा, गवारो, फल कुहाउने औसा सुलसुले, अनारको पुतली, होपर | एनथ्राक्नोजा, ससेतो ढुसी, डाईव्याक, आँपको गुच्चा हुने, डाउनी मिल्ड्यू |
| ७ | केरा खेती | केराको स्किपर, थाम र गानोका गवारा तथा घुनहरु, खपटे | जरा कुहिने रोग, ओईलाउने रोग, गुवो कुहिने, डढुवा, बन्चिटप |

*स्रोत: सेवाकेन्द्र स्तरिय प्रोफायल, २०७१/०७२*

## ५.४.२ बाली पात्रो

तालिका नं. २९: बाली पात्रो

| क्र.सं. | बाली | बाली लगाउने समय | बाली भित्र्याउने समय |
|---|---|---|---|
| १ | धान वर्षे | जेष्ठ/ आषाढ | असोज / कार्तिक |
| २ | मकै वर्षे | जेष्ठ / आषाढ | भदौ / असोज |
| ३ | मकै बसन्ते | माघ / फागुन | जेष्ठ / वैशाख |
| ४ | गहुँ | कार्तिक / मंसिर | चैत्र / वैशाख |
| ५ | तोरी | असोज / कार्तिक | माघ / फागुन |
| ६ | आलु | असोज / कार्तिक | माघ / फागुन |
| ७ | मसुरो | कार्तिक / मंसिर | फागुन / चैत्र |
| ८ | उखु | माघ / फागुन | पौष / माघ |
| ९ | चना | असोज / कार्तिक | फागुन / चैत्र |
| १० | मकै हिउँदे + तोरी | असोज / कार्तिक | पौष / माघ |
| ११ | सुर्यमुखी | माघ / फागुन | जेष्ठ / आषाढ |
| १२ | तरकारी वर्षे | जेष्ठ / आषाढ | भदौ / असोज |
| १३ | तरकारी हिउँदे | भदौ / असोज | मंसिर / फागुन |
| १४ | तरकारी बसन्ते | पौष / माघ | वैशाख / आषाढ |

*स्रोत: सेवाकेन्द्र स्तरिय प्रोफायल, २०७१/०७२*

### ५.४.३ कृषि बजारीकरण

परम्परागत कृषि बजारीकरणमा उत्पादकहरुले असंगठीत रुपमा आफ्नो उपजको आफैं बजारीकरण गर्ने चलन थियो तर पछिल्ला दिनमा विविध खाले बजार श्रृंखला पार गर्दै कृषि उपजहरुको बजारीकरण प्रचलन विकास हुन थालेको छ। गाउँपालिका निर्माणका प्रारम्भिक दिनदेखि यहाँका कृषिजन्य वस्तु बजारीकरणका ढाँचाहरु विभिन्न खालका अभ्यासमा आएका छन् । यद्यपि आजसम्म पनि व्यवस्थित कृषि बजार निर्माण भई नसके पनि बन्ने र बनाउने दिशामा भएका प्रयत्नहरुले कृषि बजारको क्रमिक विकासमा टेवा पुऱ्याएका छन्। हालसम्म बजारीकरण ढाँचामा विभिन्न कृषि बजारीकरणका मोडलहरु विकास र अभ्यास भएको देखिन्छ । गाउँपालिकामा विभिन्न बजारहरुबाट कृषि लगायत अन्य वस्तुहरुको (तरकारी, आलु,फलफूल तथा माछा) बजारीकरण हुने गरेको देखिन्छ।

### ५.४.४ जग्गाको उर्वराशक्ति

गाउँपालिकाको ठूलो क्षेत्रफल समथर भूभागले ओगटेकोले कृषि उत्पादनको लागि उर्वर भूमि प्रशस्त रहेको छ। विगतमा बंगलाचुली गाउँपालिकामा रहेका उर्वर क्षेत्र क्रमश हाल बस्ती विस्तारको प्रभावसंगै उर्वरभूमि साँगुरिदै गएको देखिन्छ। गाउँपालिकाको समथर भूभागमा खाद्यान्न बाली, नगदे बाली तथा फलफूल र तरकारीको लागि उर्वर भूमि पाइन्छ भने वन क्षेत्रले ढाकेको क्षेत्रहरुमा डाँलेघाँस र खरघाँसको लागि उर्वरता रहेको पाइन्छ।

### ५.४.५ कृषि सहकारी संस्थाहरुको विवरण

तालिका नं. ३०: कृषि सहकारी संस्थाहरुको विवरण

| क्र.सं. | सहकारीको नाम | ठेगाना | गरिरहेका काम |
|---|---|---|---|
| १ | धिमधिमे कृषि स.सं.लि. | बंगलाचुली गाउँपालिका वडा नं १ | मल बिक्री |
| २ | लोहारपानी कृषि स.सं.लि. | बंगलाचुली गाउँपालिका वडा नं ५ | मल बिक्री |
| ३ | गाउँले कृषि स.सं.लि. | बंगलाचुली गाउँपालिका वडा नं ६ | मल बिउ बिक्री र ऋण लगानी |
| ४ | पहाडी कृषि स.सं.लि. | बंगलाचुली गाउँपालिका वडा नं ५ | मल बिउ बिक्री र ऋण लगानी |
| ५ | काभ्रे कृषि स.सं.लि. | बंगलाचुली गाउँपालिका वडा नं ४ | मल बिउ बिक्री र ऋण लगानी |
| ६ | विवेकशिल महिला कृषि स.सं.लि. | बंगलाचुली गाउँपालिका वडा नं ७ | मल बिउ बिक्री र ऋण लगानी |
| ७ | सेतोपहरा कृषि स.सं.लि. | बंगलाचुली गाउँपालिका वडा नं ५ | मल बिउ बिक्री र ऋण लगानी |
| ८ | बृक्ष कृषि स.सं.लि. | बंगलाचुली गाउँपालिका वडा नं ७ | मल बिउ बिक्री र ऋण लगानी |
| ९ | कस्तुरी कृषि स.सं.लि. | बंगलाचुली गाउँपालिका वडा नं ८ | मल बिउ बिक्री र ऋण लगानी |
| १० | नवदिप कृषि स.सं.लि. | बंगलाचुली गाउँपालिका वडा नं ७ | मल बिउ बिक्री र ऋण लगानी |
| ११ | सुनपेराटी कृषि स.सं.लि. | बंगलाचुली गाउँपालिका वडा नं ६ | मल बिउ बिक्री र ऋण लगानी |
| १२ | सिद्धपालुवा कृषि स.सं.लि. | बंगलाचुली गाउँपालिका वडा नं ३ | मल बिउ बिक्री र ऋण लागानी |
| १३ | खारखोली कृषि स.सं.लि. | बंगलाचुली गाउँपालिका वडा नं ५ | मल बिउ बिक्री र ऋण लागानी |
| १४ | जयसिद्धि कृषि स.सं.लि. | बंगलाचुली गाउँपालिका वडा नं १ | मल बिउ बिक्री र ऋण लागानी |

*स्रोत : राप्ती अञ्चल सहकारी गतिविधि २०७२/०७३*

## ५.५ सिंचाइ

गाउँपालिकामा सतह एवं भूमीगत जल सिंचाईको उपलब्धता रहेको छ। कृषिको लागि उर्वर माटो भएको र गाउँपालिकामा ठूलो संख्यामा जनता कृषिमा निर्भर रहेको हुँदा प्राकृतिक स्रोतको उपयोग गरी सबै खेतियोग्य जमिनमा सिचाई सुविधा पुऱ्याउन सके रोजगारीका अवसर बढ्नुका साथै कृषि उत्पादनमा पनि प्रशस्त बृद्धि हुने देखिन्छ।



**भूमिगत सिचाई :** गाउँपालिकामा भूमीगत रुपमा रहेको जलस्रोतलाई उपयोग गर्न र लगानी र प्रतिफलको हिसावले तत्काल सतह सिचाईमा जान नसकिने ठाउँहरूमा जमिनमुनीको पानीलाई प्रयोग गरी सिंचित गर्नु उपयुक्त देखिन्छ।

## ५.६ पशुपालन



गाउँपालिकामा विशेषगरी गाई, भैँसी, बाखा नै यहाँका मुख्य घरपालुवा जनावर हुन । यसबाट गाउँबासीहरुको जीविकोपार्जनमा उल्लेख्य सुधार भैरहेको छ। पशुजन्य उत्पादनहरु जस्तै, दुध, दही, घिउ तथा मासुका लागि कुखुरा, खसी, बोकाहरुको बिक्रीबाट आम्दानी बढेको देखिन्छ । यहाँ डेरी उद्योग, व्यापारिक फार्म, गाइ, भैसी, कुखुरा फार्महरु लगायतका कृषिजन्य उद्योगहरु रहेका छन। त्यस्तै गरि भेटेनरी सेवा पनि गाउँपालिकामा उपलब्ध रहेको छ। गाउँपालिकामा पशुपालन अधिक मात्रामा हुने गरेको देखिन्छ।

### ५.६.१ पशु नश्ल

गाउँपालिकामा पालन गरिने मुख्य पशुपंक्षीहरुमा गाई, भैंसी, बाखा र भेंडा रहेका छन् । सामान्यतया व्यवसायिक पशुपालनको विकाससँगै वर्णशंकर तथा उन्नत जातका पशुहरुको हिस्सा कुल पशुको तुलनामा वृद्धि हुँदै गएको पाइन्छ । गाई भैंसीमा कृत्रिम गर्भाधान सेवा उपलब्ध हुनु तथा बाखाको उन्नत जातका भालेहरुसँग प्रजनन् गराउने परिपाटी बसेको हुँदा यी जातका जनावरहरुमा वर्णशंकरको संख्या बढ्दो छ । तथापि बँधुवा पशुपालन पद्धतिको कमी, कमजोर पशु स्वास्थ्य व्यवस्थापन, कुपोषण तथा पशुपालनसम्बन्धी प्राविधिक ज्ञान तथा चेतनाको अभावको कारण वर्ण शंकरबाट उत्पादनमा खासै उत्साह थपिएको अवस्था छैन । त्यसैगरी ठूलो संख्यामा रहेका कम उत्पादक जनावरहरुले अपेक्षाकृत बढी उत्पादक जनावरहरुको आहारा खाई दिनु समेत यस क्षेत्रको समस्या हो । तसर्थ नश्ल सुधारमार्फत् नयाँ जन्मिएका जनावरका बच्चाहरुलाई भविष्यको राम्रो माउमा विकसित हुने कुरा मध्यनजर गरी थप कार्यक्रमहरु संचालन गर्नु आवश्यक छ ।

सारांशमा, विगतका वर्षहरुमा गाउँपालिकाको पशुपालन क्षेत्रले राम्रो फड्को मारेको छ जसले गर्दा पशुपंक्षीजन्य उत्पादनमा परिमाणात्मक विकास सम्भव भएको छ । तर हालको परिमाणात्मक विकासको गति सुस्त छ । पशु पालन क्षेत्रमा क्रमिक रुपमा व्यवसायिकता थपिएको छ तर पशुपंक्षीजन्य उत्पादन प्रशोधनका लागि उद्योग स्थापना खासै हुन सकेको पाईंदैन । त्यसैगरी पशुपालनतर्फ गुणात्मक विकासको पनि एकदम खाँचो सर्वत्र महसुस गरिएको छ । पशुपालनसँग आवद्ध श्रमिक तथा महिला वर्गहरुको उत्पादकत्व अति न्यून हुनु, युवा वर्गहरु विदेश पलायन हुनु र सो अनुरुप पशुपालनमा यान्त्रिकिकरण हुन नसक्नु, पशु पालन क्षेत्रमा पुँजी लगानीको आकार धेरै सानो हुनु तथा जनमानसमा पशुपालनको कृषि अर्थतन्त्रमा योगदानको बारेमा अज्ञानता आदि कारणले गर्दा पशुपालन क्षेत्रबाट आशातीत उपलब्धि हासिल हुन सकिरहेको छैन ।

### ५.६.२ पशुपंक्षीमा लाग्ने रोगहरु

कृषकहरुको मुख्य आम्दानीको स्रोतको रुपमा रहेको पशुपंक्षीहरुको पालन यस गाउँपालिकामा निकै बढी मात्रामा रहेको देखिन्छ । गाउँपालिकामा देखिने पशु रोगहरूमा रेविज, खोरेत, पिपिआर, स्वाइन फिवर, भ्यागुते, चरचरे, नाम्ले, माटे, थुनेलो, प्रजनन् सम्बन्धि र जुका पर्दछन्। गाउँको वन जंगलसँग जोडिएका वडाहरूमा एन्टी रेजिव खोप लगाउनुपर्ने देखिन्छ भने खोरेत पिपिआर स्वाइन फिवर जस्ता अत्यन्त संक्रामक रोगको प्रकोप पनि यस गाउँमा त्यत्तिकै रहेको पाइन्छ। यसका कारणहरूलाई हेर्दा, पशुको अवैध आवत जावत तथा आयात दयनिय व्यवस्थापन, खोप लगाउनुपर्छ भन्ने चेतनाको कमी, आदि मान्न सकिन्छ। यि रोगको नियन्त्रणका लागि जिल्ला पशु सेवा कार्यालयबाट निरन्तर प्रयास भईरहेको देखिन्छ।

जिवाणुबाट हुने रोगहरूमध्ये भ्यागुत्ते, चरचरे विरुद्ध यस गाउँपालिकाका किसानहरूले खोप लगाउने गरेको पाइन्छ। तापनि यी रोगहरू फाटफुट रुपमा देखिने गरेका छन्। गाउँपाकिलामा स्वाइन फिवर, खोरेत, रेविज विरुद्धको खोपकार्य समेत गाउँपालिकाका विभिन्न वडाहरूमा समेत संचालन गर्न सकेमा धेरै हदसम्म रोग नियन्त्रण

कार्य सफल हुने देखिन्छ। सामान्यतया पशुपंक्षीमा ठूलो महामारी फैलिएको पाइँदैन। तथापी यहाँका पशुपंक्षीहरुमा खोरेत, भ्यागुते, चरचरे, नाम्लेजुका, रेवीज जस्ता रोगहरुको प्रकोप रहेको छ भने पंक्षीहरुमा मुलत रानीखेत, गम्बोरा, सिआरडी र बर्डफ्लू मुख्य रुपमा लाग्ने गरेको छ। यस गाउपालिकामा पशुपन्छीमा देखिएको रोगहरुको विस्तृत विवरण तल तालिकामा दिईएको छ।

तालिका नं. ३१: पशुपन्छीमा देखिएको रोगको विवरण

| S.N | Disease | Animals | | | | Other |
|---|---|---|---|---|---|---|
| 1 | Liver Fluke | Cattle | Buffalo | Goats | | |
| 2 | HS@BQ | Cattle | Buffalo | Goats | | |
| 3 | Pramphistomom | Cattle | Buffalo | Goats | | |
| 4 | Nerves Sign | Cattle | Buffalo | Goats | | |
| 5 | Respiratory Sign | Cattle | Buffalo | Goats | | |
| 6 | Cocciodiosis | | | | Fowl | |
| 7 | Skin Lesions | | | | Fowl | |
| 8 | Wound/Abscess | Cattle | Buffalo | Goats | | |
| 9 | Red Urine | Cattle | Buffalo | Goats | | |
| 10 | Abortion | Cattle | Buffalo | Goats | | |
| 11 | Warble Infestation | Cattle | Buffalo | Goats | | |
| 12 | Diarrhoea | Cattle | Buffalo | Goats | | |
| 13 | Infertility | Cattle | Buffalo | Goats | | |
| 14 | Mastitis | Cattle | Buffalo | Goats | | |
| 15 | Distocia | Cattle | Buffalo | Goats | | |
| 16 | Prolapse | Cattle | Buffalo | Goats | | |
| 17 | Retained Placenta | Cattle | Buffalo | Goats | | |
| 18 | Mange | Cattle | Buffalo | Goats | | |
| 19 | Rabis | Cattle | Buffalo | Goats | | Dog |
| 20 | Tick/Lice(External Parasite) | Cattle | Buffalo | Goats | Fowl | |
| 21 | Intestinal Helmenthis | | | | Fowl | |
| 22 | Orf | | | Goats | | |
| 23 | Parasitic Gastroenteritis | Cattle | Buffalo | Goats | | Pig |
| 24 | Anoestrous | Cattle | Buffalo | Goats | | |
| 25 | Indigestion/Anorexia | Cattle | Buffalo | Goats | | |
| 26 | Tympany/Bloats | Cattle | Buffalo | Goats | | |
| 27 | Magout wound | Cattle | Buffalo | Goats | | |
| 28 | Cough | Cattle | Buffalo | Goats | | |
| 29 | Pnoumonia | Cattle | Buffalo | Goats | | |
| 30 | Gumbarrow | | | | Fowl | |
| 31 | Cyst | Cattle | Buffalo | Goats | | |
| 32 | FMD | | | Goats | | |
| 33 | PPR | | | Goats | | |
| 34 | Ranikhet | | | | Fowl | |
| 35 | CRD | | | | Fowl | |

*स्रोत : जिल्ला पशु सेवा कार्यालय, दाङ २०७३*

### ५.६.३ पशुपंक्षी फार्महरुको विवरण

बंगलाचुली गाउँपालिकामा हाँस, कुखुरा तथा पशुजन्य मासुको उत्पादनमा आत्मनिर्भर रहेको र यसले जिउँदो बोइलर नजिकका अन्य गाउँपालिका तथा नगरपालिकाहरूमा बिक्री वितरण गर्दै आईरहेको छ। हुन त फुल उत्पादन तर्फ यस गाउँपालिकामा अझै ठुला प्रयासहरु थाल्नु आवश्यक देखिन्छ।

### ५.६.४ पशुपंक्षी पालन तथा विकासका गैर सरकारी साझेदारहरु

विकासका बाहकहरु सरकारी निकाय, निजी क्षेत्र तथा नागरिक समाज रहेको तथ्य पशुपंक्षी पालनको समग्र विकासमा पनि चरितार्थ हुन्छ। जिल्ला पशु कार्यालय, दाङले जिल्लामा कार्यरत केहि सरकारी तथा विभिन्न गैर सरकारी संस्थाहरुसँग आपसी समन्वय, सहकार्य तथा सहयात्रीको भूमिका निर्वाह गर्दै आएको छ । यस कार्यालयसँग हातेमालो गरेर पशुपंक्षी पालन व्यवसायलाई सवलीकरण गर्ने विभिन्न संस्थाहरु यस बंगलाचुली गाउँपालिकामा कार्यरत छन् जसमध्ये केही महत्वपूर्ण संस्थाहरुको विवरण निम्नलिखित तालिकामा प्रस्तुत गरिएको छ। यस गाउँपालिकामा एउटा पशुपंक्षीपालक सहकारी संस्था रहेको छ जसको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ३२: पशुपंक्षि सहकारी संस्थाहरुको विवरण

| क्र.सं. | सहकारी संघ/ संस्थाहरुको नाम | वडा नं | सदस्य संस्था | | |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा |
| १ | लेकाली पशुपंक्षीपालन सहकारी संस्था लि. | ५ | १९ | ४१ | ६० |

*स्रोत: दाङ जिल्ला पार्श्वचित्र,२०७१*

## ५.७ व्यापार तथा उद्योगको विवरण

यस गाउँपालिकामार्फत् विभिन्न पहाडी जिल्लाहरूसँगको व्यापार समेत हुने गरेको छ। यहाँ विभिन्न बजारहरु व्यापार व्यवसायका लागि प्रशिद्ध रहेका छन्। यस्ता बजारहरूबाट विशेषगरी खुद्रा व्यापार हुने गरेको छ। यसैगरी, बंगलाचुली गाउँपालिकाबाट थोक व्यापार समेत हुने गरेको छ। थोक व्यापार अन्तर्गत खाद्य मिलबाट उत्पादित खाद्य वस्तु चामल, पिठो, तेल अन्य पहाडी तथा तराईका जिल्लासँग हुने गरेको छ भने अन्य थोक व्यापारमा समेत हुने गरको छ। यसका अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरूका साथै विदेशी वस्तुको नाममा विभिन्न तेस्रो मुलुकहरूबाट उत्पादन भई पैठारी गरिएका घरेलु उपयोगका सामानहरूको समेत उल्लेख्य मात्रामा थोक र खुद्राबिक्री यस गाउँपालिकाबाट हुने गरेको पाइन्छ।

ठूलो भूमिमा विस्तार भएको समथर जमिन, कृषि तथा वनजन्य कच्चा पदार्थहरुको उपलब्धता, परम्परागत तथा जातिगत सीप, कौशल, पर्यटकीय महत्वका स्थलहरुको उपलब्धता लगायतका विभिन्न कारणले गाउँपालिकामा आर्थिक विकासको राम्रो सम्भावना रहेको छ । बंगलाचुली गाउँपालिकाका अधिकांश बासिन्दाहरु कृषि पेशामा

आवद्ध भएका छन् । यस गाउँपालिकाका मानिसहरु उल्लेखनीय रुपमा औद्योगिक विकासतर्फ लागीसकेका छैनन् । तथापी, स्थानीय स्तरमा मझौला, साना तथा घरेलु उद्योग भने संचालित छन् । त्यसैगरी बंगलाचुली गाउँपालिकाका विभिन्न बजारमा स्थानीय उत्पादन तथा चौपायाको किनबेच हुने गर्दछ । यसले पनि गाउँपालिकामा आर्थिक कारोबारको वृद्धि गराएको छ ।

## ५.८ थोक तथा खुद्रा व्यापार

बंगलाचुली गाउँपालिकामा कृषि उपजहरु नजिका गाउँपालिका तथा नगरपालिकामा निर्यात हुने गरेको छ । थोक व्यापार अन्तर्गत मुख्यतया अदुवा, तरकारी, फलफुल, गेडागुडी तथा मसला अन्य गाउँपालिका/नगरपालिकाहरूमा हुने गरेको छ भने अन्य खुद्रा व्यापारमा विस्कुट, साबुन, चाउचाउ, चिया, चिनी आदिको हुने गरको छ। यसका अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरूका साथै फरेन गुड्सको नाममा विभिन्न तेस्रो मुलुकहरूबाट उत्पादन भई पैठारी गरिएका घरेलु उपयोगका सामानहरूको समेत उल्लेख्य मात्रामा खुद्राबिक्री यस गाउँपालिकाबाट हुने गरेको पाइन्छ।

### ५.८.१ ढुवानी तथा भण्डार व्यवस्था

गाउँपालिकाभित्र उत्पादित मालसामानहरू गाउँपालिकाको एक ठाँउबाट अर्को ठाउँमा पुऱ्याउन ढुवानी साधनको रुपमा, ट्रक, ट्याक्टर आदि रहेका छन्। गाउँपालिकाका अधिकांश क्षेत्रमा राम्रो सडक सन्जाल नभएका कारण ढुवानी गर्न समस्या भएको पाइन्छ। कतिपय ठाउँहरूमा विभिन्न खोलाहरूमा पुल नभएका स्थानमा विशेषत: वर्षाको समयमा आवागमनको समेत समस्या रहेको सन्दर्भमा मालसामान ढुवानी गर्ने समस्या झन टड्कारोको रुपमा रहेको छ। गाउँपालिकाको आन्तरिक ढुवानी प्रणालीलाई सुदृढ गर्न विभिन्न खोला तथा नदीहरुमा पुल निर्माण गर्नुपर्ने देखिन्छ ।

गाउँपालिकामा कृषकहरूले खाद्यान्नको उचित दरभाउ पाएमा व्यापारीहरूलाई बिक्री गर्ने र व्यापारीहरूले त्यसरी खरिद गरेको कृषि उपजहरू आफ्नै गोदाममा जम्मा गरी ठुलो परिमाणमा विक्रि गर्दछन्। गाउँपालिकाको कृषकहरूको आलु, तरकारी तथा फलफुल सुरक्षित राख्न पर्याप्त मात्रामा शीत भण्डारको निर्माण गर्नुपर्ने देखिन्छ।

### ५.८.२ स्थानीय उत्पादनहरुले बाह्य उत्पादनसँग गर्नु परिरहेको प्रतिस्पर्धा

स्थानीय उद्योगहरुबाट उत्पादित वस्तुहरु चामल, तेल, दाल, पिठो, पोल्ट्री प्रोडक्टर, फलफुल तथा तरकारी सम्बन्धी उद्योगहरुको अन्य गाउँपालिका तथा भारतीय सामाग्रीसँग प्रतिस्पर्धा गर्नु परिरहेको छ ।

उद्यमशीलता, सीप विकास, बजारीकरण, सेवा कर्जा बजारको सुचनामा उद्यमीहरुको पहुँचको स्थिति, सीप विकास तालिम, उद्यम विकासका तालिमका माध्यमबाट गाउँपालिकामा रोजगारी बढाउने उद्योग व्यवसाय गर्ने एवं सीपमुलक तालिम गरी स-साना गाउँपालिका लागि परेको देखिन्छ । गाउँपालिकामा उद्योग व्यवसाय गर्ने एवं सीपमुलक तालिम गरी स-साना व्यवसाय गर्ने व्यक्तिहरुलाई कर्जा बजारको सुचना भएको र गाउँपालिकामा स्थापित वित्तीय संस्थाहरुबाट कर्जा लिनेहरुको संख्या पर्याप्त रहेको देखिन्छ ।

### ५.८.३ स्थानीय कच्चा पदार्थको उपलब्धता र उपयोगको स्थिति

गाउँपालिकामा कृषिजन्य कच्चा पदार्थहरूमा धान, गहुँ, मकै, कुखुरा, फलफुल, काष्ठजन्य र निर्माणजन्य आदि प्रमुख छन्। यी कच्चा पदार्थहरूमा आधारित विभिन्न उद्योगहरू स्थापना भई कच्चा पदार्थको उपयोग यथेष्ट नभएको पाइन्छ । व्यापारको प्रकृति अनुसार खाद्यान्न धान, गहुँ, तोरी, काष्ठजन्य वस्तुहरु व्यापारीहरूले अन्य गाउँपालिकाहरुमा आयात तथा निर्यात गर्ने गरेको पाइन्छ ।

#### क) कृषि जन्य पदार्थ

गाउँपालिकामा कृषि जन्य कच्चा पदार्थहरूमा धान, गहुँ, मकै, तरकारी, मसला, फलफुल आदि प्रमुख छन्। यी कच्चा पदार्थहरूमा आधारित खाद्य मिल, साना तथा घरेलु उद्योगहरु स्थापना भई कच्चा पदार्थको उपयोग भएको पाइन्छ भने बढी भएको खाद्यान्न धान, गहुँ, तोरी व्यापारीहरूले अन्य गाउँपालिका तथा नगरपालिकामा निर्यात गर्ने गरेको पाइन्छ ।

## ५.९ खानीको स्रोत र उपयोगको स्थिति

तालिका नं. ३३: बंगलाचुली गाउँपालिका रहेको खानीको विवरण

| क्र.सं. | कोईला उत्पादकको नाम | ठेगाना | उत्खनन् गर्ने स्थान |
|---|---|---|---|
| १ | प्रेम कोल उद्योग प्रा.लि. | घोराही-११, दाङ | काभ्रे, दाङ |
| २ | कालिका कोल उद्योग प्रा.लि. | घोराही-११, दाङ | काभ्रे, दाङ |

*स्रोत : जिल्ला पार्शवचित्र, दाङ*

बंगालाचुली गाउँपालिकाको काभ्रेमा २ कोईला खानी रहेको छ । यी खानी उत्खनन्बाट २ कोल उद्योग घोराहीमा सञ्चालित छन् । गाउँपालिकामा खनिज स्रोत अनुमान गरिएतापनि व्यवसायिक उत्पादनको लागि पहल कदमी पर्याप्त भएको पाइँदैन । खनिज साधन सम्बन्धी अन्वेषण हुन धरै बाँकी रहेको स्थिति छ ।

बंगलाचुली गाउँपालिकामा खानी सम्बन्धी सम्भाव्यता हेर्दा कोइला र चुनढुङ्गाको प्रचुरता रहेको छ भने यहाँ तामा, मट्टितेल, नुनका साथै विभिन्न प्रकारका चट्टान देखिएको छ । त्यसैले वातावरणीय र पर्यावरणी अध्ययन गरेर उक्त क्षेत्रमा उत्खनन् सम्बन्धी काम हुन सक्ने सम्भावना देखिन्छ। गाउँपालिकामा उपलब्ध हुने अन्य कच्चा पदार्थमा रोडा, ढुंगा, बालुवा आदि प्रसस्त मात्रामा पाइन्छ । गाउँपालिकामा रहेको संभावना पहिल्याएर विभिन्न प्राकृतिक साधनको प्रशोधन गरी उद्योगको विकास तथा अर्थतन्त्रमा बलियो सम्भावना देखिन्छ ।

## ५.१० अन्य आर्थिक विकासका सम्भावनाहरू

गाउँपालिकामा आर्थिक विकास अन्तर्गत यातायात सेवा, सूचना प्रविधि, शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा, बैदेशिक रोजगार लगायत थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू प्रशस्त रहेका छन्।

समग्रमा यस गाउँपालिकाको ग्रामीण क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या अझै उच्च रहेको छ। गाउँपालिकामा रहेको खेतीयोग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी, मसला तथा जडीबुटी र पशुजन्य उत्पादन वृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकता अनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त संभावनाहरू रहेको छ।

गाउँपालिकामा रहेको अत्यन्त उर्वर भूमिमा वस्ती विकास तथा अन्य निर्माणले गर्दा खेतीयोग्य भूमि दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ माटोको उर्वराशक्ती क्रमशः क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वरा शक्ती बढाई वातावरणीय प्रदुषण कम गर्न सकेमा भावी पुस्ताको लागि एउटा सुरक्षित स्थानको जोहो गर्न सकिनेछ।

गाउँपालिका क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई व्यावसायिक रुपमा विस्तार गरी यातायात सेवालाई सर्वसुलभ तरिकाले कृषकको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र गाउँपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।

यस गाउँपालिकामा भएका प्राकृतिक श्रोत र साधनहरु (बालुवा, ढुङ्गा तथा चट्टान, वनजंगल, जडिबुटी, चुन ढुङ्गा तथा कोइला, तामा, नुन, खनिज तेल आदि) लाई व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले गाउँपालिकामा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ।

गाउँपालिकामा भएका तालतलैयाहरूलाई माछापालन, सिंचाइ, पर्यटन प्रवर्द्धन लगायत जीविकोपार्जन र आर्थिक विकासका विविध क्षेत्रहरूमा परिचालन गर्न सकिने अवस्था रहेको छ। माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र अन्य क्षेत्रबाट आयात हुने माछा प्रतिस्थापन भई गाउँपालिकाकै माछाले बजार लिने सम्भावना रहेको छ।

गाउँपालिकामा ओगटेका वन क्षेत्रहरु सालको वन, खयर, सियौ, पाइन, चिरलगायतको उच्च व्यवसायिक महत्वका वनस्पति प्रजातियुक्त वन क्षेत्र हुनु, वन क्षेत्रको पुनरुत्पादन दर राम्रो हुनु आदि कारणले गर्दा वनको वैज्ञानिक व्यवस्थापन मार्फत् जीविकोपार्जनमा टेवा पुऱ्याउन र राजश्वमा वृद्धि गर्न सकिने अवस्था रहेको छ। यसका अलावा जैविक विविधता संरक्षण प्रवर्द्धन, पर्यटनमार्फत् समेत आर्थिक विकासमा उपयोग गर्न सकिने अवस्था छ। कृषि, पशु एवं वनजन्य कच्चा पदार्थको सुलभ उपलब्धता, गाउँपालिकाका सबैजसो वडाहरुमा सडक, विजुली,

पानीलगायत आधारभूत औद्योगिक पूर्वाधारको विकास तथा उद्योग स्थापनाका लागि पर्याप्त समथर जमिन, रहेको यस बंगलाचुली गाउँपालिकामा कृषि, पशु, वनलगायतको उद्योगका साथै शैक्षिक र औषधीय पर्यटन (Medical tourism) समेतको विकासको सम्भावना रहेको छ ।

गाउँपालिकाका सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटीको खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारमुखी गर्न सकेमा सोक्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ।

गाउँपालिकाको नजिकमा विभिन्न धार्मिक तथा पर्यटकीय क्षेत्र भएको कारणले यहाँ पर्यटनको विशिष्ट सम्भावना रहेको छ । गाउँपालिकाको आसपासमा पर्यटकीय होटेल व्यवसायहरुबाट प्रशस्त लाभ लिन सकिने सम्भावना रहेको छ ।

बेरोजगार समस्या एक चुनौतीको रुपमा रहेको र त्यसको प्रभाव यस गाउँपालिकामा समेत रहेकोले सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। यस गाउँपालिकाका युवाहरूलाई व्यावसायिक तथा सिपमुलक तालिम प्रदान गरी स्वरोजगारको अवस्था श्रृजना गर्न सकेमा गाउँपालिकाको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदान पुऱ्याउने सम्भावना देखिन्छ।

## ५.११ गाउँपालिकाको अर्थतन्त्रको विशिष्टिकरण

गाउँपालिकाको अर्थतन्त्रमा वनपैदावार र प्राकृतिक सम्पदाको संरक्षण गरी सतह तथा भूमिगत सिंचाइमा आधारित दिगो कृषि प्रणालीलाई नै मेरुदण्डको रुपमा लिन सकिन्छ। साथै यो गाउँपालिका पर्यटकिय क्षेत्रको रुपमा समेत रहेको छ। कृषि, पशु एवं वनजन्य कच्चा पदार्थको सुलभ उपलब्धता, गाउँपालिकाका सबैजसो वडाहरुमा सडक, विजुली, पानीलगायत आधारभूत औद्योगिक पूर्वाधारको विकास तथा उद्योग स्थापनाका लागि पर्याप्त समथर जमिन, गाउँपालिकामा कृषि, पशु, वनलगायतको उद्योगका साथै शैक्षिक र औषधीय पर्यटन (Medical tourism) समेतको विकासको सम्भावना रहेको छ । अर्थतन्त्रका यिनै विशिष्ट क्षेत्रहरूमा गाउँपालिकाको विशिष्टता एवं प्राथमिकता केन्द्रित गर्नु उपयुक्त देखिन्छ।

## ५.१२ बैंकको विवरण

यस बंगलाचुली गाउँपालिकामा हाल सम्म बैंकहरुको स्थापना हुन सकेको छैन तर पनि यहाँका जनताहरु घोराही उप-महानगरपालिकामा रहेका विभिन्न बैंक मार्फत सेवा लिने गरेको पाइन्छ । गाउँपालिकामा उद्योग व्यापार लगानी गर्न वित्तीय संस्थाहरुमा वाणिज्य बैंकहरु मार्फत कर्जा लगानी हुने गरेको देखिन्छ। यसबाहेक घोराही उप-महानगरपालिकामा संचालित अन्य बैंकहरुले पनि कर्जा उपलब्ध गर्दै आएका छन् भने गाउँपालिका बासीहरुसँग रहेको रकमलाई निक्षेपको रुपमा स्विकार गरी बचत पनि गर्दै आएका छन् ।

## ५.१३ सहकारी संस्थाको विवरण

गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँका सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ । सहकारी संस्थाले स्थानीय स्तरको बचतलाई गाउँपालिका बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आय मूलक कार्यमा लगानी गरिरहेका छन् । सहकारी संस्था प्रति जनताको अपनत्व बढी र प्रशासनिक झन्झट कमी हुने हुँदा वित्तिय क्षेत्रमा यहाँका जनताको पहुँच समेत बढेको छ । बंगलाचुली गाउँपालिकामा विभिन्न प्रकृतिका बचत तथत ऋण, पशुपन्छीपालक, उपभोक्ता र कृषि गरी जम्मा २५ सहकारी संस्थाहरु कार्यरत रहेका छन् । जसको विवरण तलको तालिकामा देखाइएको छ ।

तालिका नं. ३४: सहकारी संस्थाको विवरण

| क्र.सं. | कार्य/प्रकृति | संस्था संख्या |
|---|---|---|
| १ | बचत तथा ऋण | ६ |
| २ | पशुपंक्षी पालक | १ |
| ३ | उपभोक्ता | ४ |
| ४ | कृषि | १४ |
| ५ | दुग्ध | ० |
| ६ | विद्युत | ० |
| ७ | अन्य | ० |
| | जम्मा | २५ |

स्रोत: राप्ती अञ्चलको सहकारी गतिविधि २०७२/०७३

तालिका नं. ३५: सहकारी संस्थाको नामावली

| त्र.सं. | सहकारी संघ संस्थाको नाम | ठेगाना | सदस्यता संख्या | | | सञ्चालक | | | शेयर पूँजी | बचत निक्षेप | सदस्यलाई ऋण लगानी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | | |
| १ | कमिरेचौर महिला बचत तथत ऋण सहकारी संस्था लि. | काभ्रे ४, कमिरेचौर | ३८७ | ० | ३८७ | ९ | ० | ९ | ९६२०० | ३९९२८६ | १३८८७२७ |
| २ | बंगलाचुली बचत तथत ऋण सहकारी संस्था लि. | लोहारपानी ७ झेलनाटा | ३४ | १० | १३४ | ३ | ८ | ११ | ६७०००० | १४३४०५९ | ४३६२५०० |
| ३ | जनहित महिला बचत तथत ऋण सहकारी संस्था लि. | हाँसीपुर ८ | २११ | ० | २११ | ९ | ० | ९ | १०८५०० | ३२०३२७ | ९४६४४० |
| ४ | जलकुण्डी महिला बचत तथा ऋण सहकारी संस्था लि. | लोहारपानी ८, मुरकुटी | २०२ | ० | २०२ | ० | ० | ० | ९७५०० | ९०६३२५ | १३४९४९६ |
| ५ | बन्दना स्मिृति बचत तथा ऋण सहकारी संस्था लि. | लोहारपानी ७ झेलनाटा | ३१ | ८६ | ११७ | २ | ५ | ७ | २३४००० | ६३८१०० | १२८७१२३ |
| ६ | चन्द्रज्योति महिला बचत तथत ऋण सहकारी संस्था लि. | स्यूजा ४, बोचपोखरा | २४२ | ० | २४२ | १३ | ० | १३ | १३७१०० | ४०७६४५ | ८७९९५० |
| | जम्मा | | ११०७ | ९६ | १२९३ | ३६ | १३ | ४९ | १३४३३०० | ४१०५७४२ | १०२१४२३६ |
| कृषि सहकारी संस्थाहरु | | | | | | | | | | | |
| १ | धिमधिमे कृषि सहकारी संस्था लि. | स्यूजा ४, बोचपोखरा | ७ | १८ | २५ | २ | ७ | ९ | ३७५०० | ० | ० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | लोहारपानी कृषि सहकारी संस्था लि. | लोहारपानी- ४ | ७ | २६ | ३३ | १ | ६ | ७ | २३१००० | ० | ० |
| ३ | गाउँले कृषि सहकारी संस्था लि. | लोहारपानी १,रिभान | ८ | २९ | ३७ | १ | ६ | ७ | २१६००० | २१५३१० | ३९०४०० |
| ४ | पहाडी कृषि सहकारी संस्था लि. | लोहारपानी ५ | २ | ४१ | ४३ | ० | ९ | ९ | ४५०० | ४२०४३ | ८७८५० |
| ५ | काभ्रे कृषि सहकारी संस्था लि. | काभ्रे -४ | १ | ५७ | ५८ | १ | ८ | ९ | १२०००० | २८२००० | ११४००० |
| ६ | विवेकशील महिला कृषि सहकारी संस्था लि. | लोहारपानी- ७ | ३१ | ० | ३१ | ११ | ० | ११ | १५५०० | १९८० | १७४४३ |
| ७ | सेतो पहरा कृषि सहकारी संस्था लि. | लोहारपानी ७ मुर्कुटी | १३ | २१ | ३४ | १ | ६ | ७ | १७००० | ३१९०६ | ३३०९३ |
| ८ | वृक्ष कृषि सहकारी संस्था लि. | हाँसीपुर ५ | १ | ३१ | ३२ | १ | ८ | ९ | १११२४४ | ० | ८७९२५ |
| ९ | कस्तुरी कृषि सहकारी संस्था लि. | हाँसीपुर ९, गोठीवन | १ | ३० | ३१ | ० | ७ | ७ | ३१००० | ० | ० |
| १० | नवदीप कृषि सहकारी संस्था लि. | हाँसीपुर ६ | ९ | १८ | २७ | ३ | ४ | ७ | २७००० | ० | ० |
| ११ | सुनपेराटी कृषि सहकारी संस्था लि. | लोहारपानी १,रिभान | १६ | ४० | ५६ | ० | ० | ० | ७२००० | ० | ० |
| १२ | सिद्धपालुवा कृषि सहकारी संस्था लि. | काभ्रे ९, मुलावारी | १० | ३० | ४० | ० | ० | ० | ६०००० | ० | ० |
| १३ | खारखोली कृषि सहकारी संस्था लि. | लोहरपानी ६, फलीदे | १८ | ७ | २५ | ० | ० | ० | १००००० | ० | ० |
| १४ | जयसिद्धि कृषि सहकारी संस्था लि. | स्यूजा ४ | ५ | २० | २५ | ० | ९ | ९ | १२५००० | ० | ० |
| | जम्मा | | १२९ | ३६८ | ४९७ | २१ | ७० | ९१ | ११६७७४४ | ५७३२३९ | ७३०७११ |
| उपभोक्ता सहकारी संस्थाहरु | | | | | | | | | | | |
| १ | हुम उपभोक्ता सहकारी संस्था लि. | हाँसीपुर ९ | ६ | ३१ | ३७ | ० | ७ | ७ | १४८००० | ० | ० |
| २ | अमृत स्मृति उपभोक्ता सहकारी संस्था लि. | स्यूजा ४ | ११ | ४१ | ५२ | ० | ७ | ७ | १४०००० | ० | ० |
| ३ | अजय स्मृति उपभोक्ता सहकारी संस्था लि. | लोहारपानी- ७ | १० | १५ | २५ | २ | ५ | ७ | २५००० | ० | ० |
| ४ | होताराम स्मृति उपभोक्ता सहकारी संस्था लि. | काभ्रे ४ | ३ | २४ | २७ | ० | ७ | ७ | १४०००० | ० | ० |
| | जम्मा | | ३० | १११ | १४१ | २ | २६ | २८ | ४५३००० | ० | ० |
| पशुपन्छीपालक सहकारी संस्थाहरु | | | | | | | | | | | |
| १ | लेकाली पशुपन्छी सहकारी संस्था लि. | लोहारपानी ७ | १९ | ४१ | ६० | ० | ७ | ७ | ६००००० | ० | ० |
| | कुल जम्मा | | १२८५ | ६१६ | १९९१ | ५९ | ११६ | १७५ | ३५६४०४४ | ४६७८९८१ | १०९४४९४७ |

*स्रोत : राप्ती अञ्चल सहकारी गतिविधि २०७२/०७३*


बंगालाचुली गाउँपालिकाको सहकारी संस्थाको विवरण हेर्दा गाउँपालिकामा बचत तथा ऋण सहकारी संस्था ६, पशुपंक्षीपालक सहकारी संस्था १, कृषि १४ र उपभोक्ता ४ गरी जम्मा २५ वटा सहकारी संस्थाहरु संचालनमा रहेका छन् । उद्योग व्यापार क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ सञ्चालन भएका यी सहकारी संस्थाहरुले नियमितरुपमा कुल १,९९१ सदस्यहरूबाट कुल रु. ४६,७८,९८१ बचत सङ्कलन गरेको देखिन्छ भने सदस्यहरुलाई रु. १,०९,४४,९४७ रकम ऋण लगानी भएको पाईन्छ ।

## ५.१४ संघ संस्था तथा विभिन्न समूहहरु

यस गाउँपालिकामा विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुले समुदायमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आफ्ना कार्यक्रमहरु संचालन गरिरहेका छन् । यहाँ रहेका सरकारी संस्थाहरु क्रमश गाउँपालिका कार्यालय, स्वास्थ्य चौकी, अतिरिक्त हुलाक, इलाका प्रहरी, नेपाल टेलिकम, नेपाल विद्युत प्राधिकरण, कृषि सेवा केन्द्र, पशु सेवा केन्द्र आदि रहेका छन् । यसका अतिरिक्त गाउँपालिकामा विभिन्न समूहहरु, युवा क्लबहरु, नागरिक समाज, राजनितिक दलहरु रहेका छन् ।

# खण्ड ६ : भौतिक तथा सार्वजनिक पूर्वाधार

## ६.१ यातायात




नक्सा नं. १४: गाउँपालिकाको सडक सञ्जाल विवरण

### ६.१.१ वर्तमान सडक सञ्जाल तथा यातायात सेवा

तालिका नं. ३६: बंगलाचुली गाउँपालिकालाई छुने सडक विवरण

| क्र. सं. | सडकको नाम तथा गन्तव्य | प्रकार तथा लम्बाई (कि.मी.) | | | | जम्मा लम्बाई (कि.मी.) |
|---|---|---|---|---|---|---|
| | | कालापत्रे | ग्राभेल | कच्ची | नयाँ सडक | |
| राष्ट्रिय राजमार्ग | | | | | | |
| १ | लोहारपानी -घोराही सडक | ० | १९ | १७ | | ३६ |
| जिल्ला सडक | | | | | | |
| २ | भैसाइ-सीमलटारा-हाँसीपुरी-शान्तिपुर सडक | | ५१.४५ | | ९.५५ | ६१ |
| ३ | होरनोक-स्यूजा-साइघा-होलेरी सडक | | | १० | | १० |
| ग्रामीण सडक | | | | | | |
| ४ | स्यूजा-भोजपोखरा-साइघा सडक | | | | | १० |

*स्रोत : दाङ जिल्ला पार्श्वचित्र, २०७२*

कुनै पनि क्षेत्रको आर्थिक सामाजिक विकासलाई गतिशिल बनाउन सार्वजानिक वस्तु तथा सेवा प्रवाहलाई सरल र सहज बनाउन, कृषि तथा गैह्र कृषि क्षेत्रको विकास गर्न सडक यातयात एउटा महत्वपूर्ण पूर्वाधारको रुपमा रहेको हुन्छ।

बंगलाचुली गाउँपालिकाका सबै वडाहरूमा बाह्रै महिना चल्ने सडक सञ्जाल विस्तार हुन नसके पनि यस गाउँपालिकाको केहि ठाउँमा बाटो विस्तार भएको छ। गाउँपालिकामा यातायातका विभिन्न साधनहरूको उपयोग भएको देखिन्छ। गाउँपालिकामा टेक्टर, गाडा, साइकल, बस, मोटरसाइकलहरूको समेत उपयोग गरिएको देखिन्छ। गाउँपालिकामा बस सेवा चालु रहेको छ। यस गाउँपालिकाबाट अन्य स्थानमा जानको लागि गाउँबाट सदरमुकाम आएर त्यहाँबाट विभिन्न स्थानमा जान सकिन्छ। यस गाउँपालिका काठमाडौंको ४५२ कि.मि. पश्चिम तथा बंगलाचुली प्रशासनिक केन्द्र देखि ५१.८ किमीको दुरीमा टरिगाउँ विमानस्थल रहेको छ। जुन साविकाको टरिगाउँ गा.वि.समा रहेको छ। यो विमान स्थल तुल्सीपुर उप-महानगरपालिकाबाट ३ कि.मी को दुरीमा रहेको छ। तर अहिले यो बन्द अवस्थामा रहेको छ। यसलाई सञ्चालनमा ल्याउने प्रयासमा तारा एयरले २०७१ सालमा असार तेस्रो साता परिक्षण उडान भरेको थियो। गाउँपालिकामा रहेका यातायात र सडक सम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ३७: गाउँपालिकादेखि सदमुकामसम्को सडक विवरण

| क्र.सं. | साविकको गा.वि.स./न.पा. | दुरी कोषमा ( सदरमुकाम बाट) | सडकको प्रकार | यातायाको साधन |
|---|---|---|---|---|
| १ | स्यूजा | ५ | कच्ची | बस, जिप |
| २ | काभ्रे | ७ | कच्ची | बस |
| ३ | लोहारपानी | ९ | कच्ची | बस |
| ४ | हाँसीपुर | १३ | कच्ची | जीप, पैदल |

*स्रोत : जिल्ला पाश्र्वचित्र दाङ, २०७१*

## ६.२ संचार

सूचना र प्रविधिमा भएका नविनतम खोज तथा विकासको गाउँ, समुदाय, देश, अन्तरदेशलाई एउटा सीमाहिन विश्व समुदायको रुपमा रुपान्तरित गरिदिएको छ। दिनानुदिन संचार प्रविधिको प्रयोग विस्तारित भइरहेको छ । सन् १९९० सालको दशकमा सिमित जनसंख्याले प्रयोग गर्ने संचारका माध्यामहरु हाल आधारभूत आवश्यकतामा परिणत भएको छ। ११०.३ प्रतिशत टेलिफोनको घनत्व ४६.५ प्रतिशत इन्टरनेटका प्रयोगकर्ता, रेडियोको राष्ट्रिय प्रसारणमा पँहुच ८८ प्रतिशत रहेको तथ्यांकले संचार क्षेत्रको तीव्र विकास र विकासका अन्य क्षेत्रमा यसको प्रभाव दर्शाउँछ। हाल पत्रपत्रिका, रेडियो र टि.भि.को प्रयोग अत्यधिकमात्रमा बढ्दै गएको छ।

विशेषगरी वि.सं. २०४७ सालमा प्रजातन्त्रको पुर्नस्थापना पछि नेपाल तीब्र रुपमा आधुनिकतामा प्रवेश गरेको देखिन्छ । आधुनिकता सँगै नेपालमा शिक्षा संचार, यातायात र दैनिक उपभोग्य वस्तुहरुको साथै सेवा सुविधाका सामाग्रीहरुको प्रयोग व्यापक हुँदै गैरहेको छ। यसले गुणस्तरिय जीवनमा थप प्रगति भैरहेको छ। हाल पत्रपत्रिका, रेडियो र टि.भि.को प्रयोग अत्यधिकमात्रमा बढ्दै गएको छ। बंगलाचुली गाउँपालिकामा एफ.एम र रेडियो नेपाल लगायत विभिन्न स्टेसनहरु जिल्ला तथा केन्द्रबाट सिधा प्रशारण भएको सुन्न सकिन्छ। गाउँपालिकाका सबै वडाहरूमा नेपाल टेलिकम र एनसेल दुवैको मोवाइल फोन सेवा उपलब्ध भएको पाइन्छ।

### ६.२.१ गाउँपालिकामा सेवा पुऱ्याइरहेका जिल्लाका एफ.एम. रेडियोहरु

तालिका नं. ३८: एफ.एम. रेडियो विवरण

| क्र.सं. | एफ.एम. रेडियो | क्र.सं. | एफ.एम. रेडियो |
|---|---|---|---|
| १ | रेडियो हाईवे | ६ | रेडियो पाठशाला |
| २ | रेडियो नयाँयुग | ७ | रेडियो सञ्जिवनी |
| ३ | झरना एफ.एम. | ८ | रेडियो हापुरे |
| ४ | रेडियो एस.टि.एन. | ९ | रेडियो युगको आवाज |
| ५ | शान्ति परिवर्तन संचार संस्था लि. | १० | रेडियो राप्ती |

*स्रोत : जिल्ला हुलाक कार्यालय, २०७३*

दाङ जिल्लामा १० वटा स्थानिय रेडियो स्टेसनहरु रहेका छन् भने अन्तर्राष्ट्रिय स्तरका बीबीसी नेपाली सेवा तथा राष्ट्रिय स्तरका रेडियो नेपाल पनि प्रसारण हुने गरेको पाईन्छ । यी एफ्.एम् रेडियोहरुले सम्पूर्ण जिल्लामा गाउँपालिका र गाउँपालिकाहरुमा सेवा प्रदान गर्दै आएका छन् । यो सुविधा बंगलाचुली गाउँपालिकाको सम्पूर्ण स्थानमा पुगेको छ । यस गाउँपालिकाको स्थानिय रेडियो नभएपनि जिल्लाबाट प्रसारण हुने सम्पूर्ण रेडियोबाट यहाँका जनताले मनोरञ्जन लिने गरेको पाइन्छ ।

### ६.२.२ टेलिफोन/मोबाइल

सञ्चार प्रणालीको विवेचना गर्दा यस गाउँपालिकाका सबै वडाहरुमा ल्याण्डलाइन, सिडिएमए, मोबाइल, स्काई फोन आदि सेवा नेपाल टेलिकम, एनसेल जस्ता कम्पनीहरूले उपलब्ध गराएको देखिन्छ। ग्रामिण क्षेत्रहरुमा पातलो र छरिएको वस्ती भएकोले, केवल नेटवर्कबाट टेलिफोन सेवा पुऱ्याउन प्राविधिक कठिनाइको साथै बढी खर्चिलो हुने देखिएकोले त्यस्ता स्थानहरूमा वायरलेस प्रणालीबाट सेवा पुऱ्याउनु पर्ने देखिन्छ।

### ६.२.३ हुलाक सेवा

गाउँपालिकामा आधा शताब्दीदेखि सञ्चार क्षेत्रमा सेवा पुऱ्याइरहेको हुलाक सेवा हाल गाउँपालिकाका विभिन्न वडाहरुमा कार्यरत छन्। ४ वटा ईलाका हुलाक कार्यालयहरुबाट गाउँपालिकाभित्र र गाउँपालिका बाहिर एवं विदेशमा समेत हुलाक सेवा प्रदान गरिरहेको छ। हुलाक सेवा अन्तर्गत साधारण चिठीपत्रहरू, रजिष्ट्री पत्रहरू, बिमा पुलिन्दा, धनादेश सेवा र बचत सेवाहरू सञ्चालित छन् भने बंगलाचुली देखि काठमाण्डौ, ललितपुर, भक्तपुरसम्म द्रुत सेवा पनि उपलब्ध छ । यद्यपी सञ्चार र यातायात सेवामा भएको तीव्र र उच्च विकासले हुलाक सेवा प्रयोगकर्ताको संख्या घट्दै गईरहेको छ ।

### ६.२.४ पत्रपत्रिका

दाङ जिल्लामा नियमितरुपमा प्रकाशित पत्रपत्रिकाहरुका साथै काठमाडौंबाट प्रकाशित हुने दैनिक अखबारहरु, साप्ताहिकहरु र मासिक पत्रिकाहरु (राष्ट्रिय समाचार समित, गोरखापत्र, कान्तिपुर दैनिक, नागरिक दैनिक, नेपाल समाचार पत्र, राजधानी दैनिक, अन्नपूर्ण पोष्ट, नयाँ पत्रिका दैनिक आदि) समेत यस बंगलाचुली गाउँपालिकामा उपभोग गरेको पाइन्छ । गाउँपालिकामा बसोवास गर्ने मानिसहरु दिनहुँ आफ्नो घरयासी काममा व्यस्त हुने भएकाले पत्रपत्रिका पढ्ने बानिको अभाव रहेको पाइन्छ । यस गाउँपालिकाको सम्पूर्ण ठाँउमा यो सेवा उपलब्ध नभएपनि केहि मानिसहरुले यो सेवा प्राप्त गरेको पाइन्छ ।

तालिका नं. ३९: पत्रपत्रिकाको विवरण

| दैनिक | साप्ताहिक | मासिक | त्रैमासिक | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| १२ | १९ | ७ | १३ | ७ | ५८ |

*स्रोत :गाउँ कार्य पालिकाको कार्यालय, २०७३*

## ६.३ विद्युत


### ६.३.१ बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण

यस बंगलाचुली गाउँपालिकाका सबै वडाहरुमा विद्युत मर्मत संभार, महसूल असुली तथा विद्युतीकरण योजनाको कार्यान्वयन नेपाल विद्युत प्राधिकरणले गर्दै आएको छ । राष्ट्रिय जनगणना २०६८ (सन् २०११) को नजिताअनुसार दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनमा विद्युत प्रमुख स्रोतको रुपमा रहेको देखिन्छ । यस गाउँपालिकामा बत्ती बाल्न विद्युत प्रयोग गर्नेको घरधुरी संख्या ८४४ (१७.८४ प्रतिशत) रहेको छ। त्यस्तै ८३५ (१७.६५ प्रतिशत) घरधुरीले मट्टितेल, ७६९ (१६.२६ प्रतिशत) ले सोलार र १४ (०.३० प्रतिशत) घरधुरीले मात्रामा गोबर ग्याँसको प्रयोग गरेको देखिन्छ। यस गाउँपालिकामा बत्ती बाल्नको लागि अन्य स्रोतहरुको प्रयोग गर्ने घरधुरी संख्या बढि रहेको देखिन्छ । त्यस्तै वडागतरुपमा सबैभन्दा बढी विद्युतको प्रयोग गर्ने वडा नं. ४ रहेको देखिन्छ जसमा २२४ घरधुरीले विद्युतको प्रयोग गरेको देखिन्छ। समग्रमा यस क्षेत्रमा विद्युतको पहुँचबाट धेरै घरधुरीहरु टाढा रहका छन्। यस क्षेत्रमा विद्युतको पहुँचको लागि नेपाल सरकार ले र यस क्षेत्रको राजनिती निकायहरुले पहल गर्नु पर्ने देखिन्छ। जसको विस्तृत विवरण तलको तालिका र चित्रबाट स्पष्ट पार्न सकिन्छ।

तालिका नं. ४०: बत्ती बाल्न प्रयोग गरिने श्रोत

| वडा नं. | बिजुली | मटीतेल | गोबरग्याँस | सोलार | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | १२५ | १९० | १ | ४४ | १७८ | २ | ५४० |
| २ | ११५ | २५९ | ३ | १२ | ४६ | ० | ४३५ |
| ३ | १७० | १०५ | ३ | ९५ | ३९५ | १ | ७६९ |
| ४ | २२४ | २२८ | ० | ७९ | १७३ | ० | ७०४ |
| ५ | १५४ | १९ | १ | ५८ | ३०६ | ४ | ५४२ |
| ६ | ५४ | ६ | ० | ८५ | ४२५ | ४ | ५७४ |
| ७ | १ | २७ | १ | २१८ | ३५५ | ८ | ६१० |
| ८ | १ | १ | ५ | १७८ | ३६९ | २ | ५५६ |
| **जम्मा** | ८४४ | ८३५ | १४ | ७६९ | २,२४७ | २१ | ४,७३० |
| **प्रतिशत** | १७.८४ | १७.६५ | ०.३० | १६.२६ | ४७.५१ | ०.४४ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*





## ६.३.२ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण

तालिका नं. ४१: खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण

| वडा नं. | काठ/ दाउरा | मटीतेल | एल.पी. ग्याँस | कुइठा/ ठोरहा | गोबरग्यास | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ५३५ | १ | १ | ० | १ | २ | ५४० |
| २ | ४२९ | ६ | ० | ० | ० | ० | ४३५ |
| ३ | ७६१ | ३ | २ | २ | ० | १ | ७६९ |
| ४ | ६९८ | २ | ४ | ० | ० | ० | ७०४ |
| ५ | ५१९ | १ | १७ | ० | १ | ४ | ५४२ |
| ६ | ५६७ | ० | २ | ० | १ | ४ | ५७४ |
| ७ | ५९८ | २ | १ | १ | ० | ८ | ६१० |
| ८ | ५४९ | ० | १ | ४ | ० | २ | ५५६ |
| जम्मा | ४,६५६ | १५ | २८ | ७ | ३ | २१ | ४,७३० |
| प्रतिशत | ९८.४४ | ०.३२ | ०.५९ | ०.१५ | ०.०६ | ०.४४ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

वि.सं. २०६८ को जनगणनाअनुसार बंगलाचुली गाउँपालिकामा परिवारमा खाना पकाउन प्रयोग गरिने प्रमुख इन्धनको रूपमा काठ तथा दाउरा सबैभन्दा बढी ४,६५६ (९८.४४ प्रतिशत) रहेको छ । यसैगरी दोस्रोमा एल.पी. ग्याँस प्रयोग गर्ने २८ (०.५९ प्रतिशत), मट्टीतेल प्रयोग गर्ने १५(०.३२ प्रतिशत), कुइठा/ठोरहा प्रयोग गर्ने घरधुरी संख्या ७ (०.१५ प्रतिशत), गोबर ग्याँस प्रयोग गर्ने घरधुरी संख्या ३ (०.०६ प्रतिशत), रहेका छन् भने अन्य उल्लेख नगरिएका साधनको प्रयोग गर्ने घरधुरी २१ (०.४४ प्रतिशत) रहेको देखिन्छ। वडागत रुपमा हेर्दा पनि सबैभन्दा बढी काठ तथा दाउराको प्रयोग गर्ने समग्र सबै वडाका घरधुरी संख्या बढी रहेको देखिन्छ । जसलाई तलको चित्रबाट पनि स्पष्ट पार्न सकिन्छ।




वैकल्पीक उर्जाको वर्तमान स्थिति र जनताले यस क्षेत्रमा देखाएको आकर्षणलाई हेर्दा वैकल्पिक उर्जाको क्षेत्रमा ध्यान दिनुपर्ने देखिन्छ। तराई क्षेत्र भएकोले गोबरग्याँसको लागि उपर्युक्त तापक्रम रहेको र पशुहरुबाट प्राप्त गोबरलाई पूर्णरुपमा प्रयोग गर्न सके वन अतिक्रमण रोकिनुको साथै जनमानसको स्वास्थ्यमा पर्ने नकारात्मक असर समेत न्यून हुने हुँदा यसको लोकप्रियतामा वृद्धि हुँदै गएको देखिन्छ ।

# खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा

## ७.१ शिक्षा

चौधौ योजनाको ५ वटा रणनीतिक स्तम्भहरुमध्ये शैक्षिक पूर्वाधारको विकास र गुणस्तर वृद्धि पनि एक हो। कुनै पनि देशको सामाजिक तथा आर्थिक विकासमा शिक्षाले ठूलो भूमिका खेलेको हुन्छ। यसलाई मानव विकासको सूचकको रूपमा लिइन्छ। यसै सिलसिलामा यहाँ बंगलाचुली गाउँपालिकाको शैक्षिक स्थिती देखाउन खोजिएको छ। विकासको प्रमुख आधारशिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्रको नै सर्वोपरि भुमिका अनिवार्य रहन्छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त माध्यमको रुपमा नीतिगत रुपमा अबलम्बन गरिएको छ।

## ७.२ साक्षरता स्थिति


सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयमको रुपमा रहेको शिक्षा क्षेत्रमा बंगलाचुली गाउँपालिका यस जिल्लाका अन्य स्थानको तुलनामा केही पछाडि रहेको देखिन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार यस गाउँपालिकाको साक्षरता दर ६०.२४ प्रतिशत (नेपालको ६५.९४ प्रतिशत) रहेको छ। लैंगिक हिसाबले यो गाउँपालिकामा पनि अन्यत्र जस्तै धेरै विभेद रहेको पाईन्छ। जस्तै: यस गाउँपालिकाको पुरुषको साक्षरता दर ७१.९६ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ५१.१४ प्रतिशत मात्र रहेको छ। पुरुष र महिलाको साक्षरता दरमा लगभग २०.८२ प्रतिशतको फरक देखिन्छ। सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ। यस क्षेत्रमा शिक्षकको पहुँचको कमी रहेका छ। यस गाउँपालिकामा साक्षरता दर मा वृद्धि गर्नु पर्ने देखिन्छ। यस गाउँपालिकाको साक्षरताको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. ४२: साक्षरता दर**

| वडा नं. | पढ्न र लेख्न सक्ने | | पढ्न मात्र सक्ने | | पढ्न र लेख्न नसक्ने | | उल्लेख नगरिएको | | जम्मा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | |
| १ | ६६८ | ७२२ | १० | ७ | १२३ | ४८६ | ० | १ | ८०१ | १,२१६ | २,०१७ |
| २ | ६५९ | ६३७ | ३ | ७ | १४० | ३६३ | ० | ० | ८०२ | १,००७ | १,८०९ |
| ३ | ८५० | ८६६ | २८ | ३७ | २९८ | ८०९ | ० | ० | १,१७६ | १,७१२ | २,८८८ |
| ४ | ९४० | ८७० | २० | २९ | २२५ | ७०५ | २ | २ | १,१८७ | १,६०६ | २,७९३ |
| ५ | ८४२ | ७२५ | ५९ | ६३ | १९४ | ६२७ | १ | १ | १,०९६ | १,४१६ | २,५१२ |
| ६ | ६७३ | ६५६ | ६२ | ४८ | २८५ | ७११ | ० | ० | १,०२० | १,४१५ | २,४३५ |
| ७ | ७३३ | ६०९ | ३४ | २६ | ५७१ | ८४१ | १ | ४ | १,३३९ | १,४८० | २,८१९ |
| ८ | ९३९ | ६७५ | २२ | १५ | ३७९ | ७२२ | ० | ० | १,३४० | १,४१२ | २,७५२ |
| जम्मा | ६,३०४ | ५,७६० | २३८ | २३२ | २,२१५ | ५,२६४ | ४ | ८ | ८,७६१ | ११,२६४ | २०,०२५ |
| प्रतिशत | ७१.९६ | ५१.१४ | २.७२ | २.०६ | २५.२८ | ४६.७३ | ०.०५ | ०.०७ | १००.०० | १००.०० | |

*स्रोत : जिल्ला शिक्षा कार्यालय, दाङ*

बंगलाचुली गाउँपालिकाको साक्षरताको स्थिति वर्णन गर्नुपर्दा सबै भन्दा बढि साक्षरता दर वडा नं. २ मा ७१.६४ प्रतिशत रहेको छ जसमध्ये पुरुष साक्षरता दर ८२.१७ प्रतिशत र महिला साक्षरता दर ६३.२६ प्रतिशत रहेको छ। त्यस्तै गरि सबै भन्दा कम साक्षरता दर वार्ड नं. ७ मा रहको छ। जसमा कुल साक्षरता दर ४७.६१ प्रतिशत रहेको छ। जसमध्ये पुरुष साक्षरता दर ५४.७४ प्रतिशत र महिला साक्षरता दर ४१.१५ प्रतिशत रहेको छ। माथिको तथ्यांकलाई हेर्दा यस बंगलाचुली गाउँपालिका शैक्षिक हिसाबमा निकै नै पछाडि रहेको देखिन्छ। यस दरलाई बढाउनु आवश्यक रहेको छ। यस गाउँपालिकाको साक्षरता दरलाई तलको चित्रबाट पनि देखाउन सकिन्छ।




### ७.२.१ शैक्षिक जनशक्तिको विवरण

तालिका नं. ४३: शैक्षिक जनशक्तिको विवरण

| लिङ्ग | स्कूल नगएको | प्राथमिक तह | नि.मा.वि. तह | मा.वि. तह | एस.एल. सी. तह | प्रमाणपत्र तह | स्नातक तह | स्नातकोत्तर तह र सोभन्दा माथी | अन्य | अनौपचारिक शिक्षा | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ७५८ | ४०३७ | १०९२ | ३६० | १६२ | ११३ | ३४ | २ | १५ | १२४ | ५४ | ६,७५१ |
| महिला | ७१८ | ३८४१ | १०१६ | २४२ | ११८ | ४४ | ९ | १ | ६ | १८५ | २९ | ६,२०९ |
| जम्मा | १,४७६ | ७,८७८ | २,१०८ | ६०२ | २८० | १५७ | ४३ | ३ | २१ | ३०९ | ८३ | १२,९६० |
| प्रतिशत | ११.३९ | ६०.७९ | १६.२७ | ४.६५ | २.१६ | १.२१ | ०.३३ | ०.०२ | ०.१६ | २.३८ | ०.६४ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

यस तालिकामा बंगलाचुली गाउँपालिकामा विभिन्न शैक्षिक तह उत्तीण गरेका जनशक्ति देखाइएको छ। जसमा १,४७६ (११.३९ प्रतिशत) जना स्कूल नगएका, ७,८७८ (६०.७९ प्रतिशत) प्राथमिक तह, २,१०८ (१६.२७ प्रतिशत) नि.मा.वि. तह, ६०२ (४.६५ प्रतिशत) मा.वि. तह, २८० (२.१६ प्रतिशत) एस.एल.सी. तह, १५७ (१.२१ प्रतिशत) प्रमाणपत्र तह, ४३ (०.३३ प्रतिशत) स्नातक तह, ३ (०.०२ प्रतिशत) स्नातकोत्तर तह र सोभन्दा माथि अध्ययन गरेको देखिन्छ। र अन्य अनौपचारिक शिक्षा हासिल गर्ने को संख्या ४१३ ( ३.१९ प्रतिशत) रहेको पाइन्छ। यसलाई तलको चित्रबाट देखाइएको छ।




## ७.२.२ विषयगत शैक्षिक जनशक्तिको विवरण

तालिका नं. ४४: विषयगत शैक्षिक जनशक्तिको विवरण

| वडा नं. | मानविकी र कला | व्यपार र प्रशासन | शिक्षा | विज्ञान | स्वस्थ्य | सामाजिक र व्यवहारिक विज्ञान | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | १५ | ० | १४ | २ | २ | २ | ० | ३५ |
| २ | ० | १ | ३ | ० | ० | ० | १ | ५ |
| ३ | १३ | १ | १० | १ | ० | ० | ० | २५ |
| ४ | ५ | १ | १४ | २ | ० | ० | १४ | ३६ |
| ५ | १८ | ७ | १३ | १ | २ | ० | ० | ४१ |
| ६ | ५ | १ | २ | ० | ० | ० | २ | १० |
| ७ | २२ | ० | ७ | ३ | ० | ० | २ | ३४ |
| ८ | ३ | २ | १२ | ० | ० | ० | ० | १७ |
| जम्मा | ८१ | १३ | ७५ | ९ | ४ | २ | १९ | २०३ |
| प्रतिशत | ३९.९० | ६.४० | ३६.९५ | ४.४३ | १.९७ | ०.९९ | ९.३६ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११*

राष्ट्रिय जनगणना २०६८ बाट प्राप्त तथ्याङ्कका आधारमा गाउँपालिकामा विभिन्न संकायमा अध्ययन गरेका शैक्षिक जनशक्तिको विवरणलाई तालिकामा देखाइएको छ। जसअनुसार यस गाउँपालिकामा सबैभन्दा बढी मानविकी र कला विषय लिएर पढ्नेको संख्या ८१ (३९.९० प्रतिशत) रहेको छ भने दोस्रोमा शिक्षा विषय लिएर पढ्नेको जनसंख्या ७५ (३६.९५ प्रतिशत), तेस्रो स्थानमा व्यपार र प्रसाशन विषय लिएर पढ्नेको संख्या १३ (६.४० प्रतिशत) रहेको देखिन्छ। अहिलेको प्राविधिक युगमा अझै पनि प्राविधिक शिक्षा यस क्षेत्रका कमी रहेको देखिन्छ। यस गाउँपालिकामा प्राविधिक शिक्षा (स्वास्थ्य, इन्जिनियरिङ, कृषि आदि) मा जोड गर्नु पर्ने देखिन्छ। यसलाई तलको चित्रबाट पनि देखाउन सकिन्छ।



## ७.२.३ उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण

तालिका नं. ४५: उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण

| विवरण | उमेर समूह | कुल जनसंख्या | | | विद्यालय गइरहेको जनसंख्या | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | |
| पूर्व प्रा.वि. नर्सरी, किन्डरगार्डन) जाने उमेर समूह | ३-४ वर्ष | N/A | N/A | N/A | N/A | N/A | N/A | N/A |
| आधारभूत तहमा जाने उमेर समूह (कक्षा १-८) | ५-१२ वर्ष | १,९९२ | २,०३६ | ४,०२८ | १,९३० | १,९५४ | ३,८८४ | ९६.४३ |
| मा.वि. जाने उमेर समूह (कक्षा ९-१०) | १३-१४ वर्ष | १२ | ३ | १५ | १० | ३ | १३ | ८६.६७ |
| उच्च मा.वि. जाने उमेर समूह (१०+२) | १५-१७ वर्ष | २ | १ | ३ | २ | १ | ३ | १००.०० |
| जम्मा | | २,००६ | २,०४० | ४,०४६ | १,९४२ | १,९५८ | ३,९०० | |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

*नोट : शिक्षा ऐनको पछिल्लो संशोधन अनुसार १-८ सम्म आधारभुत शिक्षा र ९-१२ सम्म माध्यमिक शिक्षा भनी परिभाषित गरिएको छ ।*

यस तालिकामा स्कूल जाने उमेर समूहको जनसंख्या र विद्यालय गइरहेको जनसंख्याको तुलनात्मक विवरण उल्लेख गरिएको छ। जसमा ३ देखि ४ वर्ष उमेर समूहका बालबालिका मध्ये कोही पनि स्कूल नगएको देखिन्छ । ५ देखि १२ वर्ष उमेर समूहको जनसंख्या मध्ये ९६.४३ प्रतिशत स्कूल गएको देखिन्छ भने ३.५७ प्रतिशत स्कूल गएको देखिदैन । त्यस्तै १३ देखि १४ वर्ष उमेर समूहको जनसंख्याको ८६.६७ प्रतिशत स्कूल गएको देखिन्छ भने १३.३३ प्रतिशत स्कूल गएको देखिदैन। यसैगरी १५ देखि १७ वर्ष उमेर समूहको जम्मा जनसंख्याको १०० प्रतिशत स्कूल गएको पाइन्छ ।

## ७.२.४ गाउँपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण

### (क) शैक्षिक पूर्वाधार तथा सेवा

शिक्षा क्षेत्रको परिशुचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै अनुरुप यस गाउँपालिकामा आ.व. २०७२/०७३ सम्म सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण अनुसार बंगलाचुली गाउँपालिकामा आधारभूत विद्यालय ४० र माध्यामिक विद्यालय ५ गरी जम्मा ४५ विद्यालय रहेका छन् । जसको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ४६: गाउँपालिकामा रहेका विद्यालयको विवरण

| क्र.सं. | गा.वि.स./न.पा. | माध्यमिक तह | आधारभूत तह | जम्मा |
|---|---|---|---|---|
| १ | हांशीपुर | १ | १६ | १७ |
| २ | काभ्रे | २ | ६ | ८ |
| ३ | लोहारपानी | १ | ११ | १२ |
| ४ | स्यूजा | १ | ७ | ८ |
| | जम्मा | ५ | ४० | ४५ |

*स्रोत : जिल्ला पार्श्वचित्र दाङ, २०७१*

*नोट : शिक्षा ऐनको पछिल्लो संशोधन अनुसार १-८ सम्म आधारभुत शिक्षा र ९-१२ सम्म माध्यमिक शिक्षा भनी परिभाषित गरिएको छ ।*

### ७.२.५ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू

- ✓ **विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु** : विद्यार्थीहरु प्राथमिक तह पुरा नगर्दै विद्यालय छाड्ने, विभिन्न किसिमका छात्रवृत्ति उपलब्ध गराइएको भएता पनि दलित, आदिवासीहरुको विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु शैक्षिक विकासको बाधकको रुपमा देखिएको छ ।
- ✓ **कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनु** : प्राथमिक तहको विद्यार्थीहरुको तथ्याङ्कलाई आधार मानेर हेर्दा कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनुले शैक्षिक गुणस्तर सुधारको आवश्यकतालाई इङ्गित गरेको छ ।
- ✓ **दलित, आदिवासी जनजाती भर्नादर न्यून हुनु** : विपन्न, दलित, आदिवासी जनजातीको भर्नादर न्यून हुनु गाउँपालिकाको शैक्षिक विकासको चुनौतीको रुपमा रहेको छ ।
- ✓ **दलित, आदिवासी जनजाती विद्यालय छाड्ने दर** : गाउँपालिकाको औषत विद्यालय छाड्ने दरमा वृद्धि हुनुको मुख्य कारण आदिवासी र दलितहरुको विद्यालय छाड्ने दरमा वृद्धि हुनु हो ।
- ✓ **विद्यालयहरु आर्थिक रुपले कमजोर** हुनु : नेपाल सरकारबाट प्राप्त सीमित अनुदान तथा विद्यालय व्यवस्थापन समितिले समेत आवश्यक श्रोत जुटाउन नसकेको कारणले बहुसंख्यक विद्यालयहरुको आर्थिक स्थिति निकै कमजोर देखिन्छ । दुर्बल आर्थिक अवस्थाले गर्दा शैक्षिक सामग्री जुटाउन तथा अन्य अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्न बाधा पुगेको देखिन्छ ।
- ✓ **अभिभावकहरु चनाखो नहुनु** : बालबालिकाहरुको शैक्षिक प्रगतिबारे अभिभावकहरुको चासो कम हुनु तथा विद्यालयद्वारा समेत बालबालिकाहरुको स्थितिबारे अभिभावकलाई जानकरी नदिइनुले पनि शैक्षिक गुणस्तरमा नकारात्मक प्रभाव पारेको देखिन्छ ।

- ✓ **शिक्षक दरबन्दी कम हुनु** : दरबन्दी अनुसार शिक्षकको कमी हुनु तथा केही समयका लागि कुनै शिक्षकको अनुपस्थिति हुँदा कक्षाहरु खाली रहने गरेको देखिन्छ । यसरी शिक्षकहरु तालिममा जाँदा, सुत्केरी बिदा वा संञ्चित बिदामा रहँदा विद्यालयले अल्पकालित शिक्षकको व्यवस्था गर्न सक्ने प्रावधान रहेको छैन । एकातिर नेपाल सरकारबाट आवश्यक दरबन्दी उपलब्ध नहुनु अर्कोतर्फ स्थानीय निकाय एवं व्यवस्थापन समितिले त्यसको आवश्यक व्यवस्था गर्न नसक्नु आदि कारणले गर्दा आवश्यक प्रतिफल प्राप्त गर्न सकिएको देखिँदैन ।
- ✓ **राजनीतिकरण हुनु** : विभिन्न राजनीतिक पार्टीहरुले शिक्षकहरुको संगठनहरु मार्फत शिक्षकहरुलाई आफ्नो पार्टीको स्वार्थ पूरा गर्न प्रयोग गरिरहेको देखिएको छ । राजनीतिक पार्टीहरुको दबावका कारण जिल्ला शिक्षा कार्यालयले त्यस्ता शिक्षकहरुमाथि अनुशासनको कारवाही समेत गर्न नसकेको पाइएको छ । यस बाहेक व्यवस्थापन समिति समेत शिक्षकहरुलाई आफ्नो दलगत स्वार्थ परिपूर्ति गर्ने साधनका रुपमा प्रयोग गर्दै आएको देखिएको छ ।
- ✓ **शिक्षकहरुमा प्रतिबद्धताको कमी** : शिक्षकहरुले शिक्षण पेशालाई आत्मसात गर्न नसक्नु तथा विद्यार्थीले प्राप्त गर्ने प्रतिफलको जिम्मेवारी लिन नसक्नु पनि शैक्षिक प्रगतिको बाधकको रुपमा देखा परेको छ । प्राय: पठन-पाठन समयमा नसिद्धिनु पनि मुख्य समस्याको रुपमा देखिएको छ ।
- ✓ **आधुनिक प्रविधिको प्रयोग नहुनु** : सूचना तथा प्रविधिको क्षेत्रमा आएका अत्याधुनिक परिवर्तन र सुविधाबाट बहुसंख्यक विद्यालयहरु बञ्चित हुनु पनि शैक्षिक विकासमा बाधा पुगेको देखिन्छ । प्राय: धेरै विद्यार्थी र शिक्षकहरु कम्प्युटर र इन्टरनेटको प्रयोगको सुबिधाबाट बञ्चित रहेको छन् ।

## ७.३ स्वास्थ्य

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सर्भेक्षण अनुसार करिब आधाजति जनसंख्याले गैरसरकारी तथा निजी क्षेत्रबाट स्वास्थ्य सेवा लिएको देखिन्छ। आर्थिक स्थिति मजबुत भएका तथा पहूँचवाला व्यक्तिहरू मात्रैले यस किसिमको सेवा उपभोग गर्न सफल भएको पाइन्छ। स्थानीय समुदायहरू, स्थानीय गैरसरकारी निकायहरूका प्रतिनिधीहरूको अभिव्यक्ति अनुसार यस गाउँपालिकामा मातृ तथा शिशु मृत्युदर गम्भीर समस्याको रुपमा रहेको छ।

यस क्षेत्रमा आपतकालिन प्रसुती सेवा (Emergency Obstetric Care) को कमीको कारणले गर्दा उत्पन्न हुने परिस्थिति नै मातृमृत्यदर (Maternal Mortality) को सबैभन्दा प्रमुख कारण बनेको छ। समस्याको पहिचान गर्ने सन्दर्भमा ज्ञानको कमी, लक्षणहरूको (Symptoms) गम्भीरता सम्बन्धि बुझाइमा कमी, औषधी उपचार प्रणाली (Medical System) माथिको विश्वासमा कमी, स्वास्थ्य सेवाका लागि यात्रा गरिरहनुपर्ने दुरी सम्बन्धी

कुराहरू, सेवाको लागत, परम्परागत विश्वास, गरिबी न्यून गर्ने सामाजिक, आर्थिक अवस्था जस्ता विविध प्रकारका तत्वहरूको कारणले गर्दा आपतकालीन सेवामा कमी आउने गरेको देखिएको छ।

गाउँपालिकामा रहेको सामुदायिक अस्पतालमा विशेषज्ञ चिकित्सकहरूको (Medical Officers) संख्यामा कमी रहेको छ। दरबन्दी अनुसार डाक्टर लगायत स्वास्थ्यकर्मीहरु उपलब्ध हुन सकेको छैन। अस्पतालमा हालसम्म अवस्ट्रेटीसियन (Obstetrician) वा अनेस्थेसिओलोजिस्ट (Anaesthesiologist) छैनन् र पर्याप्त मात्रामा औषधीको आपुर्ति हुदैन।

गाउँपालिकाका साविकको गा.वि.स.हरु हाँसीपुर, काभ्रे र लोहारपानीमा ३ स्वास्थ्य चौकी र स्यूजामा १ प्राथमिक स्वास्थ्य स्वास्थ्य केन्द्र रहेको देखिन्छ। स्वास्थ्य संस्थाहरूमा औषधीको कमी मुख्य समस्याको रुपमा रहेको देखिन्छ। दुर्गम वडाहरूमा बस्ने परिवारहरूले स्वास्थ्य सेवाका लागि धेरै समय खर्चिनु पर्ने बाध्यता छ भने वर्षातको समयमा अझ कठिनाई झेल्नु पर्ने अवस्था छ।

### ७.३.१ महिला स्वास्थ्य स्वयंसेविकाहरू (Female Community Health Volunteers)

सन् १९९० देखि यस जिल्लामा जम्मा ४०० जनसंख्याको आधारमा महिला स्वास्थ्य स्वयंसेवीकाहरू छनौट गर्ने प्रावधानरहेको थियो। आ.व. २०४९/५० बाट तराईको १००० जनसंख्यामा १ जना, पहाडको ३०० जना जनसंख्यामा १ जना र हिमालमा २५० जनसंख्यामा १ जना महिला स्वास्थ्य स्वयंसेविका रहने व्यवस्था रहेको छ। नेपाल सरकारको राष्ट्रिय स्वास्थ्य नीति अनुसार सन् २००० को प्रारम्भमा नै छनौट भएका महिला स्वास्थ्य स्वंयसेविकाहरूले उपचारात्मक, प्रबर्द्धनात्मक तथा प्रतिकारात्मक स्वास्थ्य सेवामा उल्लेखनीय काम गर्दै आएका छन्।

### ७.३.२ गाउँघर क्लिनीक र नियमित खोप

खोप तथा मासिक क्लिनिकहरू सञ्चालन गर्नको लागि हरेक गाउँपालिकाले विभिन्न स्थानहरूको पहिचान गर्दछ। गाउँपालिकाका विभिन्न स्थानमा गाउँघर क्लिनिक कार्यक्रम संचालन भएको पाइएको छ। यी स्थानहरुमा आश्विन महिना बाहेक क्लिनिकहरूलाई नियमित रुपमा सञ्चालन गरिएको देखिन्छ। यद्यपी तिनीहरूलाई खटाइएको कर्मचारीहरूको नियमित उपस्थिति भने कम पाइएको छ भने औषधीको आपुर्ति पनि उपलब्ध छैन। शारिरिक बृद्धिको लेखाजोखा जस्ता अन्य सेवाहरू स्वास्थ्य चौकीमा मात्र उपलब्ध गराइन्छ। गाउँपालिकामा नियमित खोप कार्यक्रम नियमित रुपमा नै चालु रहेको छ तथा यसले ढाक्ने लक्षित वर्ग पनि बढ्दो क्रममा पाइएको छ। ६ किसिमका विभिन्न प्राणघातक रोगहरूबाट बचाउनका लागि बच्चा जन्मेको १ वर्षभित्र ११ वटा खोप पुरा लगाइसक्नु पर्दछ।

### ७.३.३ एच. आई. भी./एड्सको अवस्था

सन् १९८८ मा पहिलो संक्रमण भेटिएपछि नेपालमा एच.आई.भीको प्रकोप विस्तारै बालबालिकामा पनि फैलिन थालेको छ। बालबालिका समेत यो समस्याबाट प्रत्यक्ष वा अप्रत्यक्षरुपमा प्रभावित हुदै गएका छन्। हाल नेपालमा एच.आई.भी संक्रमित बालबालिकाको संख्या उल्लेख्य रहेको छ। राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रका अनुसार २०७१ को साउन महिना सम्म नेपालमा भेटिएका जम्मा २२,९९४ एच.आइ.भी संक्रमण मध्ये १,६१८ जना १५ वर्ष मुनिका बालबालिकामा एच.आइ.भी संक्रमण भेटिएको छ। भारत लगायतका अन्य मुलुकमा कामको खोजीमा जाने अभ्यास, बढ्दो रुपमा भइरहेको देह व्यापार, चेलीबेटी बेचविखन, सुईद्वारा लागुपदार्थको प्रयोग, अशिक्षा र गरिबीजस्ता सामाजिक समस्याले एच.आई.भी.को प्रकोप बढाउनमा भूमिका खेलिरहेका छन्। जिल्ला एड्स समन्वय शाखाको तथ्याङ्कअनुसार दाङ जिल्ला पनि एच.आई.भी./एड्सको जोखिममा रहेको छ।

### ७.३.४ सुरक्षित मातृत्वको अवस्थाको विवरण

बालबालिकालाई गर्भमा रहँदा देखि र जन्मेपछि स्याहार तथा रेखदेख गर्न सकिएन भने उनीहरू विभिन्न रोगबाट संक्रमित हुने जोखिम हुन्छ। गर्भमा रहँदा मूलतः आमाको उमेर, पोषण, आराम, मादक तथा सुर्तिजन्य पदार्थको सेवन लगायतका अवस्थाले बालबालिकाको स्वास्थ्य निर्भर रहन्छ। बालबालिका स्वस्थ जन्मनका लागि गर्भवती महिलाले कम्तीमा पनि चारपटक नियमित स्वास्थ्य जाँच गराउनुपर्दछ र आवश्यक खोप (टि.टि) तथा आइरन, भिटामिन चक्कीहरू नियमित सेवन गर्नुपर्दछ। कम उमेरमै गर्भवती हुँदा आमा र शिशु दुवैको स्वास्थ्यमा हानिनोक्सानी पुग्ने भएकाले सरकारले कानूनी रुपमा विवाह गर्ने न्यूनतम उमेर २० वर्ष तोकिएको छ। तर १७ प्रतिशत किशोरीहरू (१५ देखि १९ वर्ष उमेरका) गर्भवती भएका वा आमा भइसकेका हुन्छन् (नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११)। यस बंगलाचुली गाउँपलिकामा सुरक्षित मातृत्व अवश्था कायम गर्न भएका सुरक्षित मातृत्व कार्यक्रमको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ४७: सुरक्षित मातृत्व सम्बन्धी विवरण

| स्वास्थ्य चौकी | पहिलो पटक आइरन चक्की पाउने गर्भवती महिला | १८० आइरन चक्की पाउने गर्भवती महिला | Nutrition-Students Received Deworming Tablets-Boys | पहिलो पटक एएनसी जाँच गर्ने | | प्रोटोकल अनुसार चार पटक एएनसी जाँच गर्ने | |
|---|---|---|---|---|---|---|---|
| | | | | २० वर्ष र सोभन्दा माथिका गर्भवती | २० वर्ष भन्दा कम उमेरका गर्भवती | २० वर्ष र सोभन्दा माथिका गर्भवती | २० वर्ष भन्दा कम उमेरका गर्भवती |
| हाँसिपुर स्वास्थ्य चौकी | ५५ | | | १४ | ६ | | |
| काभ्रे स्वास्थ्य चौकी | १६० | ४९ | | ६४ | ३९ | १७ | ३३ |
| लोहरपानी स्वास्थ्य चौकी | १२३ | ५३ | ६०२ | ६६ | २० | १० | ५० |
| जम्मा | ३३८ | १०२ | ६०२ | १४४ | ६५ | २७ | ८३ |

*स्रोत : जिल्ला स्वास्थ्य कार्यालय, २०७३*

यस बंगलाचुली गाउँपालिकाको सुरक्षित मातृत्व कार्यक्रम हेर्दा गाउँपालिकामा पहिलो पटक एन.ए.सी जाँच गराउने २० वर्ष र सोभन्दा माथिका गर्भवती १४४ जना र २० वर्ष र सोभन्दा माथिका गर्भवती ६५ जना रहेकोमा प्रोटोकल अनुसार चार पटक ए.न.सी जाँच गर्ने महिलाहहरुमा २० वर्ष र सोभन्दा माथिका गर्भवती २७ जना २० वर्ष भन्दा कम उमेरका गर्भवती ८३ रहेका छन् । जुन पहिलो पटक एन.ए.सी जाँच गराउन आउने गर्ववती महिलाको तुलनामा ज्यादै कम देखिन्छ । सरकारले स्वास्थ्य सेवा विभागमार्फत सुरक्षित मातृत्व तथा नव शिशु स्वास्थ्यका लागि समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिरहेको छ साथै कार्यक्रहरु क्रमश विकास र विस्तारित हुँदै गएको छ । यसले आमा र बालबालिकाको मृत्युदर घटाउन धेरे मद्दत पुऱ्याएको छ। तर पनि उक्त सेवाहरू कार्यक्रम केन्द्रित भएका कारण सबै लक्षित वर्गमा अझै पुग्न सकेको देखिँदैन।

## ७.३.५ खोपको विवरण

बालबालिका भविष्यका निर्माता हुन् । तसर्थ स्वस्थ र निरोगी हुनु आवश्यक छ । शिशु र बाल्य अवस्थामा उनीहरुलाई बी.सी.जी. एक पटक, डि.पि.टी. तीन पटक, दादुरा एक पटक, पोलियो र भिटामिन तोकिएको मात्रमा दिनै पर्दछ । बालबालिकाहरुको लागि पाँचओटै खोपहरु नियमित पुरा मात्रमा दिनु पर्दछ । नेपाल सरकारले राष्ट्रिय खोप कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छ। खोप कार्यक्रम कम खर्चिलो तथा मितव्ययी रुपमा गरिने स्वास्थ्य क्षेत्रको एउटा प्रभावकारी प्रयत्न हो। खोप कार्यक्रमले उल्लेख्य रुपमा बालमृत्युदर घटाउन र विभिन्न रोगलाई रोकथाम गर्न सहयोग पुर्‍याएको पाइन्छ। जसले गर्दा सहस्राब्दी विकास लक्ष्यको बालमृत्युदर घटाउने लक्ष्य (एम.जी.डी.-४) प्राप्त गर्न सहयोग पुगेको छ। बंगलाचुली गाउँपालिकामा लागाईएको खोपको विवरण तल तालिकामा दिईएको छ ।

तालिका नं. ४८: गाउँपालिकामा खोपको विवरण

| स्वास्थ्य चौकी | खोप कार्यक्रम | | | |
|---|---|---|---|---|
| | बि.सि.जि. खोप पाएका बालबालिका | डी.पी.टी-हेपाटाइटिस बी.-हिव तेस्रो खोप पाएका बालबालिका | दादुरा/रुबेला का खोप पाएका ९-११ महिनाका बालबालिका | २ ओटा टी.टी पाएका गर्भवती महिला |
| हाँसिपुर स्वास्थ्य चौकी | २३० | २०२ | २३१ | ७४ |
| काभ्रे स्वास्थ्य चौकी | २१० | १९९ | २०२ | ९६ |
| लोहरपानी स्वास्थ्य चौकी | १४९ | १३९ | १५१ | १०२ |
| जम्मा | ५८९ | ५४० | ५८४ | २७२ |

*स्रोत : जिल्ला स्वास्थ्य कार्यालय, २०७३*

(नोट : जिल्ला जनस्वास्थ्य कार्यालय दाङको २०७१ जेठ सम्मको तथ्याङ्क अनुसार यस बंगालाचुली गाउँपालिका साविकको स्यूजा गा.वि.स. लाई पुर्ण खोप सुनिश्चित गाविस घोषणा गरिएको छ ।)

### ७.३.६ बाल्यकालमा हुने रोगका जोखिम

५ वर्षमुनिका बालबालिकालाइ विभिन्न रोगले संक्रमण गर्ने उच्च सम्भावना रहन्छ। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ का अनुसार बाल्यकालमा हुने प्रमुख संक्रमण एवं मृत्युका कारणका रुपमा श्वासप्रश्वास सम्बन्धि रोग, निमोनिया, झाडापखाला, कडा जलवियोजन, मलेरिया, दादुरा र कुपोषण पर्दछन्। सरकारले ती रोगबाट बचाउन तथा रोगको रोकथाम गर्न, बाल्यकालमा हुने रोगहरूको समुदायमा आधारित एकिकृत व्यवस्थापन कार्यक्रम लागु गरेको छ। कार्यक्रमले यी रोगको एकिकृत व्यवस्थापन समुदायमै गर्दछ।

### ७.३.७ शिशु तथा ५ वर्ष मुनिका बाल मृत्युदर

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०११ अनुसार शिशुमृत्यदर सन् १९९६ मा ७९ प्रतिहजार थियो भने सन् २००१ मा क्रमश घट्दै ६४ प्रतिहजारमा पुगेको छ। सन् २००६ को उक्त सर्वेक्षणअनुसार ४८ प्रतिहजार पुगेको थियो। त्यस्तै सन् २०११ को सर्वेमा शिशु मृत्युदर ४६ प्रतिहजारमा झरेता पनि अघिल्लो सर्वेसँग तुलना गर्दा झिनो मात्रै अन्तर देखिएको छ।

### ७.३.८ बालपोषण सम्वन्धी विवरण

कुनै पनि ठाउँको पोषणको अवस्था त्यस ठाउँका बालबालिकालाई हेरेर सजिलै अनुमान लगाउन सकिन्छ। पोषित बालबालिकालाई कुनै पनि ठाउँको सामाजिक र आर्थिक विकासको सुचकको रुपमा हेर्न सकिन्छ। सरकारले पनि पोषणलाई प्राथमिकता दिई ५ वर्ष मुनिका बालबालिकाहरूलाई नियमित रुपमा बालबृद्धि अनुमान गर्दै आएको छ। बालअधिकार सम्बन्धि महासंन्धी, १९८९ ले समेत बालबालिकालाई अवहेलना, बेवास्ता, हेलचेक्राइ, दुव्र्यवहार, हिंसा लगायतबाट जोगाई खाना र पोषणको अधिकार सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ। नेपालको संविधान ( २०७२) ले पनि खाद्य सम्प्रभुतालाई मौलिक हकका रुपमा राखेको छ।

स्वास्थ्य र पोषण मानव जीवनको पहिलो महत्वपूर्ण आवश्यकता भएको र स्वस्थ नागरिकबिना राष्ट्रका अन्य विकास क्रियाकलापहरू प्रभावकारी हुन नसक्ने भएको हुँदा जनस्वास्थ्यको अध्ययन योजना तर्जुमा प्रक्रियाको एक महत्वपूर्ण हिस्सा हुन आउँछ। बंगलाचुली गाउँपालिकामा राष्ट्रिय नीति तथा कार्यक्रममा आधारित भई बाल स्वास्थ्य कार्यक्रम, परिवार स्वास्थ्य कार्यक्रम, व्यवस्थापन कार्यक्रम, प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण कार्यक्रम, रोग नियन्त्रण कार्यक्रम, स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम, महामारी तथा रोग नियन्त्रण कार्यक्रम तथा क्षमता विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन भई आएका छन्। स्वास्थ्य तथा पोषणसम्बन्धी कार्य गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू समेत कार्यरत रहेका छन्। कार्यक्रम सञ्चालनको सहयोगका लागि गाउँ गाउँमा स्वास्थ्य सञ्जाल विस्तार भएको छ। बंगलाचुली गाउँपालिकामा पोषणको विवरणलाई तल तालिकामा दिईएको छ।

तालिका नं. ४९: गाउँपालिकाको पोषण कार्यक्रम विवरण

| स्वास्थ्य चौकी | पोषण कार्यक्रम | | | | | |
|---|---|---|---|---|---|---|
| | नयाँ दर्ता | | | | | |
| | Nutrition-New Registered for GM-New Visit 0-11 Months - Moderate | Nutrition-New Registered for GM-New Visit 0-11 Months - Normal | Nutrition-New Registered for GM-New Visit 0-11 Months - Severe | Nutrition-New Registered for GM-New Visit 12-23 Months - Moderate | Nutrition-New Registered for GM-New Visit 12-23 Months - Normal | Nutrition-New Registered for GM-New Visit 12-23 Months - Severe |
| हाँसिपुर स्वास्थ्य चौकी | ११ | ११२ | | २२ | १२१ | |
| काभ्रे स्वास्थ्य चौकी | ७ | २१८ | २ | १२ | ६८ | ४ |
| लोहरपानी स्वास्थ्य चौकी | ७ | ११७ | ३ | ४ | २९ | २ |
| जम्मा | २५ | ४४७ | ५ | ३८ | २१८ | ६ |

*स्रोत: जिल्ला स्वास्थ्य कार्यालय, २०७३*

## ७.४ खेलकुद तथा मनोरञ्जन

खेलकुद क्षेत्रमा स्वस्थ, प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी गाउँपालिकाको खेल अनुशासन र खेलकुद विकासलाई बल पुऱ्याउन सकिन्छ भन्ने मान्यता अनुसार यस गाउँपालिकामा खेलकुदको विकास भएको पाइन्छ। हाल स्थानिय तह गठन भए पछि जिल्ला समन्वय समिति तथा गाउँपालिका र नगरपालिकाहरूले पनि आआफ्ना कार्यक्षेत्र भित्र गतिशिल रहने गरी जिल्ला, गाउँपालिका तथा नगरपालिका खेलकुद विकास समितिहरू गठन गरेका छन्। विभिन्न तहमा विभिन्न प्रतिस्पर्धाहरूको आयोजना गरी खेलकुदको विकासमा योगदान पुऱ्याइरहेका छन्। यसका अतिरिक्त नेपाल सरकारद्वारा गठन हुने जिल्ला खेलकुद विकास समितिबाट पनि कतिपय राष्ट्रिय दिवसहरूमा विभिन्न खेलहरूको आयोजना गर्ने गरिएको छ।

समग्रमा भन्नुपर्दा बालबालिका एवं युवा जनशक्तिको स्वास्थ्य शारीरिक विकासको लागि नभई नहुने खेलकुदको क्षेत्रमा यस गाउँपालिकामा अत्यन्त न्यून लगानी हुने गरेको देखिन्छ। विगतमा निर्मित खेलकुदसम्बन्धी पूर्वाधारहरूको मर्मत गर्न पनि निकै ठुलो लगानी गर्नुपर्ने आवश्यकता देखिएको छ। हालका दिनहरुमा आएर निजी क्षेत्रहरूबाट पनि क्रिकेट, ब्याडमिन्टन जस्ता केही खास खास खेलहरूमा लगानी गर्ने र प्रोत्साहित गर्ने क्रम सुरु भएको छ। यस क्रमलाई केन्द्रीय र स्थानीय सरकारले सहकार्य र साझेदारीको रुपमा विकसित गर्दै लैजानुपर्ने देखिन्छ।

## ७.५ नागरिक सुरक्षा सेवा

### ७.५.१ सामाजिक सुरक्षा

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०६९ बमोजिम समाजका जेष्ठ नागरिक, एकल महिला, विधवा, दलित वर्ग, लोपोन्मुख आदिवासी जनजाति, अशक्त अपाङ्गता भएका नागरिकहरु एवं दलित बालबालिकाहरुले सामाजिक सुरक्षा भत्ता वृत्ति अनुदान प्राप्त गर्ने प्रावधान रहेको छ। यसै अनुरुप बंगलाचुली गाउँपालिकामा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको विस्तृत विवरण तल तालिकामा दिईएको छ।

**तालिका नं. ५०: गाउँपालिकामा वितरण भएको समाजिक सुरक्षा सम्बन्धी विवरण**

| सामाजिक सुरक्षाको विवरण ( २०७३ ) | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | सविकको गा.वि.स. /न.पा. | जेष्ठ नागरिक (दलित) | | | जेष्ठ नागरिक (अन्य) | | | विधुवा महिला | पूर्ण अशक्त अपाङ्ग भएको व्यक्ति | | | आंशिक अशक्त अपाङ्ग भएको व्यक्ति | | | औषधी उपचार | | | बसाँईसराई |
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| १ | हांशीपुर | ३५ | ३६ | ७१ | ७८ | ८३ | १६१ | ९३ | ५ | ४ | ९ | १ | १ | ० | ९१ | ९६ | १८७ | |
| २ | काभ्रे | ६८ | ६२ | १३० | ७८ | ६९ | १४७ | १६७ | ४ | ४ | ८ | ३ | ८ | ११ | १०८ | ९३ | २०१ | |
| ३ | लोहारपानी | २६ | २७ | ५३ | ५८ | ८६ | १४४ | १३२ | २ | ३ | ५ | ० | ० | ० | ६९ | ९७ | १६६ | |
| ४ | स्यूजा | ४८ | ४४ | ९२ | ३६ | ३५ | ७१ | १२० | ३ | ० | ३ | १ | १ | २ | ७६ | ७० | १४६ | द.पु. १ जना |
| | जम्मा | १७७ | १६९ | ३४६ | २५० | २७३ | ५२३ | ५१२ | १४ | ११ | २५ | ५ | १० | १३ | ३४४ | ३५६ | ७०० | |

*स्रोत: जिल्ला समितिको कार्यालय ,दाङ २०७३*

मथिको तालिकामा बंगलाचुली गाउँपालिकामा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको विवरण दिईएको छ । जसमा बंगलाचुली गाउँपालिकाको हाँसीपुरमा, काभ्रे, लोहारपानी र स्यूजामा गरी जम्मा २१२० जनाले समाजिक सुरक्षा भत्ता पाएका छन् । जसको विस्तृत विवरण मथिको तालिका दिईएको छ ।

### ७.५.२ बृद्धबृद्धाहरूको अवस्था

जनगणना २०६८ को नतिजा अनुसार यस बंगलाचुली गाउँपालिकामा, ७० वर्ष उमेर नाघेका २.२० प्रतिशत (५३३ जना) बृद्धाबृद्धाहरू रहेका छन् । शारीरिक जीर्णताका कारण परिवारजनहरूको समेत पर्याप्त हेरचाह नपुग्ने यो समुदायको सामाजिक अवस्था अत्यन्त कष्टप्रद रहेको छ । बृद्धहरूको मनोरञ्जनका लागि कुनै विशेष स्थल वा कार्यक्रमको निर्माण वा तयारी देखिदैंन । पश्चिमा संस्कृतिको प्रभावले हाम्रो संस्कृतीको मुल मर्म र बृद्धजन तथा नयाँपुस्ताबीचको पारस्परिक सुमधुर सम्बन्धलाई कमजोर बनाउँदै लगेको छ। राज्यको तर्फबाट ७० वर्ष माथिका सबै जेष्ठ नागरिकहरूलाइ दिइने भनिएको बृद्धा भत्ता समेत सबैले पाउन सकेका छैनन् । यस गाउँपालिकामा अर्ध बृद्धावस्थाकै हाराहारिमा रहेको ६०-६४ वर्षको २.८० प्रतिशत (६८० जना) , ६५-६९ वर्षका २.८५ प्रतिशत (६९० जना) र ७० भन्दा माथी गरी जम्मा ६.८१ प्रतिशत (८०२ जना) र थप बृद्ध नागरिकहरूको लागि समेत राज्यले कुनै विशेष कार्यक्रम ल्याएको छैन। यस स्थितिलाई कसरी सहज बनाउने र गाउँपालिकामा जिवीत यी जेष्ठ नागरिकहरूको अमुल्य अनुभवबाट नयाँ पुस्ताले कसरी अनुभव र शिक्षा प्राप्त गर्ने भन्नेबारे अध्ययन र योजना बनाउनुपर्ने देखिन्छ। राज्यले जेष्ठ नागरिकको हकलाई मौलिक हकका रुपमा व्यवस्था गरेको भएता पनि ढल्कँदो उमेरको मनोविज्ञान अनुसार सामाजिक तथा पारिवारीक अनुकुलताको उपयुक्त व्यवस्था हुनु पर्ने देखिन्छ ।

## ७.६ महिला तथा बालबालिका

### ७.६.१ महिला सम्बन्धी विवरण

कुल जनसङ्ख्याको आधा हिस्सा भन्दा बढी ओगटेका महिलाहरु अझै पनि देश विकासको मुल प्रवाहमा उल्लेखनीय रुपमा आउन सकेका छैनन् । महिला सहभागिता, सशक्तिकरण तथा विभिन्न कार्यक्रमहरु पछिल्लो समयमा हुँदै आए पनि समान सहमागिता र लैङ्गिक समता भने कायम हुन सकेको देखिँदैन । यसको कारण समाजमा व्याप्त असमान शक्ति सम्बन्घ, पितृसत्तात्मक सोच तथा सामाजिक संरचना आदी रहेका छन् जसको फलस्वरुप महिलाहरु आर्थिक, सामाजिक, साँस्कृतिक, राजनैतिक, शैक्षिकरुपमा अझै पनि तुलनात्मकरुपमा पछाडी परेको देखिन्छ ।

विकासमा महिलाहरुको समानुपातिक र सक्रिय सहभागिता सुनिश्चत गर्न उनीहरुको आर्थिक र सामाजिक जीवनस्तर अभिवृद्धि गर्ने उद्देश्यका साथ अभियानका रुपमा आ.व.२०३८/०३९ देखि ५ जिल्लाबाट सुरु भएको महिला विकास कार्यक्रम हाल नेपालको ७५ जिल्लामा विस्तार भएको छ । महिला विकास कार्यक्रम महिला विकास र सशक्तिकरणको लागि एउटा महत्वपुर्ण प्रयास हो । ग्रामीण विपन्न महिलाहरुलाई समूह, समिति, संस्थामा संगठित गराई जनचेतना अभिवृद्धि, क्षमता विकास गरी सामाजिक तथा आर्थिकरुपमा सशक्त बनाउन, सामाजिक विभेद र लैङ्गिक हिंसा विरुद्ध जागरुकता बढाउन यस कार्यक्रमले प्रमुख भूमिका निर्वाह गर्दै आईरहेको छ ।

महिला हक, अधिकार र शसक्तिकरणका लागि विभिन्न गैर सरकारी संघ संस्था तथा सरकारी निकाय सम्मले कामहरू शसक्त रूपबाट भईरहेको छ । नेपालको संविधानमा समेत महिला सम्बन्धि हक समेत सुनिश्चित गरिएको छ । नेपालको संविधान २०७२ को भाग ३ को धारा ३८ देहाय बमोजिमको महिलाको हक प्रदान गरिएको छ ।

- ✓ प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक हुनेछ ।
- ✓ प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ ।
- ✓ महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।
- ✓ राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ ।
- ✓ महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।
- ✓ सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ ।

यद्यपि गर्भवती महिलाहरुको नि:शुल्क वा न्यूनतम् शुल्कमा स्वास्थ्य परिक्षण गर्न तथा महिलाहरुमा देखिने स्तन क्यान्सर र पाठेघर क्यान्सरको अग्रीम पहिचान र न्यूनिकरणका लागि विशेष पहल गर्नुपर्ने देखिन्छ। जिल्ला जनस्वास्थ्य कार्यालय एवं अन्य सम्बद्ध स्वास्थ्य संस्थाहरुसँग समन्वय गरी मातृशिशु स्वास्थ्य तथा क्षयरोग नियन्त्रणका क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीहरुका लागि स्थायित्व, वृत्तिविकास तथा पुनर्ताजगि जस्ता कार्यक्रम ल्याई महिलाहरुका लागि लघु उद्यम व्यवसाय तालिम प्रदान गरी उद्यम व्यवसाय मार्फत आर्थिक रुपमा सबल बनाउनु पर्ने देखिन्छ। आर्थिक, सामाजिक, शैक्षिक तथा साँस्कृतिक सशक्तिकरण गर्दै गाउँपालिका विकासमा महिलाहरुको समान सहभागिता गराउन अझैपनि थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ। सामाजिक क्षेत्रमा उदाहरणीय कार्य गर्ने आमा समूह, टोल विकास संस्था, महिला समन्वय समिति तथा महिला सम्बन्धी संघसंस्थालाई संस्थागत विकासका लागि विभिन्न कार्यक्रम संचालन गर्न प्रोत्साहन गर्नु पर्दछ। महिला तथा बालबालिकाका लागि सामुदायिक कार्यप्रक्रियालाई वडाहरुमा विस्तार गर्ने तथा सामाजिक परिचालन प्रवर्द्धन कार्यलाई निरन्तरता दिई लक्षित समूहतर्फ सबै समूह र वर्गको सहभागिता हुने कार्यक्रमहरु सञ्चालन गरि समावेशी अवधारणा अनुरुप स्थानीय शासन र विकासमा महिलाको संलग्नता वृद्धि गर्न विभिन्न क्षमता विकासका कार्यक्रमहरु ल्याउनुपर्ने देखिन्छ।

नेपाल सरकार तथा विभिन्न निकायहरुले महिला विकास तथा उत्थानको लागि नीति तथा कार्यक्रम अघि बढाईरहेता पनि परिवर्तन र सुधारको बाबजुत सामाजिक संरचनामा अझै पनि समान अवस्था देख्न सकिएको छैन। यसलाई कम गर्न सरकार तथा नागरिक मञ्च सबैको भूमिका अपरिहार्य रहन्छ।

बंगलाचुली गाउँपलिकामा महिला विकास कार्यालय बाट बनाईएका महिला समूहहरुको विस्तृत विवरण तल तालिकामा दिईएको छ।

**तालिका नं. ५१:** महिला विकास कार्यालय बाट बनाईएका महिला समूहहरुको विवरण

| क्र.सं. | साविकको गा.वि.स./न.पा. | महिला विकास कार्यालय बाट बनाईएका महिला समूह | महिला समूहका महिला सदस्य संख्या | महिलाको बचत तथा ऋण सहकारी संख्या | महिलाको बचत तथा ऋण सहकारीमा शेयर सदस्य संख्या |
|---|---|---|---|---|---|
| १ | हांशीपुर | १२ | ६० | १ | २५ |
| २ | काभ्रे | ४५ | २५५ | १ | २५८ |
| ३ | लोहारपानी | १२ | ६० | - | - |
| ४ | स्यूजा | ९६ | ५३७ | १ | ४७२ |
| | जम्मा | १६५ | ९१२ | ३ | ७५५ |

*स्रोत : जिल्ला पाशर्वचित्र दाङ,२०७१*

### ७.६.२ बालश्रमको अवस्था

अन्तराष्ट्रिय स्तरमा १८ वर्षभन्दा मुनिका बालबालिकालाई बालक/बालिका भनिन्छ भने नेपालको बालबालिकासम्बन्धी ऐन २०४८ ले १६ वर्षभन्दा मुनिका सम्पूर्ण मानिसहरुलाई बालबालिका हुन् भनेर परिभाषित गरेको छ। बालबालिका भविष्यको कर्णधार हुन्। बालबालिका साझा भविष्य हुन र उनीहरूको स्वतन्त्रता, अधिकार, संरक्षण, विकास र जीवनस्तर सुधारको लागि सामूहिक प्रतिवद्धता र साझा प्रयास आवश्यक छ भन्ने कुरा महशुस गरी संयुक्त राष्ट्र संघले सन् सन् १९८९ नोभेम्बरमा बाल अधिकार सम्बन्धी महासन्धि पारित गरे पछि हरेक वर्ष नोभेम्बर २० का दिन अन्तराष्ट्रिय बाल दिवस मनाइन्छ । जसरी एउटा फालिएको काठलाई खोपेर वा कुँदेर राम्रो आकृति बनाउन सकिन्छ, त्यसरी नै बालबालिकाहरुलाई पनि अधिकाररुपी औजारले एक कर्मठ र सबल नागरिकमा परिणत गर्न सकिन्छ । नेपालको संविधान २०७२ ले बालबालिकासम्बन्धी थुप्रै हक अधिकारहरु समेटेको छ। नेपालको संविधान २०७२ को भाग ३ को धारा ३९ देहाय बमोजिमको बालबालिकाको हक व्यवस्था गरेको छ।

- ✓ प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ।
- ✓ प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासको हक हुनेछ।
- ✓ प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ।
- ✓ कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन।
- ✓ कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन।
- ✓ कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन।
- ✓ कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन।
- ✓ प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ।
- ✓ असहाय, अनाथ, अपांगता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ।
- ✓ उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

यो सँगै बालबालिकाहरुको अधिकारसम्बन्धी महासन्धिमा ५० औं देशहरुको हस्ताक्षर रहेकोमा नेपालले पनि सहमति जनाएको छ । संविधानमा बालबालिका सम्बन्धी हकको सुनिश्चितता र विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाको प्रयास भएपनि घरेलु कामदारको रुपमा खटिएका बालबालिकाहरु, उद्योग तथा कलकारखानामा कडा श्रममा खटिएका बालबालिकाहरु, शिक्षा बाट बञ्चित रहेका बालबालिकाहरु, बाँच्न पाउने नैसर्गिक अधिकार संविधानमा सुनिश्चत भएर पनि जन्मन नपाई जन्मने अधिकार खोसिएका बालबालिकाहरु र बाल अधिकारको उपयोगबाट टाढा रहेका बालबालिकाहरुको उदाहरणहरु समाजमा हामी सामु छर्लङ्ग नै छन् । यसरी समाजमा हुने गरेका बाल श्रम तथा बाल अधिकार बाट बञ्चित बालबालिका हरुको लागि अझै सरकार, नागरिक समाज सचेत रहन जरुरी छ ।

### ७.६.३ बालक्लब

बालबालिकाहरू संगठित भई आफुसँग सरोकार राख्ने विषयमा छलफल गर्न, प्रतिनिधित्व गर्न र आफ्नै क्षमता विकास, सचेतना लगायत बाल अधिकारको संरक्षण प्रबर्द्धनमा विविध क्रियाकलाप गर्न नेपालमा बाल-समूह, बाल क्लव, बालअधिकार मञ्च आदिका रुपमा बालबालिकाहरु क्रियाशिल रहेका छन्। बालक्लब, बाल-सहभागिताको एक शसक्त माध्यमा बनेको छ। जसलाई बालबालिकासँग सम्बन्धित थुप्रै नीतिगत दस्तावेजहरुमा पनि उल्लेख गरिएको छ। बालबालिकाहरूलाई समूहमा आबद्ध गराउन र उनीहरूसँग सरोकार राख्ने विषयमा मत व्यक्त गर्नका लागि विभिन्न स्तरका नीति तथा योजना निर्माणदेखि कार्यान्वयन र अनुगमनसम्म बालक्लबको प्रतिनिधत्वलाई मान्यता दिइएको छ।

व्यक्तिगतरुपमा गाउँपालिकामा बालबालिकाको सहभागिता, सक्रियता र नेतृत्वमा गठन गरिएका बालक्लबहरूले बाल अधिकारसम्बन्धी चेतनामुलक कार्यहरू गरिरहेको छन्। बालक्लबहरूले संचालन गरेका कार्यक्रमहरूमा (१) जन्मदर्ता प्रचारात्मक अभियान, (२) विद्यालय भर्ना अभियान, (३) बालश्रम न्यूनीकरण कार्यक्रम, (४) बालसहभागिता अभिबृद्धि कार्यक्रम, (५) बालबालिकालाई प्रदान गरिने खोप प्रचार कार्यक्रम, (६) निशुल्क शिक्षा प्रचारात्मक र प्रबर्द्धनात्मक कार्यक्रम, (७) भयरहित वातावरणमा शिक्षा पाउने अधिकारबारे प्रचारप्रसार, (८) वातावरणीय सुधार कार्यक्रम, (९) अभिभावक चेतनाशिक्षा कार्यक्रम र (१०) बालविवाह उन्मुलन सम्बन्धी प्रचारात्मक कार्यक्रम प्रमुख रहेका छन्।

यस बंगालाचुली गाउँपालिकाको स्यूजामा १५ वटा बालक्लवमा २०७ बालकालिका सदस्यहरु रहेका छन् । जसको विस्तृत विवरण तल तालिकामा देखाईएको छ ।

तालिका नं. ५२: गाउँपालिकामा रहेका बाल क्लब सम्बन्धी विवरण

| साविकको गा.वि.स. | बालक्लव संख्या | बालक्लव सदस्य संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | जम्मा | वालिका | वालक | दलित | जनजाति | अन्य |
| स्यूजा | १५ | २०७ | १०४ | १०३ | ४१ | ६६ | १०० |

## ७.७ अपाङ्गताको विवरण


राष्ट्रिय जनगणना २०६८ अनुसार बंगलाचुली गाउँपालिकामा अपाङ्गताको अवस्थालाई हेर्दा कुल जनसंख्याको ३.५७ प्रतिशत (८६५ जना) अपाङ्गता रहेको छ। जसमा शारिरीक अपाङ्गता भएका २८५ (३२.९५ प्रतिशत), दृष्टि सम्बन्धी अपाङ्गता भएका १२९ जना (१४.९१ प्रतिशत) श्रवण सम्बन्धी अपाङ्गता भएका १७५ ( २०.२३ प्रतिशत), स्वर बोलाई सम्बन्धी समस्या भएका ९६ जना (११.१० प्रतिशत) देखिन्छन् श्रवण र दृष्टिविहीन सम्बन्धी अपाङ्गता भएका २६ जना (३.०१ प्रतिशत), बौद्धिक अपाङ्गता भएका २३ जना (२.६६ प्रतिशत) रहेको देखिन्छ । साथै मानसिक अपाङ्गता ४८ जना (५.५५ प्रतिशत) र बहु अपाङ्गता ८३ (९.६० प्रतिशत) रहेका छन् । लैंगिक हिसाब हेर्ने हो भने यस गाउँपालिकामा पुरुषको तुलनामा महिला अपांङ्गता ३.५७ प्रतिशत बढि छ । यहाँ पुरुष ४१७ (४८.२१ प्रतिशत) छ भने महिलाको ४४८ (५१.७९ प्रतिशत) रहेको छ ।

खासगरी व्यक्तिहरूमा अपाङ्गता हुने कारण आयोडिनयुक्त नुनको प्रयोगको कमी, ग्रामीण क्षेत्रमा मुख नधुने समस्याका कारण उत्पन्न Trachoma रोग, दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्य उपचार नपाएर, द्वन्द्व वा युद्ध वा विस्फोटक पदार्थको प्रयोग आदि देखिएका छन्। जसलाई घटाउन प्रतिरोधात्मक र उपचारात्मक दुवै कार्यहरू गरिनुपर्दछ। नेपालले अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाहरूको हक हित र अधिकारको संरक्षण एवं सम्बर्द्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गतासम्बन्धी कार्ययोजना, २०६३ तयार गरी कार्यान्वयनमा ल्याएको छ। त्यसै गरी २०६६ पुस १२ गते नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी, २००६ लाई अनुमोदन गरेको छ। २०६८ सालको जनगणना अनुसार नेपालमा कुल जनसंख्याको १.९४ प्रतिशत (५,१२,३२१ जना) जनसंख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता देखिएको छ। जसमध्ये शारीरिक अपाङ्गता ३६.३ प्रतिशत, दृष्टिबिहीन १८.५ प्रतिशत, मानसिक अपाङ्गता ६ प्रतिशत, बौद्धिक अपांगता २.९ प्रतिशत, बहु अपाङ्गतामा ७.५ प्रतिशत रहेको छ। सरकारले अपाङ्गता परिचयपत्र वितरण निर्देशिकासमेत जारी गरी वितरण गरिरहेको छ। अपाङ्गता परिचयपत्र वितरण गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताका आधारमा शारीरिक अपाङ्गता, दृष्टिविहीन र न्यून दृष्टियुक्त, स्वरबोलाइ सम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, श्रवण दृष्टिविहिनता, मानसिक अपाङ्गता बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी सात किसिमले र गाम्भीर्यताका आधारमा तह क (रातो रङको परिचयपत्र), तह ख (नीलो रङको परिचयपत्र), तह ग पहेलो रङको परिचयपत्र र तह घ (सेतो रङको परिचयपत्र) गरी चार तहमा विभक्त गरी परिचय पत्र वितरण गर्ने कार्य सुरु गरिएको छ। हालसम्म यो समुदायको सामाजिक आर्थिक अवस्थामा परिवर्तन ल्याउन केही सामान्य आयमुलक र सिपमुलक तालिमहरू सञ्चालन गरिएता पनि यिनीहरूको आत्मविश्वासलाई बढाउन र समुदायबाट हुने गरेको उपेक्षाबाट मुक्त राख्न स्थानीय स्रोत साधन र निकायहरूमा यो समुदायको पहूँच पुऱ्याउन विभिन्न कार्यक्रम ल्याउनु पर्ने देखिन्छ। अपाङ्गता विवरणलाई तलको तालिका र चित्रबाट स्पष्ट पार्न सकिन्छ ।

**तालिका नं. ५३: अपाङ्गताको विवरण**

| लिङ्ग | शारीरिक अपाङ्गता | दृष्टि सम्बन्धी अपाङ्गता | सुनाई सम्बन्धी अपाङ्गता | श्रवण, दृष्टिविहिन अपाङ्गता | स्वरबोलाई सम्बन्धी अपाङ्गताक | मानसिक अपाङ्गता | बौद्धिक अपाङ्गता | बहु अपाङ्गता | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | १४७ | ५३ | ७२ | ९ | ६० | २३ | १० | ४३ | ४१७ |
| महिला | १३८ | ७६ | १०३ | १७ | ३६ | २५ | १३ | ४० | ४४८ |
| जम्मा | २८५ | १२९ | १७५ | २६ | ९६ | ४८ | २३ | ८३ | ८६५ |
| प्रतिशत | ३२.९५ | १४.९१ | २०.२३ | ३.०१ | ११.१० | ५.५५ | २.६६ | ९.६० | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*



## ७.८ खानेपानी तथा सरसफाई


### ७.८.१ परिवारले प्रयोग गर्ने पिउने पानीको मुख्य श्रोतको विवरण

तालिका नं. ५४: परिवारले प्रयोग गर्ने पानीको मुख्य श्रोत

| वडा नं. | धारा/पाइप | ट्युबवेल/हाते पम्प | ढाकिएको इनार/कुवा | खुला इनार/कुवा | मूल धारा | नदी/खोला | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४८८ | ० | २ | ३५ | ६ | ७ | ० | २ | ५४० |
| २ | ३८८ | ० | ० | २३ | १८ | ६ | ० | ० | ४३५ |
| ३ | ३५५ | १ | ४५ | २२८ | १०४ | ३४ | १ | १ | ७६९ |
| ४ | ५१८ | ० | १ | ५८ | ७५ | ५१ | १ | ० | ७०४ |
| ५ | ३४१ | ० | ४ | ७१ | ११९ | २ | १ | ४ | ५४२ |
| ६ | ४१४ | ० | ३ | १३३ | ९ | ८ | ३ | ४ | ५७४ |
| ७ | २७२ | ० | ३० | १५९ | ८२ | ४४ | १५ | ८ | ६१० |
| ८ | १२६ | १ | ० | ३८९ | ६ | ३१ | १ | २ | ५५६ |
| जम्मा | २,९०२ | २ | ८५ | १,०९६ | ४१९ | १८३ | २२ | २१ | ४,७३० |
| प्रतिशत | ६१.३५ | ०.०४ | १.८० | २३.१७ | ८.८६ | ३.८७ | ०.४७ | ०.४४ | १००. ०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

बंगलाचुली गाउँपालिकाको खानेपानीको प्रमुख स्रोत धारा तथा पाइप रहेको छ। गाउँपालिकामा धारा तथा पाइपको पानी प्रयोग गर्ने घरधुरी संख्या २,९०२ (६१.३५ प्रतिशत) छन्। दोस्रोमा खुल्ला इनार/कुवाको प्रयोग गर्ने घरधुरी संख्या १,०९६ (२३.१७ प्रतिशत) रहेको देखिन्छ। त्यस्तै मुल/धाराको पानी प्रयोग गर्ने परिवार ४१९ ( ८.८६ प्रतिशत), ट्युबवेल तथा हाते पम्पको प्रयोग गर्ने घरधुरी संख्या २ (०.०४ प्रतिशत), ढाकिएको इनार/कुवाको पानी प्रयोग गर्ने घरधुरी संख्या ८५ (१.८० प्रतिशत) र नदि/खोला तथा अन्य स्रोतको प्रयोग गर्ने घरधुरी संख्या २२६ (४.७८ प्रतिशत) रहेको छ। यस गाउँपालिकामा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ। राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाका विभिन्न वडाहरूका घरधुरीहरुले प्रयोग गर्ने खानेपानीको विभिन्न श्रोतको विवरण तालिकामा देखाइएको छ। जसमा खानेपानीको मुख्य स्रोत सबै वडाहरुमा धारा/पाइपको प्रयोग गर्ने घरधुरी नै रहेको पाइन्छ। जसलाई तलको चित्रबाट पनि स्पष्ट पार्न सकिन्छ ।





## ७.८.२ शौचालयको विवरण

तालिका नं. ५५: शौचालयको प्रकार

| | फ्लस भएको (सार्वजनिक ढल) | फ्लस भएको (सेप्टि ट्याङ्क) | साधारण शौचालय | शौचालय नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| जम्मा | ४४ | १००० | ७०३ | २९६२ | २१ | ४,७३० |
| प्रतिशत | ०.९३ | २१.१४ | १४.८६ | ६२.६२ | ०.४४ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

माथिको तालिकामा बंगलाचुली गाउँपालिकाको घरपरिवारले प्रयोग गर्ने शौचालयको प्रकारलाई उल्लेख गरिएको छ । सबैभन्दा धेरै फ्लस भएको (सेप्टि ट्याङ्की) आधुनिक शौचालय प्रयोग गर्नेको परिवार १००० ( २१.१४ प्रतिशत) रहेको छ। दोस्रोमा साधारण शौचालयको प्रयोग गर्नेको संख्या ७०३ (१४.८६ प्रतिशत) र फ्लस भएको (सार्वजनिक ढल) शौचालयको प्रयोग गर्ने परिवारको संख्या ४४ (०.९३ प्रतिशत) देखिएको छ । यसैगरी सबैभन्दा धेरै घरमा शौचालय नभएको पाइएको छ जुन जम्मा घरपरिवार संख्याको ६२.६२ प्रतिशत आर्थात २,९६२ घरपरिवार शौचालय विहिन रहेको देखिन्छ। यस अझै पनि शौचालय नभएको परिवार संख्या नै धेरै रहेको हुनाले शौचालय सम्बन्धि जनचेतना मुलक कार्यक्रमको आवश्यक देखिन्छ। यसलाई तलको चित्रबाट स्पष्ट पार्न सकिन्छ ।




### ७.८.३ वडागत शौचालयको संख्याको विवरण

तालिका नं. ५६: वडागत शौचालय संख्याको विवरण

| वडा नं. | फ्लस भएको (सार्वजनिक ढल) | फ्लस भएको (सेप्टिक ट्याङ्क) | साधारण शौचालय | शौचालय नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ११ | २९ | १०२ | ३९६ | २ | ५४० |
| २ | ५ | ८ | १३१ | २९१ | ० | ४३५ |
| ३ | ७ | १० | १४६ | ६०५ | १ | ७६९ |
| ४ | ० | २१ | १३४ | ५४९ | ० | ७०४ |
| ५ | ५ | ४६७ | ५८ | ८ | ४ | ५४२ |
| ६ | ३ | ४४८ | ९४ | २५ | ४ | ५७४ |
| ७ | ८ | ५ | १६ | ५७३ | ८ | ६१० |
| ८ | ५ | १२ | २२ | ५१५ | २ | ५५६ |
| जम्मा | ४४ | १,००० | ७०३ | २,९६२ | २१ | ४,७३० |
| प्रतिशत | ०.९३०२ | २१.१४ | १४.८६ | ६२.६२ | ०.४४४ | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाका प्रत्येक वडाका प्रत्येक घरधुरीमा भएको शौचालयको अवस्थालाई अध्ययन गर्दा धेरै घरधुरीहरुले फ्लस भएको (सेफ्टि ट्याङ्की) शौचालय र साधारण चर्पीको प्रयोग भएको पाइन्छ भने बाँकी सबै घरधुरीमा शैचालयको प्रयोग नभएको पाईन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

(नोटः राष्ट्रिय जनगणना २०६८, अनुसार बंगलाचुली गाउँपालिकामा ६२.६२ प्रतिशत घरहरुमा शैचालयको प्रयोग नभएको देखिएता पनि पछिल्लो समयमा विभिन्न संघ संस्था, नेपाल सरकार को साथै नगरिक समाजको सक्रिय पहलमा सञ्चालन भएका "एक घर एक चर्पी कार्यक्रम", "खुला दिशा मुक्त क्षेत्र कार्यक्रम" लगायत जनचेतनामुलक कार्यक्रहरुले गाउँपालिकामा शैचालयको प्रयोग बढ्दै गएको छ ।)

## ७.९ फोहोर मैला व्यवस्थापन

गाउँपालिका सधैं सफा राखि वातावरण मैत्री घर, टोल, बस्ती, समाज बनाउने हेतुले राष्ट्रिय सरसफाई अभियानलाई निरन्तरता प्रदान गर्दै आएको क्रममा वडा नागरिक मन्च, नागरिक सचेतना केन्द्र, टोल विकास संस्था, टोल सुधार समाज र विपद व्यवस्थापन समितिको अगुवाई मा विभिन्न स्थानमा सरसफाई अभियान लागु भएको पाइन्छ । यस गाउँपालिका अन्य भित्री भूभागमा बसोबास गर्ने घर परिवारहरुले आफ्नो फोहोर आफै व्यवस्थापन गर्ने गरेको पाइन्छ । गाउँपालिकामा संकलन भएको फोहोर नदि तथा खोल्साहरुमा लगेर थुपार्ने गरेको पाइन्छ ।

फोहोरमैला व्यवस्थापनका लागि थप उपकरणहरुको व्यवस्थापन गर्न अझै लाग्नु पर्ने देखिन्छ । आम गाउँवासीहरुमा व्यापक रुपमा सरसफाई जागरणको लहर फैलिएको छ । हाल गाउँपालिकामा उत्पादित फोहोर आफै व्यवस्थापन गर्ने, खोल्सा खोल्सीमा खाल्टा बनाइ पुर्ने गरेको देखिन्छ । हाल यस गाउँपालिकामा देखिएका समस्याहरु देहाय बमोजिम रहेको छ :

- ✓ फोहोर व्यवस्थापनका नाममा फोहोरहरु खोलाखोल्साका होचा भागमा अनियन्त्रित तरिकाले फाल्ने प्रवृति यत्रतत्र देखिन्छ । यसरी फालिएको फोहोर बर्षातका समयमा पानीले बगाएर खोला खोल्सा तथा नदीका तल्लो भाग सम्म पुर्‍याएर प्रदुषणलाई बिस्तारित गर्दछ ।
- ✓ जमीनका होचोभाग पानीका स्रोत पनि हुने भएका र तिनै पानी सतहमा देखिने एवं जमीनको भित्रपनि छिरेर जानेहुँदा होचा भागमा फालिएको फोहोरले सतहको पानी तथा जमीन भित्रको पानी समेतलाई प्रदुषित गर्दछ ।


**फोहोरमैला व्यवस्थापन गर्न निम्न कुरामा ध्यान दिनुपर्ने देखिन्छ ।**

- ✓ भान्छाकोठाबाट निस्केको फोहोरलाई कुहिने र नकुहिने गरी छुट्याउने ।
- ✓ कुहिनेलाई मलमा प्रयोग गर्न तालिम तथा हरेक घरधनीलाई उत्प्रेरित गर्ने कार्यक्रम गाउँपालिकाले गर्ने ।
- ✓ नकुहिने फोहोरलाई पून: बिभिन्न तहमा छुट्याउने जस्तै काठ, प्लाष्टीक, धातु, सीसा । यी फोहोरलाई आवश्यकताअनुसार पहिचान गरिसकेकपछि पून प्रयोगमा आउनेलाई सम्बन्धित सेवा व्यवस्थापन तर्फ जोड दिने । यस गाउँपालिका क्षेत्रका खुला स्थान जहाँ पानीको स्रोत छैन त्यहाँ बैज्ञानिक तवरबाट छनौट गर्न व्यवस्था गर्ने

# खण्ड ८ : वन तथा वातावरण

## ८.१ प्राकृतिक वन तथा वनस्पती

नेपालको प्रदेश नं ५ को दाङ जिल्लामा रहेको यस गाउँपालिका वन वातावरण र जैविक विविधताको दृष्टिकोणल सम्पन्न जिल्लाको श्रेणीमा पर्दछ । दाङ जिल्लाको यस बंगलाचुली गाउँपालिकामा कुल क्षेत्रफल २४५.१४ वर्ग कि.मि. मध्ये ६४.२५ प्रतिशत वन क्षेत्रको रुपमा रहि आएको छ। जुन राष्ट्रिय वन र सामुदायिक वन क्षेत्रको रुपमा रहेको छ।



यस गाउँपालिकामा पाइने प्रमुख बनस्पतीका प्रजातिहरूमा, साल, सिसौं, सिमल, जामुन, कदम, खयर, करम, पिठारी, छतिवन, वोहरी, खमारी, वोटधँगेरो, बकाईनो, इप्पील, टिक, वर, पीपल, बेल, अमला, निम, पलाँस, आँप, डुम्री, कटहर, लिची, नरिवल, सुपारी, वयर, काँशीअमला, कैंदल, राजवृक्ष, अशोक, चेरी, समी, मसला, वडहर, अम्बा, केरा, कागती, भोगटे, सरिफा, दारिम, तित्री, फडिर, असारे, साज, सादन, कुम्भी, हर्रो-बर्रो, हल्लुडे, सिरीस, तारी, कुसुम, क्यामुना, दबदबे, टुनी, सान्दन, कर्मा, मालती, पाचपाते, सतिसाल, कुम्भी, अशोक, सपेटा। यसै गरी घस्रने जन्तुहरूमा गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, भित्ती, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि र चराचुरुङ्गीहरूमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, भद्राई, सारस आदि प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरु पाइन्छन्।

## ८.२ जैविक विविधता सम्वन्धी विवरण

बंगलाचुली गाउँपालिकाको पर्यावरणीय सन्तुलनका लागि पारिस्थितिक जैविक प्रणालीलाई सन्तुलितरुपबाट कायम राख्न वन, बनस्पती तथा प्राणीहरू बिचको स्थापित सम्बन्धलाई दिगोरुपमा कायम राख्न सजगता अपनाउनुपर्ने देखिन्छ। दिगो विकासका निम्ती पूर्वाधार विकासको क्रममा हुने विनासलाई न्यूनीकरण गर्न नितान्त आवश्यक छ। वातावरणीय असन्तुलनले वनस्पती वा प्राणीहरूको क्रमिक ह्रास र विनास हुँदै अन्तत: लोप हुने अवस्था हुन सक्छ। विषम हावापानीमा विभिन्न जात जातिका प्राणी र बनस्पती रहेको यस गाउँमा वन संरक्षण र सम्बर्द्धनको कार्यमा स्थानीय बासिन्दाहरूको सहभागिता अपरिहार्य हुन पुगेको छ। यिनै कुराहरूलाई मध्यनजर गरी २०४९ सालमा स्थानीय बासिन्दाहरूलाई आफ्नो दैनिक उपभोग्य वन पैदावारको उपलब्धता गराउने उद्देश्य राखी सामुदायिक वन दर्ता गर्ने कार्यको थालनी भएको पाइन्छ।

मानव जीवनको लागि जैविक विविधताको संरक्षण अपरिहार्य छ। दैनिक जिवनको लागि आवश्यक काठ, दाउरा, घाँसको लागि मात्र नभई पारिस्थितिक तथा जैविक प्रणालीको सन्तुलनको लागि समेत जैविक विविधताको महत्वलाई दृष्टिगत गरी हाल यस गाउँपालिकामा सामुदायिक वन जस्ता अवधारणाहरूलाई व्यवहारमा लागु गरिएको छ। यसै सन्दर्भमा वन वरिपरी बढिरहेको जनसंख्या, चोरी निकासी र आगामी दिनहरूमा उक्त वन क्षेत्रले मागेको आधारमा आपुर्ति गर्न नसक्ने वन पैदावारको हैसियतलाई विचार गर्दा यस क्षेत्रको जैविक विविधता व्यवस्थापन कार्य चुनौतीपूर्ण बन्दै गएको छ। हाल सामुदायिक वनहरू वन संरक्षण, सम्बर्द्धन तथा सदुपयोगमा सहभागि भइरहेका छन्।

यस गाउँपालिकामा उष्ण प्रदेशीय जलवायु भएको कारण यस क्षेत्रमा साल, सिसौं, हल्लुडे, अमला, हर्रो, बर्रो, खयर, सिमल, विजयसाल, राजवृक्ष, आदि जातका विरुवाहरू पाइन्छन् । जसमध्ये काँसीअमला, हर्रो, बर्रो, बोहरी, फडिर, खमारी, असारे, साज, सादन, कुम्भी, कुसुम आदि क्रमश: लोप हुदै जाने अवस्थामा रहेका छन्। गैर काष्ठ पैदावारको रुपमा व्यापारिक र आयुर्वेदिक महत्वका दृष्टिकोणले उपयुक्त देखिएका पिपला, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुझार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, पानी, अमला, अर्चल, गुजरगाँनो, दुवो, आइटीनझार, तुलसी, पारीजात, टोटलो, घ्यूँकुमारी, निम, बोझो, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उन्यूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोझार, कदम/संजिवन, हलेदो, टिङ्चुरझार, सिउँडी, चरचरेलहरो, वेल, अमला, मथेझार, बर, पिपल, अम्बा, राजवृक्ष, क्यामुन, सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुर आदि जस्ता वन पैदावारहरूको उपलब्धता पनि रहेको छ। यी मध्ये हाडजोर, गुजरगाँनो, खिर्रो, पिप्ला, भोगटे, पानी अमला, अर्चल, लहरो, क्यामुना आदि लोपोन्मुख अवस्थामा रहेका छन्।

यस गाउँपालिका क्षेत्रमा रहेका वनजंगलहरुले बाघ, भालु, चितुवा, चित्तल, हरिण दुम्सी, बँदेल, खिरखिरे, बनढाडे, जरायो, मृग, घोरल, लङ्गुर, बादर, बनमुसा, स्याल, बन बिरालो, खरायो, मलसाप्रो, ढेडु आदि प्रजातिका जीवहरूको लागि उपयुक्त वासस्थान उपलब्ध गराएको छ । गाउँपालिकामा रहेका वनक्षेत्र तथा विभिन्न खोलानालाहरुले विभिन्न प्रजातिका चराचुरुङ्गीहरू विशेषतः कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कन्याङकुरुङ, भद्राई, सारस तथा विभिन्न घिस्रने जन्तुहरू गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, भित्ती, कछुवा, सर्प, गड्यौला, जुका अन्य किटपतङ्ग आदिलाई बासस्थान प्रदान गर्दै संरक्षित गरेको छ। यद्यपी वनजंगल अतिक्रमणका कारण प्रकृती प्रदत्त यी जैविक र वनस्पतिय अमुल्य वन सम्पदाहरूको विस्थापन र विनाशको क्रम बढ्दै गइरहेको छ। वर्षेनी वन क्षेत्र फडानी भई चुरे क्षेत्र नाङ्गा डाँडामा परिणत हुँदै जानु र अन्य वन क्षेत्र कृषियोग्य भुभागमा परिणत हुनु तथा वन्यजन्तुहरूको वासस्थान एवं वन्य प्रजातीमा ह्रास हुनु जैविक विविधता संरक्षणका निमित्त विकराल चुनौतीका रुपमा देखिएको छ।

गाउँपालिकाको हावापानीले जीवजन्तु र वनस्पतीहरूलाई संरक्षित गर्न सकिने खालका वासस्थान उपलब्ध गराइएको भएतापनि जनसंख्या र बसाईसराइको चाप र भुमीको उर्वरापनका कारण करिब ४ दशक अघिदेखि नै यहाँको वनक्षेत्र अतिक्रमण र वन फडाँनीको चपेटामा पर्न गएको छ। जैविक विविधता अन्तर्गत पर्ने स्थानीय कला संस्कृतिहरूको विविधतालाई जगेर्ना गर्दै धार्मिक, ऐतिहासिक, सांस्कृतिक र पर्यटकिय दृष्टिकोणले महत्वपुर्ण ठानिएका विभिन्न स्थानहरु जस्तै देविकोट मन्दिर, बागेश्वरी मन्दिर, भुमेथान मन्दिर, धिमधिमे लेक, बंगलाचुली लेक, डाटे गुफा, शिद्ध गुफा लगायतका क्षेत्रहरुको समेत संरक्षण गर्नुपर्ने देखिन्छ। यहाँ जैविक विविधताले भरिपूर्ण रहेको छ। उष्ण प्रदेशीय किसिमको वातावरण भएको हुँदा विशिष्ट किसिमको जैविक विविधता पाइन्छ।

## ८.३ लघु वन पैदावार

गाउँपालिकाको वन क्षेत्रमा विभिन्न प्रकारका जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावारहरू पाइन्छन्। पञ्चवर्षिय जिल्ला वन कार्य योजनाले ५० प्रकारका वनपैदावार पहिचान गरेको छ । यस गाउँपालिकामा मुख्य रुपमा पाइने गैह्रकाष्ठ वन पैदावारहरुमा चिराईतो, तेजपात, बोझो, अल्लो काउलो, काफल, पिपला, चुत्रो, ऐसेलु, झ्याउ, च्याऊ, दतिवन, अमला, कुरिलो, बाँस, सबइ घाँस, अम्रिसो, असुरो, राजवृक्ष, बेल, सिन्दुरे, कुकुरडाइनो, भ्याकुर, थाकल, गायो, कुट्मिरो, निगुरो, डुण्डुको साग, बेथे, लहरे साग, सिमसाग, लुँडे, जामुन, बयर, भोर्लाको पात र बोक्रा सालको पात, गुँद र बीउ, तेँदुपात, कालो मुस्ली, वेत, सिकाकाइ, सतावरी, तेजपात, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुझार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, अर्चल, गुजरगाँनो, दुवो, आइटीनझार, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोझो, वाकलपाते, सुतानी लहरो,

हाडेलसुन, उन्यूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोभ्कार, कदम/संजिवन, हलेदो, टिङ्चुरभ्कार, सिउँडी, चरचरेलहरो, वेल, पानी अमला, मथेभ्कार, बर, पिपल, अम्बा, क्यामुन, सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुर आदि मुख्य हुन्।

## ८.४ गाउँपालिकामा पाईने वन्यजन्तु

### (क) वन्यजन्तु

बंगलाचुली गाउँपालिकमा पाइने प्रमुख वन्यजन्तुहरुमा बाघ, चितुवा, चित्तल, दुम्सी, बँदेल, खिरखिरे, सालक, बनढाडे, मृग, घोरल, लङ्गुर, बादर, बनमुसा, स्याल, बन बिरालो, रतुवा, खरायो, मलसाप्रो, ढेडु आदि छन।

### (ख) चराचुरुङ्गी

बंगलाचुली गाउँपालिकामा पाईने चराचुरुङ्गीहरुमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, चखेवा, पिरौटा, भुँडिफोर, चिवे, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कऱ्याङकुरुङ, भद्राई, लामपुच्छ्रे, राजक छेग्रा, सारस आदि प्रमुख छन्।

### (ग) घस्रने जिवजन्तुहरू

यस गाउँपालिकामा पाइने घस्रने जिवजन्तुहरूमा गोही, कछुवा, भित्ती, गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, वैरिकरेट, हरेउ, ढोडिया, सुनगोहोरो, अनेक प्रकारका सर्प तथा छेपारो, भातेमहुरा, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि प्रमुख छन्।

### (घ) जलचर तथा उभयचर जीवहरु

सेधरी, डिंरा, चरंगी, रावा, डरही, कूरसा, सौरी, सिंगी, मंगूरा, मैलवा, डोंगी, खेसटी, टेंग्रा, वामे, वक्काइन, ढोरी, हराट, परनी जातका माछाहरु, डल्फीन, ठोटेरा, गँगटा, भ्यागुता, विभिन्न प्रजातीका घुँघी आदि ।

### (ङ) कीरा फट्याङ्ग्राहरु

मौरी, खागो, पुत्को, कठेउरी, गोब्रेकीरा, जुका, बिच्छी, खजुरो, भ्कुसिलो, बारुलो, उडुस, अरिंगाल, शङ्खेकीरा, बच्छ्युँ, माकुरा, बअरिमोठे, डाँस, पतेरो, साङ्लो, लामखुट्टे सयौं प्रकारका किरा फट्याङ्गाहरु आदि ।

### (च) फूलका प्रजातिहरु

बंगलाचुली गाउँपालिकामा विभिन्न किसिमको वनस्पतीहरु पाइन्छन्। सयपत्री, गोदावरी, मखमली, बाह्रमासे, गुलाव, लालुपाते, घन्टीफूल, तिउर, बाबरी, भालेफूल, पारिजात, लाहुरे चुवा, पलास, मसुन्डा आदि गाउँपालिकामा पाईने फुलका प्रजातिहरु हुन्।

## ८.५ वनजंगल

बंगलाचुली गाउँपालिका समुन्द्र सतहबाट ३७० मिटरको उचाईदेखि शुरु भएर १७७९ मीटरसम्म गएर अन्त्य भएको छ। यो गाउँपालिकामा प्रशस्त मात्रामा वन क्षेत्र हुनुको साथै वन क्षेत्रभित्र जैविक विविधता पनि प्रशस्त रहेको छ। वन क्षेत्र भित्र समसार क्षेत्र र ठूला ठूला घाँसे मैदानहरु समेत रहेका छन्। गाउँपालिका बाहिरका अन्य गाउँपालिका तथा जिल्लाहरुमा करिव करिव लोप हुने अवस्थामा पुगेको प्राकृतिक रुपमा सिसौ र खयर जस्ता महत्वपूर्ण प्रजाति पाईने नदी तटीय वन यस गाउँपालिकामा प्रशस्तै मात्रामा रहेको छ। यो विशिष्ट वातावरणीय अवस्थासँग यहाँ बग्ने नालाको अभिन्न सम्बन्ध रहेको छ।

तराईको समथल भू-भागदेखि चुरे पहाडसम्मको भौगोलिक विविधता भएको कारण यहाँ पाइने वनको किसिम र प्रजातिमा पनि विविधता पाईन्छ। उष्ण र सम-शितोष्ण प्रदेशीय भएको यस गाउँपालिकाको वन क्षेत्रमा थुप्रै प्रजातिका मिश्रित वन पाईन्छ। हावापानी, भौगोलिक अवस्थिति तथा प्रजातिको आधारमा यस गाउँपालिकामा विभिन्न किसिमका वनहरु जस्तै सालको वन, तराई हार्डउड, खयर सिसौं, चिरपाईन (खोटे सल्लो), मिश्रित वन र झाडी बुट्यान रहेका छन्।

तालिका नं. ५७: बंगलाचुली गाउँपालिकामा भएको वनको विवरण

| क्र. सं. | सविकको गा.वि.स./न.पा. | वनको क्षेत्रफल (हे.) | | | |
|---|---|---|---|---|---|
| | | सामुदायिक वन | सरकार द्वारा व्यवस्थित वन | जम्मा वन | चुरे क्षेत्रफल |
| १ | हांशीपुर | २३९९.२१ | ७६६८.७९ | १००६८ | ४६१५.५ |
| २ | काभ्रे | २०६१.१ | २०५८.९ | ४१२० | ० |
| ३ | लोहारपानी | ३२०.९७ | २७७९.०३ | ३१०० | ० |
| ४ | स्यूजा | ९७१.३५ | ० | ९७१.३५ | ० |
| | जम्मा | ५७५२.६३ | १२५०६.७२ | १८२५९.३५ | ४६१५.५ |

*स्रोत: जिल्ला वन कार्यालय, दाङ २०७२*

यस बंगलाचुली गाउँपालिकामा ५७५२.६३ हे. सामुदायिक वन , १२५०६.७२ हे. सरकारद्धारा व्यवस्थित वन गरी जम्मा १८२५९.३५ हे. वन रहेको छ।

### ८.५.१ सामुदायिक वन

स्थानीय बासिन्दालाई वन संरक्षण र उपयोगमा सहभागि बनाउने नेपाल सरकारको नीति अनुसार यस गाउँपालिकामा जिल्ला वन कार्यालय मार्फत सामुदायिक वन उपभोक्ता समूह गठन गरी वन हस्तान्तरण गर्ने काम पनि भइरहेको छ। वन ऐन, २०४९ तथा वन नियमावली, २०५१ ले व्यवस्था गरे बमोजिम सामुदायिक वनको संरक्षण, सम्बर्द्धन तथा व्यवस्थापनको सम्पूर्ण जवाफदेही सम्बन्धित वन उपभोक्ता समूहहरु नै हुन्छ। यो कार्यक्रम शुरुमा लागू हुँदा यसको उद्देश्य नाङ्गा डाँडा पाखाहरुमा हरियाली बढाउने र सर्वसाधारण जनतालाई, काठ, दाउरा र डालेघाँस लगायत वन पैदावारको आधारभुत आवश्यकता परिपुर्ति गर्ने रहेको थियो, तर अहिले यस कार्यक्रमको मुख्य उद्देश्यमा विपन्न परिवारहरुको गरिवी निवारण, जीविकोपार्जन, जैविक विविधताको संरक्षण, दिगो वन व्यवस्थापन, सुशासन, समावेसीकरण, लैङ्गिक समानता, विशेष गरि महिला, दलित तथा जनजातिको सहभागिता जस्ता नयाँ नयाँ सवालहरु समेत समावेश भएकोले यस कार्यक्रमले गरिवी न्युनिकरणमा समेत सहयोग पुर्‍याउन सक्ने विश्वास गरिएको छ। जिल्ला वन कार्यालयको प्राविधिक सहयोगमा समूहको स्वीकृत विधान तथा वन कार्ययोजना बमोजिम उपभोक्ता समूहको क्रियाकलापहरु संचालन तथा सामुदायिक वनको संरक्षण, सम्वर्द्धन, व्यवस्थापन तथा वन पैदावारको सदुपयोग हुने गरेको छ। विगतको समयमा थोरै जनसंख्याको तुलनामा प्रशस्त वन क्षेत्र भएकोले पनि वन संरक्षणभन्दा उपयोगमा मात्र जोड दिएको पाइन्छ तर गएको केही वर्षदेखि वन क्षेत्र वरिपरिका जनतामा नयाँ जागरण देखिएको छ। बढ्दो अतिक्रमण, लुकिचोरी हुने कटानी, चरिचरन, आगलागी आदिका कारण र भैरहेको वन विनासले गाउँको कतिवय वनक्षेत्रको अवस्था अत्यन्त संवेदनशील भएको छ। त्यसैले गर्दा बस्तीहरुमा वन संरक्षण समिति तथा वन उपभोक्ता समितिहरू गठन गरी वन संरक्षणका लागि स्थानीय प्रयास शुरु हुन थालेको छ। एकातिर चुरेको भावर क्षेत्र नजिक बस्ने बासिन्दाहरूमा वन संरक्षणको प्रयास शुरु हुँदैछ भने अर्कोतर्फ वनक्षेत्रबाट टाढाका गाउँलेहरूको लागि सर्वसुलभ तरिकाबाट वन उपयोग व्यवस्थित हुन नसक्दा वनबाट काठदाउरा लुकिछिपी चोरी निकासी हुने क्रम पनि यथावत छ। विगतका वर्षहरूको तुलनामा जनताको सहभागिताको परिणाम स्वरुप चुरेको भावर क्षेत्र लगायत सघन अवस्थामा रहेका कतिपय वनक्षेत्रहरू पुन: प्राकृतिक अवस्थामा रुपान्तरित हुन पुगेका छन्। सामुदायिक वनहरूमा विद्यमान संरक्षण र आफ्नो सामुदायिक वन प्रतिको लगावको परिणाम स्वरुप उजाड र मरुभूमीकरणतर्फ उन्मुख हुँदै खोला र खहरेहरूले ग्रसित भएका वनक्षेत्रहरू आज प्राकृतिक रुपमा संरक्षित भएका छन्। सामुदायिक वनका उपभोक्ताहरूसँग प्राविधिक ज्ञान र वनको उत्पादकत्व बढाउन आवश्यक पर्ने प्रविधिको अभाव खड्किएको छ। तसर्थ वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सामुदायिक वनहरूलाई स्रोत, साधन र प्रविधियुक्त जनशक्तिको उपलब्ध हुनु जरुरी छ। उपभोक्ताहरूमा रहेका परम्परागत वन संरक्षण विधिहरूका अतिरिक्त नयाँ विधि र कार्यशैलीहरूको विकास गराउन जरुरी देखिन्छ। दक्षता अभिवृद्धिका निमित्त सामुदायिक वन उपभोक्ताहरूलाई तालिम, गोष्ठी, सेमिनार र अवलोकन भ्रमणका अवसरहरू प्रदान गर्नुपर्ने देखिन्छ।

बौद्धिक सम्पदा अधिकार (Patent right) का विषयमा र WTO सम्बन्धी अवधारणाहरूका विषयमा समुदायलाई आवश्यक जानकारी गराउनु अनुशिक्षण दिनुपर्ने देखिन्छ। गाउँपालिका र सामुदायिक वन उपभोक्ता समूहहरूको सहभागितामा सामुदायिक वनभित्र गैरकाष्ठ वनपैदावारको उत्पादनलाई प्रोत्साहित गर्न र विभिन्न तालिम गोष्ठी अध्ययन भ्रमणहरू गरिदै आएका छन्। यसले स्थानीय स्तरबाट वन व्यवस्थापनका सम्पूर्ण पक्षहरूलाई अघि बढाउन र वनक्षेत्रको उत्पादन बढाउन थप मद्दत मिल्ने देखिन्छ। सामुदायिक वनहरूको सुदृढीकरणका निमित्त जिल्ला वन कार्यालयको जनशक्ति मात्रले सम्भव नदेखिएकाले उक्त कार्यका निमित्त वनसँग आवद्ध विभिन्न गैससहरूलाई गाउँपालिकामा परिचालन गर्नुपर्ने देखिन्छ।

माथि उल्लेखित तथ्यहरूको आधारमा हालसम्म गाउँपालिकाले काठ दाउराको विक्री वितरणबाट आय गरेको देखिएता पनि वनहरूको परम्परागत उत्पादनमा ह्रास र परम्परागत प्राकृतिक स्रोतको दोहनले गर्दा भावी दिनहरूमा सुख्खा, ढलापडाको संकलनको स्थिति यही रहला भन्न सकिन्न। सामुदायिक वनहरूको क्रमिक हस्तान्तरण र वन संरक्षणका प्रभावकारी उपायहरूको अवलम्बनले प्राकृतिक पुनरुत्पादन क्रमश: बढ्दै जाने देखिन्छ। वनहरूबाट काठ र दाउराको परम्परागत उत्पादन लिने प्रवृत्तिमा परिवर्तन गर्दै जनतालाई गैरकाष्ठ पैदावारको उत्पादनतर्फ उन्मुख गराउनुपर्ने र वन्यजन्तुहरूको व्यवसायिक पालन लगायतका गतिविधिहरूबाट आय स्रोतहरूमा बृद्धि गर्न जनसहभागितामा विशेष जोड दिनुपर्ने देखिन्छ।

वन विकास गुरुयोजना, २०४६ ले प्राथमिकतामा राखेको सामुदायिक वन विकास कार्यक्रममा यो गाउँपालिकाले अग्रणी भूमिका खेलेको छ। गाउँपालिकामा वनहरुको संख्या धेरै भएपनि ती सबैलाई उपभोक्तालाई हस्तान्तरण गरिसकिएको छैन।

### ८.५.२ धार्मिक वन

धार्मिक संघ/संस्थाको वरिपरि रहेको वन जंगल क्षेत्रहरू धार्मिक क्षेत्रको महत्व र सौन्दर्य बढाउने उद्देश्यले त्यस्ता धार्मिक वनको रुपमा हस्तान्तरण गरिन्छ। गाउँपालिकाको विभिन्न भागहरूमा रहेका धार्मिक स्थल धार्मिक वनको सम्भावना बोकेका क्षेत्रहरू भएतापनि त्यसको उचित संरक्षण र प्रर्वद्धन हुन नसकेको देखिन्छ।

### ८.५.३ सरकारद्वारा व्यवस्थित वन

गाउँपालिकाको कुल वन क्षेत्र मध्ये गाउँपालिकामा सामुदायिक वन र धार्मिक वनको रुपमा हस्तान्तरित बाहेक बाँकी रहेको वन क्षेत्र सरकारद्वारा व्यवस्थित वनको रुपमा रहेको छ। गाउँपालिकामा १२५०६.७२ हे. वन सरकाद्धारा व्यवस्थित वनको रुपमा रहेको छ।

### ८.५.४ निजी वन

राष्ट्रिय वन क्षेत्र माथि पर्ने वन पैदावारको चापलाई कम गर्न नेपाल सरकारले अवलम्बन गरेको नीति अन्तर्गत सामुदायिक वन सँगै निजी वन कार्यक्रम समेत यस गाउँपालिकामा संचालन गरिएको छ। निजी वनमा रोपिएका मुख्य प्रजातिहरुमा साल, सिसौं, लहरेपिपल, टिक, मसला, खयर, बाँस, सिमल जस्ता प्रजातिहरु रहेका छन्।

## ८.६ निजी आवादीमा रहेका रुख विरुवाहरुको अवस्था

हाल यस गाउँपालिकाका वन उपभोक्ताको निजी आवादीमा वृक्षारोपण गरिएका रुख प्रजातिहरुमा सिसौ, बकाईनो, निम, कुटमिरो, किम्बु, इपिलइपिल, बडहर, टीक, खनियोको वाहुल्यता रहेको छ भने फलफुल जातका प्रजातिहरुमा अम्वा, कटहर, अमरा, मेवा, केरा, आँप आदी पर्दछन। वनमा पाईने रुख प्रजातिहरु साल, असना, कर्मा, सिमल, हर्रो, वर्रो, पीठारी, कदम, जामुन समेत आवादी क्षेत्रमा रहेको पाईन्छ।

## ८.७ जडिबुटी सम्बन्धी विवरण

यस गाउँपालिकाको वन क्षेत्रमा पाइने जडिबुटीहरूमा पिपला, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुभ्कार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, पानी, अमला, अर्चल, गुजरगाँनो, दुवो, आइटीनभ्कार, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोभ्को, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उनिउँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोभ्कार, कदम/संजिवन, हलेदो, टिङ्चुरभ्कार, सिउँडी, चरचरेलहरो, वेल, अमला, मथेभ्कार, बर, पिपल, अम्बा, राजवृक्ष, क्यामुन, सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुरआदि आदि जडिबुटीहरू संकलन तथा बिक्री हुने प्रसस्त सम्भावना रहेको देखिन्छ।

## ८.८ वन पैदावारमा आधारित उद्योगहरूको विवरण

बंगलाचुली गाउँपालिकाको वन पैदावारमा आधारित उद्योगहरूको अध्ययन गर्दा स: मिल तथा फर्निचर उद्योगहरू, ईटा टायल उद्योग आदि रहेका छन्। यी उद्योगहरूबाट पनि ठूलो परिमाणका काठको खपत हुने गरेको छ। गाउँपालिकामा हालसम्म सञ्चालनमा रहेको वन पैदावारमा आधारित उद्योगहरू नियमितरुपले सञ्चालित अवस्थामा रहेको देखिन्छ।

## ८.९ वन संरक्षणका लागि चाल्नु पर्ने कदम

राष्ट्रिय, सामुदायिक र संरक्षित वनहरूलाई सघनीकरण गर्दै तिनीहरू भित्र गैरकाष्ठ पैदावार र बहुमुल्य जडिबुटीहरूको उत्पादन गर्नु नितान्त आवश्यक छ। राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारको विश्लेषण गरी गैरकाष्ठ पैदावारमा आधारित जडिबुटी प्रशोधन उद्योगको स्थापना तथा सञ्चालनतर्फ सरकारी तथा गैरसरकारी संघसंस्थाहरूको संलग्नता हुनु नितान्त आवश्यक देखिन्छ। गाउँमा जनसंख्याको चाप बढ्दै गएको र उन्नत जातका

पशुहरूको तुलनामा स्थानीय अनुत्पादक पशुहरूको संख्या पनि उच्च रहेको देखिन्छ। यी अनुत्पादक पशुहरूको अनियन्त्रित चरिचरनको कारण राष्ट्रिय र संरक्षित वन क्षेत्रहरू प्रभावित भएका छन् प्राकृतिक रुपबाट पुनरुत्पादन हुने गरेको पोथ्रा पोथ्रीहरू अनियन्त्रित चरिचरनले विनाश भइरहेका छन्। प्राकृतिक स्रोत र साधनहरूको दिगो उपयोगबाट नै मानव समाजको समुन्नत भविष्यको परिकल्पना गर्न सकिन्छ। जनताको सहभागिता र संलग्नतामा वन संरक्षणलाई सामुदायिक वन कार्यक्रम र कृषि वन कार्यक्रम सञ्चालन गरी गरिब, असहाय, अपाङ्ग र महिला समुदायलाई हस्तान्तरण गर्नुपर्ने देखिन्छ। वनको हैसियतमा समेत सुधार ल्याउन सामुदायिक वन उपभोक्ता समूहहरूबाट हुन सक्ने सकारात्मक कार्यक्रमहरूलाई पहिचान गरी सहभागितात्मक सामुदायिक वन विकास कार्यक्रम अघि बढाउनु अत्यावश्यक देखिन्छ। वन नीति २०७१ का अनुसार वन संरक्षणमा चाल्नुपर्ने कदमहरु निम्न बुँदाहरुमा उल्लेख गरिएको छ।

- ✓ घरायसी तथा अन्य इन्धनको रुपमा प्रयोग हुने काठ वा वन पैदावारको विकल्पमा अन्य वैकल्पिक उर्जाको प्रयोगलाई प्रोत्साहन गर्ने।
- ✓ बहुपक्षिय सहभागितात्मक संयन्त्रको विकास गरी चोरी शिकारी, अवैध कटान, वन पैदावारको अवैध संकलन, अत्यधिक चरिचरन, मिचाहा प्रजाती र डढेलो नियन्त्रण गर्ने।
- ✓ पर्यापर्यटन प्रवर्द्धनको विकासका लागि राष्ट्रिय वनमा तोकिएका प्रजातिका वन्यजन्तु तथा विरुवाको संरक्षण, प्रजनन् र उपयोग गर्ने।
- ✓ दिगो वन व्यवस्थापनको नीति अवलम्वन गर्ने।
- ✓ जौविक विविधता, सिमसार क्षेत्रको संरक्षण र जलवायू परिवर्तनको विषयमा एकिकृत कार्यक्रम संचालन गर्ने।

# खण्ड ९ : मानव विकास सूचकाङ्क र गरिबीको स्थिति

## ९.१ मानव विकास सूचकको विवरण (HDI)

मानव विकास सूचकले तीनवटा कुरालाई आधार बनाएको छ। जसमा आम्दानी, शिक्षा र सापेक्षित आयु छन्। यी तिनवटै परिसूचकलाई समावेश गरी मानव विकासको सूचकाङ्क निर्धारण गरिएको छ। हरेक देश/ठाउँको जनताको स्वास्थ्य स्थिति, शैक्षिक अवस्था, तथा जीवन स्तरको अवस्था मापन गरी स्तर निर्धारण गर्ने प्रयोजनको लागि संयुक्त राष्ट्रसंघको विकास कार्यक्रम (UNDP) ले विकास गरेको शिक्षा, स्वास्थ्य तथा प्रतिव्यक्ति आयका सूचकहरूको संयुक्त सूचकाङ्क नै मानव विकास सूचकाङ्क हो। UNDP नेपालले हालै नेपालका सबै जिल्लाहरूको मानव विकास सूचकाङ्कको मान समेटिएको नेपाल मानव विकास प्रतिवेदन, २०१४ सार्वजनिक गरेको छ। यो प्रतिवेदन अनुसार दाङ जिल्लाको मानव विकास सूचकाङ्क ०.४८५ ( नेपालको ०.४९०) रहेको छ। अर्थात् दाङ जिल्लाको मानव विकास सूचकाङ्क नेपालको राष्ट्रिय औषत भन्दा कम देखिन्छ। मानव विकास सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल काठमाण्डौं जिल्लाको मानव विकास सूचकाङ्क ०.६३२ रहेको छ भने दोस्रो स्थानमा ललितपुर मानव विकास सूचकाङ्क ०.६०१ रहेको छ । पुच्छारमा रहेको बाजुरा जिल्लाको मानव विकास सूचकाङ्क ०.३६४ रहेको छ। मानव विकास सूचकाङ्कका अवयव सूचकहरू हेर्ने हो भने दाङ जिल्लाको हरेक व्यक्ति बाँच्ने अपेक्षित औषत आयु (Life expectancy) ६७.३३ वर्ष र यसको सूचक ०.७०५, प्रौढ साक्षरता दर (Adult literacy) ६२.४१ प्रतिशत र यसको सूचक ०.६२४, शिक्षा आर्जनमा खर्चेको औषत समय (Mean years of schooling) ३.८३ वर्ष र यसको सूचक ०.२५५ तथा प्रतिव्यक्ति आय (Per Capita Income) ११२७ अमेरिकी डलर र यसको सूचक ०.४०४ रहेको देखिन्छ। यसलाई तलको तालिका बाट स्पष्ट पार्न सकिन्छ।

तालिका नं. ५८: मानव विकास सुचकको विवरण (HDI)

| क्षेत्र | स्वास्थ्य | | शिक्षा | | | | आम्दानी | | मानव विकास सुचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | सापेक्षित आयु | | प्रौढ साक्षरता | | विद्यालय जाने मध्यम वर्ष | | प्रतिव्यक्ति आम्दानी (क्रय शक्ति) | | ज्यामितीय मध्यक |
| | मान | सुचक | मान | सुचक | मान | सुचक | मान | सुचक | |
| नेपाल | ६८.८० | ०.७३० | ५९.५७ | ०.५९६ | ३.९० | ०.२६० | ११६० | ०.४०९ | ०.४९० |
| दाङ | ६७.३३ | ०.७०५ | ६२.४१ | ०.६२४ | ३.८३ | ०.२५५ | १,१२७ | ०.४०४ | ०.४८५ |

*स्रोत: नेपाल मानव विकास प्रतिवेदन, २०१४*

## ९.२ मानव गरीबी सूचकाङ्क (Human Poverty Index)

अपेक्षित औषत आयु ४० वर्ष वा सो भन्दा कम भएको जनसंख्याको प्रतिशत, प्रौढ निरक्षरता, सुरक्षित खानेपानी नपुगेको जनसंख्याको प्रतिशत तथा कुपोषित ५ वर्ष भन्दा मुनिका बालबालिकाहरूको प्रतिशत जस्ता सूचकहरूको संयुक्त सूचकाङ्कको रुपमा विकास गरिने मानव गरीबी सूचकाङ्कको स्थिति हेर्दा दाङ जिल्ला मानव विकास सूचकाङ्कको स्थिति खासै राम्रो अवस्थामा रहेको देखिदैन। दाङ जिल्लाको मानव गरीबी सूचकाङ्क मान ३४.९२ (नेपालको ३१.१२) रहेको छ। यो सूचकाङ्कको मान जति कम भयो त्यति राम्रो मानिन्छ किनभने यो सूचकाङ्क नकारात्मक सूचकहरूको प्रयोग गरी निकालिन्छ जस्तै: प्रौढ निरक्षरता दर। मानव गरीबी सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थानमा हुम्ला जिल्लाको मानव गरीबी सूचकाङ्क ४९.२६ रहेको छ भने पुच्छारमा रहेको कास्की जिल्लाको मानव गरीबी सूचकाङ्क १६.५० रहेको छ। मानव गरीबी सूचकाङ्कका अवयव सूचकहरूमा दाङ जिल्लाको प्रौढ निरक्षरता दर (Adult illiteracy rate) ३७.५९ प्रतिशत, ४० वर्ष सम्म पनि बाँच्न सक्ने अपेक्षा नगरिएको जनसंख्या (Percentage of people not expected to survive to age 40) ७.९८ प्रतिशत, सुरक्षित खानेपानी नपुगेको जनसंख्या (Percentage without safe water) ४४.७२ प्रतिशत तथा ५ वर्ष मुनिका कुपोषणबाट प्रभावित बालबालिकाको संख्या (Percentage of children under age five who are malnourished) ३९.३० प्रतिशत रहेको देखिन्छ।

*(स्रोत : नेपाल मानव विकास प्रतिवेदन ,२०१४, UNDP,NEPAL)*

## ९.३ मानव विकास र गरीबी

नेपालमा गरीबीको लघुक्षेत्र अनुमान, २०६८ अनुसार दाङ जिल्ला न्यून समृद्धिस्तर भएका जिल्लाहरूको श्रेणीमा पर्दछ। ७५ जिल्लाहरू मध्ये यो जिल्ला ३२ औं स्थानमा रहेको छ र गरीबीको दर ८.०१ प्रतिशत रहेको छ । जिल्लामा गरिबीको रेखामुनी रहेको संख्या १,३७,२५५ रहेको देखिन्छ । गरिबीको दरको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल कास्की जिल्लाको गरिबीको दर ४ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको बाजुरा जिल्लाको गरीबीको दर ६४.१ प्रतिशत रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ५९: गरीबीको दरको विवरण

| गरिबीको स्थान | गरिबीको दर (प्रतिशत) | गरिबीको विषमता (प्रतिशत) | गरिबीको गहनता ( प्रतिशत) | गरीबहरूको संख्या |
|---|---|---|---|---|
| ३२ | २५.०५ (८.०१) | ५.९(२.५७) | २.०३ (१.०७) | १३७२५५ |

*श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११*

## ९.४ गरिबी न्यूनीकरण

सहरी गरिबी न्यूनीकरणका लागि स्वरोजगारी सृजना गर्ने, उद्यमशीलताको खोजी तथा प्रवर्द्धन गर्ने एवं विभिन्न सिपमूलक तथा क्षमता अभिवृद्धि हुने क्रियाकलापद्वारा विशेषत ग्रामीण प्रकृतिका वडाहरुमा रोजगारी सृजना गर्नेतर्फ कार्यक्रम केन्द्रित गरी नयाँ थप भएका वडाहरुमा विभिन्न शिपमूलक तालिम सञ्चालन गरी जीविकोपार्जनका कार्यक्रमलाई प्रोत्साहन गर्नु पर्ने देखिन्छ ।

## ९.५ समग्र विकास स्थिति

राष्ट्रिय जनगणना २०६८ अनुसार २४,२४५ जनताको बसोबास भएको गाउँपालिकामा खास गरी सामाजिक रुपले पछिपरेका र आर्थिक रुपले विपन्न अवस्थामा रहेका गरिबीको रेखामुनि परेका जनताको जीवनस्तरलाई कसरी माथि उठाउने र सामाजिक भेदभाव रहित एवं आर्थिक रुपले सम-समुन्नत गाउँको निर्माण कसरी गर्ने भन्ने चुनौतीलाई समयसापेक्ष रुपमा समाधान गर्न विगत देखि वर्तमानसम्म गरिएका मानवीय प्रयासहरू र तिनबाट प्राप्त प्रतिफलको आधारमा जीवनस्तरमा भएको रुपान्तरणलाई नै अहिलेसम्मको मानवीय विकासको रुपमा लिन सकिन्छ। यसरी हेर्दा गाउँबासीहरूको मानव विकास सुचकाङ्क, लैंगिक समता सुचकाङ्क, औषत आयु, औषत ग्राहस्थ उत्पादन, औषत साक्षरतादर र औषत आम्दानी जस्ता विभिन्न आयामहरूलाई दृष्टिगत गर्नु आवश्यक हुन जान्छ। संक्षेपमा गाउँपालिकाको मानवीय विकासको स्थितिलाई हेर्दा जनताको यातायात सेवामा पहुँच अझै पनि बाह्रै महिना भरपर्दो गरी पुऱ्याउन सकिएको छैन। यसै गरी स्वास्थ्य सेवाको पहुँचमा खास गरी आदिवासी जनसमुदायको बसोबास र बाहुल्य रहेको भौगोलिक क्षेत्रमा थप सेवा प्रदान गर्नुपर्ने आवश्यकता विद्यमान छ। अस्पताल, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी स्थापित भए बमोजिम आवश्यक दक्ष स्वास्थ्यकर्मीहरूको पर्याप्तता नहुँदा जनताको स्वास्थ्य सेवा पाउने स्थितिमा गुणात्मक परिवर्तन आएको देखिँदैन । केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कअनुसार गाउँपालिकामा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ। जसमा धारा/पाइपको पानी प्रयोग गर्ने घरधुरीको संख्या सबैभन्दा बढी ६१.३५ प्रतिशत देखिन्छ भने दोस्रो ठूलो स्रोतको रुपमा खुल्ला इनार/कुवाको पानी प्रयोग गर्नेको संख्या २३.१७ प्रतिशत देखिन्छ। यसरी समग्रमा हेर्दा सफा खानेपानीको अभाव रहेको देखिन्छ ।

सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयमको रुपमा रहेको शिक्षा क्षेत्रमा यो गाउँपालिका दाङ्ग जिल्लाका अन्य गाउँहरुको तुलनामा केही पछाडि रहेको देखिन्छ । समग्र देशको तुलनामा पनि यो गाउँपालिका पछाडि नै देखिन्छ । पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार यस गाउँपालिकाको साक्षरता दर ६०.२४ प्रतिशत

(नेपालको ६५.९४ प्रतिशत) रहेको छ। लैंगिक हिसाबले यो गाउँपालिका पनि अन्यत्र झैं केही विभेद रहेको पाईन्छ। जस्तै: यस गाउँपालिकाको पुरुषको साक्षरता दर ७१.९६ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ५१.१४ प्रतिशत मात्र रहेको छ। पुरुष र महिलाको साक्षरता दरमा लगभग २०.८२ प्रतिशतको फरक देखिन्छ। सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ।

शिक्षा तर्फ र प्राथमिक शिक्षालाई सबै गाँउपालिकाबासीहरुको प्राथमिक अधिकारको रुपमा अझै पनि व्यवहारिक रुपमा स्थापित गर्न सकिएको छैन र अद्यावधिक स्कूल जाने उमेरका केही बालबालिकाहरुले स्कूल भर्ना भई पढ्न पाइरहेका छैनन्। पहिलो कुरा त स्थापित स्कूलहरुमा समेत कक्षाकोठाहरुको कमी हुनु र शिक्षक विद्यार्थी अनुपात कमी रहनु स्वयंमा विडम्बनापूर्ण स्थिति छ भने अर्का तिर उच्च शिक्षा पुरा गरेका युवाहरुको समेत रोजगारीको प्रत्याभुति हुन सकेको छैन । माध्यमिकस्तरको शिक्षालाई व्यावसायिक नबनाएसम्म हाल शिक्षामा देखिएको निराशाजनक स्थितिको अन्त्य हुने सम्भावना पनि देखिँदैन ।

यस गाँउपालिकाको जनसंख्या जसरी नेपालको जनसंख्या बढेको छ त्यही स्थितिले यहाँ पनि जनसंख्या बढिरहेको अवस्था देखिन्छ। जनसंख्या दोब्बर हुँदाको अवस्थामा जनतालाई गाँस, बास, शिक्षा र स्वास्थ्य सेवा साथै रोजगारीको व्यवस्था पनि दोब्बर गर्नुपर्ने देखिन्छ।